# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक "डा. राजेन्द्रप्रसाद विमल र उनका व्यक्तित्व तथा कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालयमा मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली शिक्षण विभाग रा.रा.ब क्याम्पस अन्तर्गत नेपाली एम.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि यो शोधपत्र लेखिएको छ ।

## १.३ बिषय परिचय

डा. राजेन्द्र प्रसाद विमल वि.सं. २००१ चैत्र १३ गते मा जनकपुर अञ्चल धनुषा जिल्लाको देवडीहा गा.वि.स. मा पर्ने खिरखिरिया टोलमा जन्मेका हुन् । उनले नेपाली र हिन्दी दुवै भाषामा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरी भारतको वनारस स्थित वनारस हिन्दु विश्वविद्यालयबाट भाषा विज्ञान विषयमा विद्यावारिधि प्राप्त गरेका छन् । हाल नेपाली विषयको प्राध्यापन पेसामा संलग्न रहेका विमलको साहित्य एवं दर्शन र चिन्तनमा पनि रुचि देखिन्छ । नेपाली र मैथिली दुवै भाषामा उत्तिकै कलम चलाउने विमलले मैथिली साहित्यको सम्वर्द्धन र विकासमा अग्रणी भूमिका पूरा गरेका छन् भने नेपाली साहित्यका फाँटमा पनि कवि, निबन्धकार, उपन्यासकार र कथाकारका रुपमा उनी परिचित छन् ।

राजेन्द्र प्रसाद विमलका नेपाली र मैथिली दुवै भाषाका प्रकाशित कृतिहरुको सूची देहायबमोजिम रहेको छ ।

**क) नेपाली भाषाका कृतिहरु**

१. 'रोएको जून' उपन्यास (२०२५)

२. 'खहरेको तिर्खा' उपन्यास (२०२५)

३. 'राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु' (२०६२) कथासङ्ग्रह, (वगर पत्रिकामा सङ्कलित) ।

४. समयको आँखा

५. मिथिलाको इतिहास, संस्कृति र कला - परम्परा (२०६२)

**ख) मैथिली भाषाका कृतिहरु**

१. 'वौवाक पोथी' (२०६३) वालसामग्री

२. 'यी हमरे कथा थिक' (२०६१) कथासङ्ग्रह

उपर्युक्त प्रकाशित कृतिहरु वाहेक विभिन्न पत्रपत्रिकाहरुमा विमलका फुटकर लेख-रचनाहरु छरिएर रहेका छन् ।

## १.४ समस्याकथन

नेपाली र मैथिली दुवै भाषाका विभिन्न साहित्यिक विद्याहरुमा कलम चलाउने साहित्यकार राजेन्द्रप्रसाद विमलका हालसम्म नेपाली भाषामा एउटा कथासङ्ग्रह, दुईवटा उपन्यास र मैथिली लोकसाहित्य र संस्कृतिसम्बन्धि अनुसन्धानात्मक कृति प्रकाशित छन् भने मैथिली भाषामा एउटा कथासङ्ग्रह र एउटा बालसामग्रीहरु भएको कृति प्रकाशित छन् । यी प्रकाशित कृतिहरु बाहेक विभिन्न पत्रपत्रिकाहरुमा उनका फुटकर रचनाहरु छरिएर रहेका छन् । साहित्यका कथा, उपन्यास, कविता, गीत र निबन्धजस्ता सिर्जनशीलविद्यामा संलग्न रहेका विमलले नेपाली साहित्यको श्रीबृद्धिमा थोरै भएपनि स्तरीय सृजनाद्वारा महत्वपूर्ण योगदान दिएका छन् । तीन दशकभन्दा लामो साहित्ययात्रा पार गरेका विमलका बारे फुटकर रुपमा सामान्य चर्चा भए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत, व्यवस्थित एवम् प्रामाणिक अध्ययन हुन नसक्नु नेपाली साहित्यका अध्येताहरुको समस्या हो । प्रस्तुत शोधशीर्षकसँग सम्बन्धित समस्याहरुलाई निम्नलिखित बुँदाहरुमा उल्लेख गरिएको छ :

क) राजेन्द्रप्रसाद विमलको जीवनीका पाटाहरु के-कस्ता रहेका छन् ?

ख) उनको व्यक्तित्व के-कस्तो छ ?

ग) उनका साहित्यिक कृतिहरु के-कस्ता रहेका छन् ?

घ) नेपाली साहित्यमा उनको योगदान के-कस्तो रहेको छ ?

## १.५ शोधको उद्देश्य

'डा. राजेन्द्रप्रसाद विमल र उनका कृतिको अध्ययन' शीर्षकमा केन्द्रित रही शोधपत्रको लेखनका क्रममा उठाइएका समस्याहरुको समाधान गर्नु नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ। यसका उद्देश्यहरुलाई निम्नलिखित बुँदाहरुमा उल्लेख गरिएको छ ।

क) राजेन्द्र विमलको जीवनीका विभिन्न पाटाहरुको अध्ययन गर्नु,

ख) उनको व्यक्तित्वको अध्ययन गर्नु,

ग) उनका प्रमुख कृतिहरुको अध्ययन र विश्लेषण गर्नु,

घ) उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको निरुपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

आजसम्म साहित्यकार राजेन्द्रप्रसाद विमलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पुस्तकाकार कृति लेखिएको छैन वा शोधकार्य भएको छैन । उनको कृतित्वको विस्तृत रुपमा विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्यनिर्धारण गरिएको पनि पाइँदैन । साहित्यकारहरुको परिचयात्मक पुस्तक र केही पत्रपत्रिकामा उनका बारेमा चर्चा भएको पाइन्छ । उनका बारेमा हालसम्म प्राप्त भएका समीक्षात्मक टिप्पणीहरुको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ ।

क) समालोचक घटराज भट्टराईले " ....... नेपाली, हिन्दी र मैथिली भाषामा उत्तिकै कलम चलाउने विमलको कवि, निबन्धकार र उपन्यासकारका रुपमा नेपाली भाषामा आफ्नै स्थान छ ।" भन्ने कुरा 'नेपाली साहित्यकार परिचय कोश' पुस्तकमा चर्चा गरेका छन् ।

यो परिचयात्मक अनुच्छेदमा राजेन्द्रप्रसाद विमलको कथाकार व्यक्तित्वका वारेमा केही पनि भनिएको छैन ।

ख) त्यसैगरी रामप्रसाद दाहालले साहित्यकारहरुको परिचय दिने क्रममा राजेन्द्रप्रसाद विमललाई सुन्दर कवि, कुशल निबन्धकार र यथार्थवादी उपन्यासकारका रुपमा चिनाएका छन् । साहित्यकारहरुकै परिचय दिने क्रममा लेखिएको दाहालको यस पुस्तकमा विमलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पूर्ण आधिकारिक सूचना छैन ।

ग) 'वगर' पत्रिकामा सङ्ग्रीहीत 'राजेन्द्रप्रसाद विमलका कथाहरु' (२०६०) कथासङ्ग्रहको परिचय दिने क्रममा प्रधान सम्पादक नकुल सिलवालले विमललाई बहुचर्चित कथाकारको संज्ञा दिँदै उनका कथाहरुको शिल्प र बनोट परम्परामा बेग्लै स्वाद र थप उचाइ पाइने कुरा बताएका छन् ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

बहुभाषिक, बहुमुखी प्रतिभासम्पन्न साहित्यकार राजेन्द्रप्रसाद विमलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन तथा विस्तृत अध्ययन हालसम्म कसैबाट पनि भएको पाइँदैन । यस शोधपत्रले सो अभावलाई पूर्ति गर्ने भएकाले यो स्वभाविक रुपमा औचित्यपूर्ण देखिन्छ । नेपाली र मैथिली दुवै भाषामा साहित्य सिर्जना गरी नेपालको साहित्य भण्डारलाई विस्तृत र समृद्ध तुल्याउन यिनले उल्लेखनीय योगदान पुऱ्याएका छन् । ओझेलमा परेका प्रतिभाहरुको बारेमा खोजअनुसन्धान गरिनु आवश्यक छ । यसले ती प्रतिभाहरुको योगदानका बारे सम्पूर्ण अध्येताहरुलाई जानकारी हुनका साथै उनीहरुका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरुलाई पनि मार्गनिर्देशन हुने देखिन्छ । तसर्थ नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कनसमेत गरिएकाले यस शोधकार्यको औचित्यलाई यस अध्ययनले स्वतः स्थापित गर्दछ ।

## १.८ अध्ययनको सीमाङ्कन

यस शोधपत्रमा डा. राजेन्द्रप्रसाद विमलको जीवनी, व्यक्तित्व र कृतित्व अन्तर्गतका निम्नलिखित कुराहरुको अध्ययन सीमा निर्धारण गरिएको छ :

क) राजेन्द्रप्रसाद विमलका जीवनका महत्वपूर्ण घटनाहरुको मात्र सङ्क्षिप्त अध्ययन र विश्लेषण गरिएको छ ।

ख) यसमा उनका व्यक्तित्वका विविध आयामहरुको सङ्क्षेपमा चर्चा गरिएको छ ।

ग) यसमा उनका प्रकाशित-अप्रकाशित कृतिहरुको नामोल्लेख गरिएको छ र नेपाली भाषामा प्रकाशित कृतिहरुको आवश्यकता हेरी अध्ययन र विश्लेषण गरिएको छ ।

घ) यसमा उनका वि.सं. २०६२ सालसम्म प्रकाशित रचनाहरु समावेश गरिएका छन् ।

## १.९ शोधविधि

क) सामग्री सङ्कलन

यस शोधपत्रको तयारीका लागि पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यस क्रममा शोधनायक, शोधनायकका परिवार, नातेदार र सम्पर्कमा आएका विद्वान् साथी एवम् सहकर्मीसँगको प्रत्यक्ष भेटघाट र अन्तर्वाताद्वारा आवश्यक सामग्रीहरु जुटाइएको छ । उनको विषयमा पत्रपत्रिकामा प्रकाशित सूचनात्मक अध्ययनहरु पनि सन्दर्भसामग्रीका रुपमा आएका छन् । त्यसैगरी कृतित्व पक्षका लागि विमलका साहित्यिक कृति र पत्रपत्रिकामा प्रकाशित फुटकर लेखरचनाहरुको अध्ययन गरिएको छ ।

ख) शोधविधि

यस शोधकार्यलाई व्यवस्थित र वस्तुगत रुपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामग्रीलाई परम्परित सैद्धान्तिक र व्यवहारिक समालोचनापद्धतिको उपयोगद्वारा विश्लेषण गरिएको छ । यसक्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक र प्रभावपरक पद्धति र कृति अध्ययनका लागि समीक्षात्मक, विवेचनात्मक र विश्लेषणात्मक दृष्टिकोण अवलम्बन गरिएको छ ।

### १.१० शोधपत्रको रुपरेखा

यस शोधपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि जम्मा पाँचवटा अध्यायमा विभाजन गरी निम्नलिखित शीर्षक राखिएको छ :

१) पहिलो परिच्छेद : शोधको परिचय

२) दोस्रो परिच्छेद : राजेन्द्रप्रसाद विमलको जीवनी

३) तेस्रो परिच्छेद : राजेन्द्रप्रसाद विमलको व्यक्तित्व

४) चौथो परिच्छेद : राजेन्द्रप्रसाद विमलको कृतिहरुको अध्ययन

५) पाँचौ परिच्छेद : उपसंहार

उपर्युक्त पाँचवटा अध्यायहरुलाई आवश्यकताअनुसार थपघट गरी विभिन्न शीर्षक उपशीर्षकहरुमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद


# डा. राजेन्द्रप्रसाद विमलको जीवनी

## २.१ जन्म र जन्मस्थान

राजेन्द्रप्रसाद विमलको जन्म वि.सं. २००४ चैत्र २५ गते एक सामान्य परिवारमा भएको हो । उनको जन्मस्थान जनकपुर अञ्चल, धनुषा जिल्ला, देवडिहा गाउँ विकास समितिको खिरखिरिया टोल हो । उनी बद्रिनारायण लाभ कर्णका नाति, कुशेस्वर लाभ कर्ण तथा सुशिलादेवीका जेठा सन्तान हुन् । उनको न्वारनको नाम भोलाप्रसाद कर्ण हो । आमाले राखेको बोलाउने नाम राजेन्द्रप्रसाद कर्ण हो । उनले साहित्य सिर्जनामा र अन्य ठाउँमा 'विमल' उपनाम प्रयोग गरेको देखिन्छ । यी विभिन्न नामहरुमध्ये हाल उनी 'विमल' उपनामले नै प्रसिद्ध छन् । आफ्नो 'कर्ण' थरको ठाउँमा विमल उपनाम राख्दा उनी समाजमा रहेको जातीय छुद्र धारणा र सङ्कीर्णताबाट मुक्त भएको महसुस गर्छन् ।

विमलको जन्मस्थल 'खिरखिरिया' गाउँ जनकपुरदेखि लगभग ४ माइल दक्षिणपूर्वमा अवस्थित छ । उनको पुर्ख्यौली थलोचाहिँ जनकपुर हो । उनका पुर्खाहरु कहाँबाट, कहिले र कसरी जनकपुर आए त्यसका बारेमा अहिलेसम्म आधिकारिक तथ्य फेला परेको छैन । लगभग एक सय बर्ष अगाडि जनकपुरको घरमा दिउँसै स्याल कराउन थालेपछि ज्योतिषीहरुले त्यसलाई अनिष्टको सङ्केत ठहऱ्याएकाले उनको परिवार खिरखिरिया गाउँमा बसाइँ सरेको जानकारी पाइन्छ । विभिन्न समस्याका कारण कर्ण परिवार पुनः जनकपुर फर्किन बाध्य भएको जानकारी शोधनायकबाट पाइन्छ । त्यस समयमा उनको उमेर केवल चार बर्षको मात्र थियो भन्ने जानकारी पनि उनको छ ।

विमलका पुर्खाहरु सय बर्ष अगाडि जनकपुरमा आएका हुन् । उनका पिता कुशेश्वरलाभ कर्ण बद्रीनारायणलाभ कर्णका पुत्र हुन् । उनको वंशसम्बन्धी लामो पुर्ख्यौली हाँगो पत्ता नलागे पनि जानकारीमा आएको कुरालाई निम्नलिखित आरेखमा देखाइन्छ -




## २.२ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एउटा महत्वपूर्ण पाटो हो । यस समयमा वालमस्तिष्कमापरेको छापले पछिसम्म अर्थात जीवनको अन्तिम क्षणसम्म पनि प्रभाव पार्दछ । राजेन्द्र प्रसाद विमलको वाल्यकाल धनुषाको डेवडिहा गाउँ विकास समिति अन्तर्गतपर्ने खिरखिरिया टोलर जनकपुरमा वितेको हो । खिरखिरियाको ग्रामिण परिवेशमा आफूलाई समाहित गराउदै उनले आफ्नो जीवनको प्रारम्भिक यात्रालाई अगाडि बढाएका हुन् ।

विमल आफ्ना माता पिताका जेठा सन्तान भएकाे उनले निक्कै माया पाएका थिए । परिवरका सदस्यहरुबाट पनि प्रशसस्त मायास्नेह पाएर हुर्केका हुन् । निम्न मध्ययम वर्गिय परिवारमा जन्मिएका विमल वाल्यकालदेखि नै आर्थिक अभाववाट गुज्रनुपरेके देखिन्छ । खिरखिरिया गाउँको बसाईको क्रममा पटक पटक घरमा आगो लाग्दा र हुरीले उडाउँदा उनको परिवारले ठुलो आर्थिक संकट बेहोर्नुपरेको थियो । आफ्नो परिवारको दयनीय अवस्था

र छिमेकीहरुको बेवास्ताले गर्दा उनको प्रारम्भिक बाल्यकाल कष्टपूर्ण रहेको पाइन्छ । पुर्ख्यौली थलो जनकपुरमा बसाइँ सरेपछि भने उनको बाल्यकाल सामान्य रह्यो । बालककालमा भोग्नुपरेका विभिन्न समस्याहरुले उनलाई संवेदनशील बनाएको र त्यो संवेदनशीलता पछिसम्म रहेको पाइन्छ । कुनै चरो वा भ्यागुतो मरेको देख्दा उनी घन्टौसम्म रुन्थे र उनी राती स्याल कराएको सुन्दा जाडो भएर रोएको होला भन्दै आमालाई लुगाफाटो लगिदिन आग्रह गर्दथे भन्ने जानकारी पाइन्छ । बाल्यकाल खेलकुद र रमाइला क्रियाकलापहरुमा भुलेर रमाउने अवस्था हो । विमलमा पनि यी कुराहरुमा तीब्र रुचि रहेको पाइन्छ । रामचन्द्र, सूर्यनारायण, कौशलकिशोर आदि मिलनसार साथीहरुसँग पौडी खेल्ने, रुख चढ्ने, लुकामारी खेल्ने, कपर्दी खेल्ने आदि रमाइला क्रियाकलापहरु गर्दै रमाउँदै उनको बाल्यकाल बितेको पाइन्छ ।

कर्ण परिवारमा जन्मेका विमलको बाल्यकालका प्रारम्भिक समय केही दुःखद रहेपनि खिरखिरिया गाउँ र जनकपुरको रमणीय वातावण, शिक्षित परिवारिकस्थिति र रमाईला साथी भाइको सङ्गत पाई उनको वाल्यकाल सामान्यतः सुखद नै रहेको देखिन्छ ।

### २.३ शिक्षादीक्षा

जनकपुर क्षेत्रका कर्ण वा कायस्थहरु शिक्षामा निकै अगाडि छन् । यस समुदायमा कृषि, व्यापार व्यवसायलाई भन्दा शिक्षालाई नै बढी महत्व दिइन्छ । राजेन्द्रप्रसाद विमलको परिवारमा पनि शिक्षाआर्जन गर्ने र त्यसैलाई जीविकोपार्जनको मुख्य आधार बनाउने कुरा संस्कार वा परम्पराकै रुपमा रहेको पाइन्छ । उनका बाबु र बाजेले पटबारीको जागिर खाएबाट यो कुरा प्रष्ट हुन्छ । त्यसताका उनका बाबु र बाजे जनकपुरको जानकी मन्दिरमा पटवारी पदमा रही काम गर्दथे । उनीहरुको काम मन्दिरमा सम्पत्तिको हिसाबकिताब राख्ने हुन्थ्यो । बाबु र बाजे शिक्षित भएको हुनाले उनको घरायसी वातावरण शिक्षित रहेको पाइन्छ । त्यसैले उनले आफ्नो प्रारम्भिक शिक्षा घरमै प्राप्त गरेको जानकारी पाइन्छ । उनमा धेरै पढेर ठूलो मान्छे बन्नु पर्ने धारणाको बीजारोपण उनकै मामाबाट भएको हो ।

उनलाई विद्यालय तहको पढाइमा अत्यन्तै मिहिनेत गरेर पढाउने कामचाहिँ उनका काका युगेश्वरलाभ कर्णले गरेको हुन् ।

वि.सं. २०१२ देखि विमलको औपचारिक शिक्षा आरम्भ भएको हो । उनी आठ बर्षको उमेरमा जनकपुरको सरस्वती माध्यमिक विद्यालयको पाँचौ कक्षामा भर्ना भएका हुन् । अत्यन्तै प्रखर धारणशक्ति भएका विद्यार्थी भए पनि उनले जाँचमा राम्रो अङ्क प्राप्त गर्नसकेनन् । त्यसको मुख्य कारण जाँचमा सोधिएका सबै प्रश्नहरुको उत्तर मुखले भन्नु पर्दा नरोकिई भन्न सक्नु तर उत्तरपुस्तिकामा लेख्नचाहिँ अल्छी मान्नु थियो । समान्य पढाइको बलमा उनी आठौ कक्षामा पुगे । कमजोर पढाइका कारण आठौ कक्षामा असफल हुँदा उनका मनमा चोट पऱ्यो । त्यसपछि उनी अध्ययनमा निकै गम्भीर हुनाले उनको पढाइ निकै राम्रो हुँदै गएको जानकारी पाइन्छ । उनले वि.सं. २०१९ मा सरस्वती माध्यमिक विद्यालयबाट द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् । उनले प्रवेशिका परीक्षा उत्तीर्ण गरेकै बर्ष जनकपुरमा रामस्वरुप रामसागर बहुमुखी क्याम्पस खुलेको र उनी उच्च शिक्षाका लागि त्यस क्याम्पसमा भर्ना भएको पनि जानकारी पाइन्छ । रामस्वरुप रामसागर बहुमुखी क्याम्पसबाट उनले वि.सं. २०२३ मा स्नातक तहको अध्ययन पूरा गरे । यसपछि उनको जागिरे जीवन सुरु हुन्छ । उनले जागिरसँगै आफ्नो अध्ययनलाई पनि निरन्तरता दिएको पाइन्छ । उनले वि.सं. २०२६ मा त्रिभुवन विश्वविद्यालयबाट हिन्दी भाषामा स्नातकोत्तर तह उत्तीर्ण गरे । यसपछि पनि उनमा औपचारिक अध्ययनप्रतिको मोह रहेको पाइन्छ । विराटनगरको महेन्द्र मोरङ क्याम्पसमा प्राध्यापनरत छँदा प्रा. बालकृष्ण पोखरेलबाट प्रेरित भई उनले वि.सं. २०३१ मा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा पनि स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् । त्यसैगरी उनले वि.सं. २०४२ मा बनारस हिन्दु विश्वविद्यालयबाट भाषाशास्त्रमा विद्यावरिधि गरेका छन् । उनले आफ्नो मातृभाषा मैथिलीमा पनि उच्च तहको औपचारिक अध्ययन गर्ने क्रममा स्नातकोत्तर तह प्रथम बर्ष उत्तीर्ण गरेको जानकारी पाइन्छ । तर दोस्रो बर्षको अध्ययन भने उनले कारणवश पूरा गर्न सकेनन् । आफ्नो कार्य क्षेत्र फरक भएपनि मातृभाषाको उन्नतिमा महत्वपूर्ण योगदान गरेवापत

उनलाई “मैथिली विश्वविद्यापीठ दरभङ्गाद्वारा” वि.सं. २०३४ मा “मानार्थ विद्यावारिधि” प्रदान गरिएको छ ।

विमलको सम्पूर्ण शैक्षिक योग्यतालाई हेर्दा अध्ययनमा उनको तीब्र रुचि र लगनशीलता रहेको कुरा प्रष्ट हुन्छ । ज्ञानआर्जनको त्यही अतृप्त भोककै कारण उनी आफ्नो ज्ञानको सीमालाई व्यापक र विस्तृत तुल्याउन सफल भएका हुन् ।

## २.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति

### २.४.१ विवाह र सन्तान

राजेन्द्रप्रसाद विमलको विवाह २०२५ सालमा विहारको हरदिया गाउँकी वीणादेवीसँग परम्परागत ढङ्गले भएको हे । उनकी श्रीमती समभ्रूदार र घरव्यवहार चलाउन सक्षम भएकाले उनको दाम्पत्य जीवन सुखद् रहेको जानकारी पाइन्छ ।

हाल विमलका एक छोरी र दुई छोरा छन् । छोरी आभा अनुपमा हुन् भने दुई छोरा क्रमशः आभासलाभ कर्ण र विभासलाभ कर्ण हुन् । यसप्रकार विमलको परिवार आदर्श किसिमको देखिन्छ । उनकी छोरीको विवाह केही बर्षअघि सम्पन्न भएको पाइन्छ । दुई छोरामध्ये जेठा आभासलाभ कर्ण दन्तचिकित्सक हुन् र उनको विवाह श्रीमती उपमालाभसँग भएको हो । उनी मैथिली भाषाका चर्चित गायक पनि हुन् । उनका कान्छा छोरा विभासलाभ चीनमा एम.बी.बी.एस. अध्ययनरत छन् । अहिले उनका परिवारमा आफू, श्रीमती, दुईछोरा, एक बुहारी र नाति अक्षतकुमार गरी जम्मा सात सदस्य छन् । हाल उनी सुखसन्तोषका साथ परिवारिक जीवन बिताइरहेका छन् ।

### २.४.२ पारिवारिक र आर्थिक अवस्था

आर्थिक दृष्टिकोणले हेर्दा निम्नमध्यमवर्गीय परिवारमा जन्मिएका विमलको प्रमुख पेसा जागिर नै हो । परिवार चलाउनका लागि उनका बाजे र बाबुले पनि पटवारी पेसा अँगालेको जानकारी पाइन्छ । त्यसताका तराईमा एउटै व्यक्तिको सयौ विघा जग्गा हुने र

जग्गाधनीले आफ्नो सम्पत्तिको व्यवस्थापनका लागि पटवारी राख्ने चलन पाइन्छ । उनका बाजे र बाबुले चाहिँ जनकपुरको जानकी मन्दिरमा पटवारीको जागिर खाएको जानकारी छ ।

विमलका हजुरबाले आफ्नो समयमा पटवारीकै जागिर खाएर पनि निकै सम्पत्ति जोडेको जानकारी पाइन्छ । तर पूजा-पाठ, विवाह, ब्रतवन्ध, यज्ञ आदि कार्यमा आफ्नो हैसियत भन्दा बढी खर्च गर्ने स्वभावका कारण उनको परिवारको आर्थिक अवस्था सुध्रिन सकेन । वि.सं. २०१९ मा हजुरबाको मृत्युपश्चात् विमलको परिवारले थप आर्थिक संङ्कट भ्केल्नुपरेको जानकारी पनि पाइन्छ । आफ्नो परिवारको कमजोर आर्थिक अवस्थाकै कारण स्नातक तह उत्तीर्ण गर्ने बित्तिकै उनले जागिर खान सुरु गरेको देखिन्छ । वि.सं. २०२५ मा त्रि.वि. बुलेटिन पत्रिकाको सम्पादक भई जागिरे जीवन सुरु गरेका विमल पछि प्राध्यापन पेसातर्फ लागेको देखिन्छ । हाल जनकपुरको देवीचोकस्थित आफ्नै एकतले पक्की घरमा बस्दै आएका विमलको आजीविकाको मुख्य स्रोत प्राध्यापन पेसा नै हो । अहिले उनको आर्थिक अवस्था मध्यम स्तरको छ र जीवन सुखैसँग चलेको देखिन्छ ।

### २.४.३ जागिरे जीवन

राजेन्द्रप्रसाद विमलले आफ्नो जीविकोपार्जनका लागि जागिरलाई नै मुख्य पेसाको रुपमा अँगालेको पाइन्छ । उनका समयमा पढेलेखेका मानिसले सजिलै जागिर पाउने भएकाले उनले आफ्नो रुचिअनुसार विभिन्न किसिमका जागिर गरेको जानकारी पाइन्छ । जागिरका क्रममा उनले सर्वप्रथम वि.सं. २०२५ मा त्रि.वि. बुलेटिन पत्रिकाको सम्पादक भई एक बर्षसम्म काम गरेको जानकारी पाइन्छ । विभिन्न घरायसी कारणले गर्दा उनले यो जागिर २०२६ मा छोडेको र धनुषा जिल्लाको खजुरी माध्यमिक विद्यालयमा प्रधानाध्यापक पदमा नियुक्त भई कार्य गरेको पाइन्छ । त्यहाँ उनले तीन बर्षसम्म काम गरेका हुन् । उनले जागिरसँगै पढाइलाई पनि चालु राखेकाले वि.सं. २०२६ मा त्रिभुवन विश्वविद्यालयबाट हिन्दी विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको पाइन्छ । वि.सं. २०२९ मा उनी पद्मकन्या क्याम्पसमा सहायक प्राध्यापकमा नियुक्त भई एक बर्षसम्म कार्यरत रहेको पाइन्छ ।

जागिरकै क्रममा वि.सं. २०३० मा विराटनगरको महेन्द्रमोरङ क्याम्पसमा सहायक प्राध्यापककै रुपमा उनको सरुवा भयो । त्यही वि.सं. २०३२ मा उनको जागिर स्थायी भएको जानकारी पाइन्छ । त्यसपछि उनी वि.सं. २०३४ मा सरुवा भई जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा आएको पाइन्छ । त्यसबेलासम्ममा उनले नेपाली विषयमा पनि त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरिसकेका हुनाले नेपाली विषय पढाउन थालेको जानकारी पनि पाइन्छ ।

यसप्रकार विमलको जागिरे यात्रा पत्रिकाको सम्पादनबाट आरम्भ भई शिक्षणसम्म पुगेर स्थिर भएको देखिन्छ र अहिले पनि उनी जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा नेपाली विषय प्राध्यापनरत छन् ।

तीन दशकभन्दा लामो समयसम्म प्राध्यापक पेसामा संलग्न रहेका विमलको त्रिभुवन विश्वविद्यालय सेवासम्बन्धी विवरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ जसबाट उनको जागिरे जीवन बारे अझ प्रष्ट हुन्छ ।

| पद | विषय | सेवासमय |
|---|---|---|
| सहायक प्राध्यापक | हिन्दी | २०२८/०३/०१-२०३१/१२/११ (अस्थायी पद्मकन्या क्याम्पस) |
| उपप्राध्यापक | हिन्दी | २०३१/१२/१२ - २०३४/०३/३० (स्थायी महेन्द्रमोरङ क्याम्पस, विराटनगर) |
| उपप्राध्यापक | नेपाली | २०३४/०३/३१-२०४७/०४/३१ (स्थायी, रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुर) |
| सहप्राध्यापक | नेपाली | २०४७/०५/०१ - हालसम्म (स्थायी, रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुर) |
| सेवानिवृत | त्रि.वि.वि. | सन् २०१० जनवरी |

## २.५ सामाजिक, साँस्कृतिक कर्यहरुमा सम्बद्धता

साहित्यकार राजेन्द्रप्रसाद विमल सिर्जनात्मक कार्य र प्राध्यापनका साथै सामाजिक, सांस्कृतिक कार्यमा पनि सक्रिय रुपमा लागेको देखिन्छ । उनले हालसम्म विविध संघसंस्थाहरुमा कार्य गरेको जानकारी पाइन्छ । विभिन्न समयमा उनको संलग्नता रहेका संघसंस्थाहरुलाई कालक्रमका आधारमा यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

१) जनकपुर साहित्य परिषद्को अध्यक्ष, (२०४०)

२) अखिल भारतीय ऐतिहासिक एवं तुलनात्मक भाषाविज्ञान समिति, सदस्य, (२०४३)

३) गो-संरक्षण मञ्च, जनकपुरको अध्यक्ष, (२०५९)

४) इस्लामिक कल्चरल रिसर्च सेन्टरका अध्यक्ष, (२०६०)

५) मिथिला संस्कृति केन्द्र, जनकपुरको संस्थापक सचिव, (२०६७)

६) राजर्षिजनक चिन्तन केन्द्र जनकपुरको महासचिव, (२०६१)

७) धनुषा विकास पथ र गैरसरकारी संघसंस्था समन्वय समितिको सक्रिय सल्लाहकार, ( २०६१)

८) नेत्रज्योति संघ, नेपालको अध्यक्ष, (२०६२)

९) मैथिली विकास कोष जनकपुरको अध्यक्ष, (२०६२)

१०) मिथिला प्रज्ञाप्रतिष्ठान नेपालको अध्यक्ष, (२०६२)

उपर्युक्त सामाजिक तथा सांस्कृतिक, संघसंस्थाहरुमा विभिन्न महत्वपूर्ण पदमा रही विमलले जिम्मेवारपूर्ण भूमिका पूरा गरेको पाइन्छ ।

### २.६ भ्रमण

राजेन्द्रप्रसाद विमल भ्रमणप्रिय व्यक्ति हुन् । उनले सानै छँदा हजुरबा र बासँग हिँडेर विभिन्न ठाउँ हेर्ने र बुझ्ने अवसर पाएका थिए । उनी आफूले देखे-भोगेका घटनाहरुकै आधारमा साहित्य सिर्जना गर्ने व्यक्तित्व भएकाले उनमा विभिन्न परिवेश, संस्कार, संस्कृति र जनजीवनबारे थाहा पाउने र अध्ययन गर्ने चाहना बढ्दै गएको देखिन्छ । उनले नेपाल र भारतका धेरै ठाउँहरुको भ्रमण गरेका छन् ।

उनको भ्रमणको क्षेत्र विविध ठाउँका प्राकृतिक वातावरण, प्राचीन कलाकृति निम्नवर्गीय बस्ती, नागरीय गरिब बस्तीहरु, पुस्तकालयहरु आदि रहेको देखिन्छ । उनका साहित्यिक लेख-रचनाहरुले विविधखाले जनजीवन र सामाजिक साँस्कृतिक परिवेश प्रस्तुत गरेबाट पनि उनी धेरै ठाउँ डुलेको कुरा प्रष्ट हुन आउँछ । उनले विद्यावारिधिको अध्ययनका सिलसिलामा होस् वा कामविशेषले भारतका विभिन्न सहरहरु दिल्ली, बम्बई, सिमला, लखनउ, बनारस, पटना, कोलकत्ता आदिको भ्रमण गरेका छन् । त्यसैगरी उनले नेपालका विभिन्न ठाउँहरु पोखरा, काठमाडौं, नेपालगञ्ज, भैरहवा, बीरगञ्ज, बिराटनगर र कयौं वस्तीहरुको भ्रमण गरेका छन् ।

यसरी बाल्यकालदेखि नै भ्रमण गर्ने अवसर पाएका विमलले धेरै ठाउँहरुका वस्तुस्थितिको अध्ययन गरेको देखिन्छ । भ्रमण गर्नु उनका लागि एक प्रकारको शोख पनि हो ।

## २.७ रुचि तथा स्वभाव

### २.७.१ रुचि

हरेक व्यक्तिका रुचिहरु आ-आफ्नै प्रकारका हुन्छन् । एक व्यक्तिको रुचि अर्को व्यक्तिको रुचिसँग मेल नखान पनि सक्छ । राजेन्द्रप्रसाद विमल अरु कुरामा भन्दा अध्ययन, अध्यापन र लेखनमा नै बढी प्रसन्न रहन्छन् । साहित्य, दर्शन, संस्कृति र भाषाजस्ता विभिन्न विषयको अध्ययनमा उनको तीब्र रुचि देखिन्छ । अध्ययन, अध्यापन र लेखनले प्राध्यापन पेसासँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले पनि यी कार्य रुचिपूर्ण हुनु स्वभाविकै हो । यसबाहेक अनुसन्धानात्मक कार्यमा पनि उनको रुचि देखिन्छ ।

सधैं सामान्य पोसाक पहिरिन मनपराउने विमल खानपिनमा पनि सारै नै सजिला छन् । उनी भोकलाई शान्त पार्ने जुनसुकै खाना पनि मनपराउँछन् । खेलकूदमा उनी आफूले बाल्यकालमा रुचिपूर्वक खेल्ने गरेका खेलहरु पौडी, फुटबल, कपर्दी आदि मनपराउँछन् । साहित्य विद्याहरुमा उनलाई आख्यान र गजल प्रिय लाग्छन् । गीतसङ्गीततर्फ पनि उनको

रुचि रहेको पाइन्छ । उनी स्वयं पनि मैथिली भाषाका चर्चित गीतकार हुन् । उनलाई पीडा र वेदनले भरिएका हृदय छुन सक्ने सामर्थ्य भएका गीतहरु बढी मन पर्छन् ।

### २.७.२ स्वभाव

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ, उसको स्वभाव र बानी व्यहोरा पनि सोही अनुरुपकै हुन्छ । यो कुरा राजेन्द्रप्रसाद विमलमा पनि लागु हुन्छ । उनको स्वभाव सरल, शान्त र मधुर छ । उनी सबै वर्ग तथा उमेरका मानिसलाई उचित व्यवहार गर्दछन् । हाँसेर सम्बोधन गर्ने र प्रसन्न मुद्रामा कुराकानी गर्ने उनको बानी छ ।

विमल धूम्रपान र मद्यपानबाट सधै टाढा रहन चाहन्छन् । उनी राती जतिबजे सुते पनि बिहान सामान्यतया ५-६ बजे उठ्छन् । बिहानको खाना नखाउन्जेलसम्मको समय उनी लेखपढ गरेर बिताउँछ । त्यसैगरी दिउँसो ३-५ बजेसम्मको समय पनि उनी अध्ययनमा खर्च गर्छन् । उनी विदा वा फुर्सदका दिनहरु आफूलाई मनपर्ने साहित्यिक कृति पढेर बिताउँछन् । उनका बाल्यकालदेखिका मित्र रामचन्द्रका अनुसार “राजेन्द्रप्रसाद मिलनसार, सहयोगी अध्ययनशील व्यक्ति” हुन् । उनकी आमाका अनुसार “उनी सन्तोषी र आज्ञाकारी छन् । जुनसुकै बेला पनि पुस्तक पढिरहने उनको बानी छ” । त्यसैगरी उनका भाइ सुरेन्द्रलाभ कर्णका अनुसार “उनी वर्तमान समय र व्यक्तिलाई बढी महत्व दिने संवेदनशील स्वभाव भएका व्यक्ति हुन्” ।

## २.८ सम्मान र पुरस्कार

प्राध्यापन, साहित्यसिर्जना, अनुसन्धान र विभिन्न संघसंस्थाहरुसँग आवद्ध रही सक्रिय जीवन बिताउँदै आएका विमललाई विभिन्न समयमा विभिन्न सम्मान तथा पुरस्कारहरुद्वारा विभुषित गरिएको छ । यहाँ हलसम्म उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरुलाई कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

- श्री ५ को सरकार शिक्षा, संस्कृति तथा खेलकुद मन्त्रालयले भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा निरन्तर रुपमा गर्दै आएको सेवा र योगदानको मूल्याङ्कन गरी उनलाई 'राष्ट्रिय प्रतिभा पुरस्कार' २०५२ द्वारा सम्मानित गरेको छ ।
- जानकी कलापरिषद् जनकपुरले वि.सं. २०५५ मा 'प्रतिभा पुरस्कार' द्वारा सम्मानित गरेको छ ।
- वैद्यनाथ सियादेवी पुरस्कार समिति, काठमाण्डूले मैथिली भाषा, साहित्यको संरक्षण, सम्बर्द्धनमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरी उनलाई २०५५ सालको 'बैद्यनाथ सियादेवी पुरस्कार' द्वारा सम्मानित गरेको छ ।
- विद्यापति सेवा संस्थान, दरभङ्गा (भारत) ले मैथिली साहित्यमा गरेको योगदानको मूल्याङ्कन गर्दै सन् २००३ मा 'मिथिला विभूति' पुरस्कारद्वारा सम्मानित गरेको छ ।
- त्यसैगरी उनले 'राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु' कथासङ्ग्रहमा बगर फाउन्डेसन नेपालद्वारा दिइने गरेको २०६१ सालको 'गोपालप्रसाद रिमाल पुरस्कार' द्वारा पुरस्कृत हुने अवसर पाएका छन् ।
- जगदम्बा श्री पुरस्कार - मदन पुरस्कार गुठी
- कला श्री पुरस्कार - काठमाडौं
- नेपाल विद्यापती पुरस्कार - विद्यापती पुरस्कारकोष
- राष्ट्रिय प्रतिभा पुरस्कार - नेपाल सरकार

त्यसैगरी उनलाई स्थानीयस्तरमा थुप्रै संघसंस्थाहरुबाट सम्मानपत्र तथा प्रशंसापत्र प्रदान गरिएको छ ।

## २.९ लेखन

### २.९.१ लेखनका लागि प्रेरणा र प्रभाव

समाजमा हुने विभिन्न घटनाले व्यक्तिलाई प्रभाव पार्दछ । यस्ता घटनामध्ये कतिपय गौण हुन्छन् र तिनको प्रभाव त्यतिसारो व्यक्तिमा नपर्न पनि सक्छ । कतिपय घटना यस्ता हुन्छन्

जसले मानिसको जीवनमा नौलो मोड ल्याइदिन्छ । मानिसको समुचित व्यक्तित्व निर्माणमा यस्ता अनेकौ घटनाको प्रभाव पर्ने गर्दछ । समाजका अरु व्यक्तित्वबाट पनि उसले प्रेरणा र प्रभाव ग्रहण गर्दछ । विश्वका कैयौ सफल व्यक्तिहरुको जीवनी अध्ययन गर्ने हो भने पनि यो कुरा सिद्ध हुन्छ । राजेन्द्रप्रसाद विमल पनि यस्ता प्रेरणा र प्रभावबाट अछुतो रहेनन् । शिक्षित परिवारमा जन्म भएपनि साहित्यिक व्यक्तित्व उनी मात्र भएकाले उनमा आफ्नो परिवारका सदस्यबाट साहित्यिक प्रेरणा र प्रभाव परेको देखि दैन । यद्यपि गाउँमा जन्मेर जनकपुर सहरको धार्मिक वातावरणमा हुर्केका विमलको साहित्यिक लेखनमा सामाजिक, परिवारिक पृष्ठमूमिलाई आन्तरिक प्रेरणा मान्न सकिन्छ ।

हजुरबाका समयमा सवल रहेको आर्थिक अवस्था पछि कमजोर बन्दै गएपछि विमलको परिवारले जटिल समस्याको सामना गर्नुपरेको जानकारी पाइन्छ । आर्थिक अभावका कारण भोग्नुपरेका विभिन्न पीडाहरुले उनको बालमस्तिष्कलाई निकै संवेदनशील बनाएको पाइन्छ । अझ आफूलाई असाध्यै माया गर्ने हजुरबाको निधनबाट उनी थप मर्माहत बने । यी सबै कुराहरुले उनलाई सानै उमेरदेखि लेखन कार्यतर्फ प्रेरित गरेको देखिन्छ ।

विमलले सर्वप्रथम आफ्नै गुरुबाट लेखनका लागि प्रेरणा प्राप्त गरेका हुन् । उनी पाँचौ कक्षामा पढ्दा विन्देश्वरप्रसाद नाम गरेका शिक्षक सधै पढाउन आउँथे र उनी प्रत्येक दिन विद्यार्थीहरुलाई राम्रा र लयात्मक कविता सुनाउँथे । उनी स्वयं पनि कविता लेख्थे । यसबाट विमल अत्यन्तै प्रभावित भए र उनलाई पनि कविता लेख्ने जाँगर चल्यो । एकपटक उनले आफ्ना कविताप्रेमी गुरुलाई “राम्रा कविता कसरी लेख्न सकिन्छ ?” भन्ने प्रश्न सोधेका थिए । “प्रकृतिको सुन्दर रुपको अवलोकनबाट कविता फुर्न सक्छ” भन्ने जवाफ पाएर बिहानको उदाउँदै गरेको सूर्यलाई हेर्दै उनले एक पङ्क्ति कविता रचना गरेका थिए । त्यस कविताको अर्को पङ्क्ति गुरुले नै पूरा गरिदिएपछि कविताको स्वरुप यस्तो बनेको थियो -

प्रातः समय देखा रवि गोला
जैसा रामचन्द्र वैसा भोला ।

सामान्य अर्थ बोकेको यो दुई हरफे कविता नै उनको जीवनको पहिलो रचना हो ।

विमल सानै छँदा छिमेकीको एउटा धनी परिवारको केटासित उनको मित्रता थियो र उनीहरु प्रायः सँगै खेल्ने गर्दथे । साथीको आमा उनलाई पटक्कै मनपराउँदिनथिन् । उनी बदमासीका मिथ्या आरोपहरु लगाउँदै उनलाई गाली र पिटाइ खुवाउँथिन् । त्यसैगरी विद्यालयमा पढाइ छोडेर साथीहरुसित खेलवाडमा भुल्दा र घरका मानिसहरुले अराएका कामहरु विर्सदा उनी दण्डित हुन्थे । यी घटनाहरुबाट उनमा मनोवैज्ञानिक असर पर्न गयो जसले उनको साहित्यिक लेखनलाई पनि प्रभावित तुल्याएको देखिन्छ । उनले सानै उमेरमा लेखेको अर्को एउटा कविताबाट पनि यो कुरा प्रष्ट हुन्छ-

अब दुःख सहा नही जाता विधाता  
घरमे जो आता पिटाइ मै खाता  
स्कुलमे जाकर पिटाता विधाता  
अब दुःख सहा नही जाता विधाता  
छथि जीवछबाबू गुरु हमर !  
पहिरथि निशिदिन ओ चस्मा छथि,  
खाधी कुर्ता, खाधी धोती  
लए हाथ सदती मोटका डंडा  
काँखे राखथि मोटकी पोथी  
सबगुण सम्पन्न, खोखियाहा मगर,  
छथि जीवछ बाबू, गुरु हमर !  
जोडी हम जहिया नहि हिसाब,  
मारै छथि ओ डस्टर डस्टर  
पेन्टमे मुतिमुति भरैछी हम,  
देखिते घुसिआइछी बेन्चतर

सकदम्म होइछ सउस किलास,

जखने पयरक हो खटर खटर !

छथि जीवछ बाबु गुरु हमर ।

................. ................

यस कवितामा घरमा र विद्यालयमा पनि दण्डित हुँदाखेरिको पीडामय भाव अभिव्यक्त भएको पाइन्छ ।

राजेन्द्रप्रसाद विमल विभिन्न ठाउँहरुको भ्रमण गर्ने क्रममा आफूले देखेका र भोगेका परिस्थितिबाट संवेदशील हुन्छन् । तिनै देखाइ र भोगाइलाई उनी आफ्ना लेखनमा व्यक्त गर्छन् । यसरी यात्राका क्रममा अनुभव गरिएका भोगाइहरुले पनि उनको साहित्य सिर्जनाको प्रेरक तत्वका रुपमा काम गरेको देखिन्छ । विमलको साहित्यलेखन विभिन्न साहित्यकारहरु र साहित्यिक कृतिहरुबाट पनि प्रभावित भएको पाइन्छ । उनी लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, गुरुप्रसाद मैनाली, रमेश विकल, विद्यापति, प्रेमचन्द्र, शरदचन्द्र चट्टोपाध्याय, चेखब, डि.एच. लरेन्स आदि विभिन्न भाषाका प्रसिद्ध साहित्यकारहरुबाट विशेष रुपमा प्रभावित छन् । यी लेखकहरुमध्ये पनि गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाको प्रभाव उनका कथामा बढी पाइन्छ ।

यसरी राजेन्द्रप्रसाद विमल साहित्यसिर्जनातर्फ उन्मुख हुनाका पछाडि विभिन्न साहित्यकारको प्रेरणा र प्रभाव रहेको पाइन्छ । यसका अतिरिक्त विभिन्न ठाउँको भ्रमण, सामाजिक साँस्कृतिक वातावरण, परिवारिक पृष्ठभूमि, आफूले देखेका र भोगेका परिस्थिति आदिबाट पनि उनी प्रेरित र प्रभावित देखिन्छन् ।

### २.९.२ लेखनको आरम्भ र प्रकाशनको थालनी

राजेन्द्रप्रसाद विमलको बाल्यकालदेखि नै साहित्यतर्फ रुचि रहेको जानकारी पाइन्छ । साहित्यमा पनि आख्यान, कविता र गजल विद्या उनलाई बढी प्रिय लाग्छन् । आरम्भमा

उनी कविताबाटै साहित्यिक लेखनमा प्रवेश गरेका हुन् । कविताप्रतिको अत्यधिक मोहका कारण नै उनले आठ बर्षको उमेरमा आफ्ना गुरु विन्देश्वरप्रसादको प्रेरणा र सहयोगबाट दुई हरफ कविता रचना गरेको पाइन्छ ।

प्रातः समय देखा रवि गोला
जैसा रामचन्द्र वैसा भोला ।

यो कविता नै उनको जीवनको प्रथम रचना हो । त्यसैगरी दश बर्षको छँदा उनले रचना गरेको अर्को कविता पनि उपलब्ध छ ।

जस्तै, अब दुःख सहा नही जाता विधाता
घरमे जो आता पिटाई मै खाता
स्कुलमे जाकर पिटाता विधाता
अब दुःख सहा नही जाता विधाता

यसरी राजेन्द्रप्रसाद विमल सानै उमेरदेखि लेखनकार्यमा लागे पनि उनले निकै पछि मात्र आफ्ना रचनाहरु प्रकाशन गरेको पाइन्छ । सुरुमा उनलाई आफ्ना रचनाहरु न्यून प्रभावपरक र स्तरहीन लाग्दथे जसले गर्दा तिनलाई प्रकाशन गर्न रुचाएनन् । प्रकाशनका हिसाबले उनको पहिलो प्रकाशित रचना 'उडुस' बालकथा हो । यो कथा पटनाबाट प्रकाशित हुने 'आर्यावर्त' पत्रिकामा प्रकाशित भएको हो । नेपाली भाषामा भने उनको पहिलो प्रकाशित कथा 'दुलो' हो । त्यसैगरी कवितामा 'यी आफन्तहरु' (जनक, २०२३) र उपन्यासमा 'रोएको जून' उनका प्रथम प्रकाशित रचनाहरु हुन् । यसपछि नै उनी सार्वजनिक रुपमा लेखन क्षेत्रमा देखापरेका हुन् ।

### २.९.३ लेखन कार्य र प्रकाशित पुस्तकाकार कृतिहरु

आफूले देखे भोगेका र अनुभव गरेका विविध जनजीवनको यथार्थता प्रस्तुत गर्ने र सामाजिक परिस्थितिको उद्‌घाटन गर्ने विमलले नेपाली र मैथिली साहित्यका आख्यान, गजल, गीत, कविता, निबन्ध, लेख, समालोचना आदि विभिन्न विद्यामा कलम चलाएका छन् । पत्र-पत्रिकामा छरिएररहेका अनेकौ फुटकर रचनाहरुका अतिरिक्त उनका नेपाली भाषामा पाँचवटा र मैथिली भाषामा दुईवटा गरी जम्मा सातवटा पुस्तकाकार कृतिहरु प्रकाशित भइसकेका छन् । ती प्रकाशित कृतिहरुको सूची कालक्रमका आधारमा तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | प्रकाशित कृति | विद्या | प्रकाशन संस्था | प्रकाशन समय |
|---|---|---|---|---|
| १ | रोएको जून | उपन्यास | अम्बिका प्रेस, जनकपुर | २०२५ |
| २ | खहरेको तिर्खा | उपन्यास | अम्बिका प्रेस, जनकपुर | २०२५ |
| ३ | वौवाक पोथी | बालसामग्री | जानकी पुस्तक भण्डार, जनकपुर | २०३६ |
| ४ | फिस्टी रानी | बालकथा | हिमालयबुक स्टल, काठमाडौं | २०६० |
| ५ | ई हमरे कथा थिक | कथा | आकृति प्रकाशन, जनकपुर | २०६१ |
| ६ | राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु | कथा | बगर फाउन्डेसन काठमाडौं, नेपाल | २०६२ |
| ७ | मिथिलाको इतिहास, संस्कृति र कला परम्परा | अनुसन्धान | हिमालय बुक स्टल, काठमाडौं | २०६२ |
| ८ | गद्य, पद्य र नाटक | समालोचना | मजदुर पुस्तक भवन, जनकपुर | २०३८ |
| ९ | जय श्री जानकी जनकपुर धाम | अनुसन्धान | मजदुर पुस्तक भवन, जनकपुर | २०४० |
| १० | नेपाल परिचय | पाठ्यपुस्तक | मजदुर पुस्तक भवन, | २०४० |

| | | | | |
|---|---|---|---|---|
| | | | जनकपुर | |
| ११ | नव नेपाल परिचय | पाठ्यपुस्तक | मजदुर पुस्तक भवन, जनकपुर | २०४६ |
| १२ | नव जीवन | अनुसन्धान | मजदुर पुस्तक भवन, जनकपुर | २०४७ |
| १३ | सभ्य आँखा | कथा | सांग्रीला बुक काठमाण्डौ. | |
| १४ | मिथिला गौरव | अप्रकाशित | संस्कृति विभाग सँस्कृत विश्वविद्यालय | |
| १५ | जलाद जलाधार क्षेत्रको इतिहास | अनुसन्धान | केयर नेपाल | |
| १६ | उमस | अनुवाद | | |
| १७ | इतिहासक घाऊँ | कथा | मैथिली विकासकोष | |
| १८ | सूर्यास्त स पहिले | गजल संग्रह | | |
| १९ | नौटंकी चलरहल अछि | | | |
| २० | व्याकरण सम्बन्धि श्रृङ्खला | | आसमन नेपाल | |
| २१ | डिक्सनरी (नेपाली, अंग्रेजी, मैथली) | | | |
| २२ | नेपाल उर्फ लठा परकी डायरी | अनुवाद | शराबे प्रकाशन नयाँ दिल्ली | |

### २.९.४ अप्रकाशित कृतिहरु

राजेन्द्रप्रसाद विमलका पुस्तकाकार कृतिहरु वि.सं. २०२५ देखि नै प्रकाशित हुन थाले पनि वि.सं. २०३६ पछि निकै लामो विश्राम देखा पर्छ । वि.सं. २०६० देखि पुन: उनका कृतिहरु प्रकाशित हुन थालेको देखिन्छ । बीचमा दुई दशक भन्दा लामो समयमा पनि उनले थुप्रै कृतिहरु लेखे तर ती कृतिहरु प्रकाशित हुन बाँकी छन् । यहाँ उनका अप्रकाशित कृतिहरुको सूची प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कृति | विधा |
|---|---|---|
| १ | आधार र कोण | निबन्ध सङ्ग्रह |
| २ | शब्दपुष्प | कविता सङ्ग्रह |
| ३ | चाँद आहाँ उदास छी | उपन्यास |
| ४ | उर्वशी | खण्डकाव्य (मैथिलीमा अनुवाद) |
| ५ | मानव | महाकाव्य (मैथिलीमा अनुवाद) |
| ६ | उपन्यास, जीवनी, कथाहरुको संग्रह | |
| ७ | भक्ति गीत संग्रह | |
| ८ | कविता संग्रह | |

माथि उल्लेख गरिएका प्रकाशित र प्रकाशोन्मुख कृतिहरुबाहेक उनका थुप्रै कथा, निबन्ध, लेख, कविता आदि रचनाहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका देखिन्छन् ।

# तेस्रो परिच्छेद

# राजेद्रप्रसाद विमलको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व मानिसको पहिचान हो । कुनै व्यक्तिको व्यक्तित्व नै उसको विशेषताको परिचायक हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण र संस्कारका साथै समवयस्क साथीहरुको सङ्गतले उल्लेखनीय भूमिका खेलेको हुन्छ । उसमा भएको सिर्जनशील प्रतिभा, चिन्तन तथा उच्च महत्वाकाङ्क्षाले पनि प्रभाव पारेको हुन्छ । राजेन्द्रप्रसाद विमलको व्यक्तित्व विकासमा एकातिर उनको पारिवारिक वातावरणले सघाएको पाइन्छ भने अर्कातिर कुशल गुरु तथा साथीहरुको सुसङ्गतले प्रभाव पारेको देखिन्छ ।

व्यक्तिमा सामान्यतया बाह्य र आन्तरिक गरी दुई प्रकारका व्यक्तित्व हुन्छन् । बाह्य व्यक्तित्व शारीरिक बनोट, रुपरङ्ग, पहिरन आदिसँग सम्बन्धित हुन्छ भने व्यक्तिमा आन्तरिक रुपमा रहेका स्वभाव, बौद्धिकता, सिर्जनशीलता आदि गुणलाई आन्तरिक व्यक्तित्वका रुपमा लिइन्छ । विमलका बाह्य र आन्तरिक व्यक्तित्वका बारेमा यहाँ क्रमशः चर्चा गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

विमलको बाह्य व्यक्तित्वलाई हेर्दा उनी मझौला कदका देखिन्छन् । घरमा बस्दा सुरुवाल र कमीज जस्ता सादा पोसाक रुचाउने र बाहिर हिंड्दा सर्ट, पेन्ट र ढाका टोपीमा हिँड्ने विमलको शरीर मोटोघाटो र खाइलाग्दो छ । प्रायः गम्भीर मुद्रामा रहने र भावनाको गहिराइमा डुबेजस्ता देखिने उनी बिचारमा चनाखा एवं परिपक्क व्यवहार भएका, निडर, विवेकशील र सचेत व्यक्तिका रुपमा देखा पर्छन् । सहयोगी, मिलनसार, स्वाभिमानी, सबैलाई मित्रवत् व्यवहार गर्ने, दुःखदेखि नडराउने विमल प्रतिभाशाली व्यक्तित्वका रुपमा देखा पर्छन् ।

यस किसिमका व्यक्तित्वका धनी राजेन्द्रप्रसाद विमल यिनै प्रकासनीय पक्षले गर्दा आफ्नो वरपर इष्टमित्र, साथीभाइका बीचमा लोकप्रिय छन् ।

### ३.३ आन्तरिक व्यक्तित्व

राजेन्द्रप्रसाद विमलका समष्टि व्यक्तित्वका विभिन्न पाटाहरु रहेका छन् । उनले आफ्नो जीवनकालका विभिन्न उकालीओराली र दुःखसुख पार गर्ने क्रममा जे भोगे तिनले पनि उनको व्यक्तित्व पक्षलाई प्रभावित पारेका छन् । यस आधारमा उनका आन्तरिक व्यक्तित्वका पाटाहरुलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :-

### ३.३.१ समाजिक व्यक्तित्व

समाजिक प्रचलनमा रहेका रुढधारणाहरुसँग असम्बद्ध रहने र प्रगतिशील विचार राख्ने विमल छुवाछुत, धामी-झाँक्री आदि कुराहरुप्रति सहमत छैनन् । उनी समाजका सबै वर्गका मानिससँग समान व्यवहार गर्छन् र अन्यायको तार्किक विरोध गर्छन् । समस्यामा परेकाहरुलाई उनी आफूले सकेको सहयोग गर्न जहिले पनि तत्पर हुन्छन् ।

विमलले जागिर, अध्ययन र साहित्यलेखनमा अत्यन्तै व्यस्त रहेर पनि विभिन्न संघसंस्थाहरुसँग संलग्न रही सामाजिक सेवामा योगदान पुऱ्याएका छन् । यसले उनको सामाजिक व्यक्तित्व अझ माथि उठेको देखिन्छ । उनले 'जनकपुर साहित्य परिषद्' को अध्यक्ष भएर (वि.सं. २०४० देखि हालसम्म) जनकपुर क्षेत्रको साहित्यको विकासमा महत्वपूर्ण भूमिका पूरा गर्दै आएका छन् । वि.सं. २०५९ मा गठित गौ-संरक्षण मञ्च, जनकपुरको अध्यक्ष भई गौसंरक्षण अभियानलाई सहयोग पुऱ्याएका छन् । वि.सं. २०६० मा 'इस्लामिक कल्चरल रिसर्च सेन्टर' को अध्यक्ष भएर संस्कृतिका क्षेत्रमा योगदान पुऱ्याएका छन् । त्यसैगरी उनले मिथिला संस्कृति केन्द्र, जनकपुर, राजर्षिजनक चिन्तन केन्द्र, (जनकपुर), नेत्रज्योति संङ्घ, नेपाल, मैथिली विकास कोष, जनकपुर, मिथिला प्रतिष्ठान, (नेपाल) आदि विभिन्न संघसंस्थाहरुसित संलग्न रही समाज सेवामा सक्रिय भूमिका खेलेका छन् ।

### ३.३.२ जागिरे व्यक्तित्व

राजेन्द्रप्रसाद विमलको व्यक्तित्वमा विभिन्न पाटाहरुको चर्चा गर्ने क्रममा जागिरे व्यक्तित्वको पनि चर्चा गर्नु प्रासङ्गिक देखिन्छ । उनको जागिरे व्यक्तित्व सफल रहेको छ । खेतिपाति वा अन्य पेसा भन्दा जागिरलाई नै जीविकोपार्जनको मुख्य आधार बनाउने परम्परा कर्ण परिवारमा देखिन्छ । उनले पनि आफ्नो परिवारिक आवश्यकता पूरा गर्न जागिरलाई नै निर्विकल्प पेसाका रुपमा अँगालेको पाइन्छ । जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसबाट स्नातक तह उत्तीर्ण गरेपछि उनले जागिरे जीवन आरम्भ गरेका हुन् । त्यसताका शिक्षित मानिसहरुले जागिरका लागि धेरै सङ्घर्ष गर्नुपर्दैनथ्यो । त्यसैले उनले पनि आफूले चाहेको जागिर सजिलै प्राप्त गर्न सकेको जानकारी पाइन्छ । वि.सं. २०२५ मा त्रि.वि. बुलेटिनको सम्पादकका रुपमा जागिरे जीवन सुरु गर्ने विमल पछि शिक्षण पेसातिर आकर्षित भएको पाइन्छ । उनले वि.सं. २०२८ मा काठमाडौंको पद्मकन्या क्याम्पसमा हिन्दी विषयको सहायक प्राध्यापक भई शिक्षण पेसा आरम्भ गरेका हुन् । पछि उनले विराटनगरको महेन्द्रमोरङ क्याम्पसमा हिन्दी विषयकै सहायक प्राध्यापकका पदमा रही केही समय काम गरे । विराटनगरमा प्राध्यापनरत छँदा वि.सं. २०३२ मा उनको जागिर स्थायी भएको जानकारी पाइन्छ । हाल उनी जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा नेपाली बिषयका सहप्राध्यापक छन् ।

विमलले तीन दशक भन्दा लामो समय प्राध्यापनमा खर्चेका छन् । बिषयवस्तुलाई सरल, रोचक र कलात्मक ढङ्गले विद्यार्थीहरुका माझ प्रस्तुत गर्न सक्नु उनको प्राध्यापकीय वैशिष्ट्य हो । ठट्यौली गर्दै सम्वादात्मक शैलीमा आफ्ना कुरा अरुलाई बुझाउन सक्ने सामर्थ्य भएकै कारण उनी विद्यार्थीहरुका माझ लोकप्रिय छन् ।

### ३.३.३ सम्पादक व्यक्तित्व

राजेन्द्रप्रसाद विमलको सम्पादक व्यक्तित्व पनि उल्लेख्य छ । उनी पत्रिका सम्पादनकै क्रममा सार्वजनिक लेखकका रुपमा देखापरेका हुन् । हालसम्म उनले जम्मा चारवटा

पत्रिकाहरुको सम्पादन गरेका छन् । वि.सं. २०२५ मा प्रकाशित त्रि.वि. बुलेटिन पत्रिकाको सम्पादनबाट उनको सम्पादक व्यक्तित्व आरम्भ भएको हो । यस पत्रिकामा उनले एक बर्षसम्म काम गरेको सूचना पाइन्छ । 'विज्ञान प्रविधि' (२०४०) जनकपुरबाट प्रकाशित हुने स्थानीय पत्रिका हो । यस पत्रिकाको प्रमुख सम्पादकको रुपमा उनको अग्रणी भूमिका रहेको छ । यस पत्रिकाले जनकपुर क्षेत्रको विज्ञान प्रविधि सम्बन्धी जानकारी दिन्छ । यसपछि उनले 'अँजुली' २०४४ पत्रिकाको सल्लाहकार सम्पादक भएर पनि काम गरेका हुन् । त्यसैगरी वि.सं. २०५० मा जनकपुरबाट प्रकाशित 'आँजुर' स्थानीय पत्रिकाको सल्लाहकार सम्पादकका रुपमा पनि उनको योगदान स्मरणीय छ । यस पत्रिकाले जनकपुर क्षेत्र र सम्पूर्ण देशभरिकै मैथिली साहित्यको विकासमा योगदान पुऱ्याएको छ । यी पत्रिकाहरुका साथै उनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित 'खट्टरकाका तरङ्ग' र उद्योग वाणिज्य सङ्घ, जनकपुरद्वारा प्रकाशित 'सीतायण' आदि पुस्तकाकार कृतिको पनि सम्पादन गरेका छन् ।

### ३.३.४ राजनीतिक व्यक्तित्व

समाजका कुनै पनि व्यक्ति राजनीतिबाट टाढा रहन सक्दैन । प्रत्यक्ष वा परोक्ष रुपमा जोसुकैलाई पनि राजनीतिले प्रभावित पारेकै हुन्छ । राजेन्द्रप्रसाद विमल पनि यसबाट अछुतो रहेनन् । यद्यपि उनी कुनै सङ्गठनमा निष्ठावान भएर सक्रिय रुपमा लागेको भने पाइँदैन । क्याम्पसको विद्यार्थी जीवनमा राजनीतितर्फ उनको सामान्य सहभागिता रहेको पाइन्छ । उनी जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको सचिव पदमा निर्वाचित भई एक कार्यकाल पूरा गरेको जानकारी पाइन्छ । वि.सं. २०१८ को स्व.वि.यु. निर्वाचनमा उनी नेपाल विद्यार्थी सङ्घबाट उक्त पदमा चुनिएका हुन् । यसबाहेक उनको राजनीतिक व्यक्तित्वका बारेमा थप जानकारी प्राप्त भएको छैन ।

### ३.३.५ कथाकार व्यक्तित्व

साहित्यका विभिन्न विद्याहरुमा कलम चलाउने राजेन्द्रप्रसाद विमलको कथाकार व्यक्तित्व उल्लेख्य रहेको छ । उनको प्रथम पटक प्रकाशित कथा 'उडुस' हो । यो कथा पटनाबाट

प्रकाशित हुने 'आर्यावर्त', २०१५ हिन्दी पत्रिकामा छापिएको जानकारी पाइन्छ । बालकथाबाट पाठकसमक्ष कथाकारका रुपमा प्रस्तुत भएका विमलको नेपाली भाषामा प्रथम पटक प्रकाशित भएको कथा 'दुलो' हो । हाल नेपाली भाषाको कथा विद्यामा सक्रिय रुपमा लागिरहेका विमलको एउटा कथासङ्ग्रह "राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु" प्रकाशित भएको छ । यस कथासङ्ग्रहमा जम्मा १९ कथाहरु सङ्कलित छन् । सुरुमा यो कथासङ्ग्रह बगर फाउन्डेसन, नेपालबाट प्रकाशित हुने 'बगर' त्रैमासिक पत्रिकामा सङ्कलित रहेको पाइन्छ । हाल यसलाई छुट्टै सङ्ग्रहका रुपमा प्रकाशित गरिएको छ । उनको मैथिली भाषामा पनि एउटा कथासङ्ग्रह "ई हमरे कथा थिक" प्रकाशित भएको छ । यसका अतिरिक्त उनका कथाहरु विभिन्न पत्रपत्रिकाहरुमा छरिएर रहेका छन् ।

सरल, परिष्कृत र परिमार्जित भाषाशैलीका माध्यमबाट आफ्ना कथामा मानवसमाजमा विद्यमान विकृति र विसङ्गतिलाई व्यक्त गर्न विमल सिपालु छन् । उनका कथा पढ्दा नेपाली कथाले निरन्तर आफ्नो बेग अनन्त अगाडि बढाएको देखिन्छ । यी कथाहरुको शिल्प र बनोट परम्परामा छुट्टै स्वाद पाइन्छ । वर्ग सङ्घर्ष, राजनीतिक विकृति, ह्रासोन्मुख मानव चरित्र, द्वन्दका कारण मूल्यहीन बनेको समसामयिक मानवजीवन आदिलाई यथार्थ ढङ्गले उद्घाटन गर्नु पनि उनको कथाकार व्यक्तित्वका खास बैशिष्ट्य हुन् ।

विमलको कथाकार व्यक्तित्वसँगै बालकथाकार व्यक्तित्व पनि जोडिन आउँछ । उनी बालकथाकारका रुपमा पनि प्रसिद्ध छन् । बालमनोविज्ञान बुझ्न सक्ने क्षमता भएकै कारण उनका बालकथा बालकहरुका माझ लोकप्रिय छन् । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित दर्जनौ फुटकर बालकथाहरु बाहेक मैथिली भाषामा 'बौवाक पोथी' २०३६ (बालसामग्रीहरुको सङ्गालो) र नेपाली भाषामा 'फिस्टी रानी' (लामो बालकथा) गरी दुई पुस्तकाकार कृति प्रकाशित छन् । 'बौवाक पोथी' मा साना-साना बालबालिकालाई मनपर्ने रमाइला कथा, कविता, गीत, चुट्किलाहरु समावेश गरिएका छन् । बालकथामा प्रयोग गरिएका चराचुरुङ्गी, जनावर, किराफट्याङ्ग्रा, वातावरण, मान्छे, देवता आदि पात्रका विभिन्न क्रियाकलापले बालकलाई रोमाञ्चित बनाउदै नैतिक शिक्षा दिने काम गरेको छ । सरल

भाषा र मिठासपूर्ण शैलीका कारण उनका कथाहरु बालकहरुको मनमा प्रभाव जमाउन सफल छन् ।

यसरी मनोरञ्जन प्रदान गर्दै नैतिकताको पाठ सिकाउनु नै उनको बालकथाकार व्यक्तित्वको मूल वैशिष्ट्य हो ।

### ३.३.६ गीतकार व्यक्तित्व

राजेन्द्रप्रसाद विमल मैथिली भाषाका चर्चित गीतकार हुन् । उनले थुप्रै मैथिली गीतहरु लेखेका छन् । पुस्तकका रुपमा गीतहरुको सङ्ग्रह प्रकाशित नभए पनि उनका दर्जनौ गीतहरु रेकर्ड भइसकेका छन् । उनका गीतहरुमध्ये धेरै आधुनिक र केही बालगीतहरु रहेका छन् । रेडियो नेपाल लगायत विभिन्न एफ.एम.स्टेसनहरुबाट उनका गीतहरु प्रसारित हुन्छन् । वि.सं. २०४१ मा उनको “माइन गेलौ हम हुँ .......” बोलको गीत प्रथम पटक रेकर्ड भएको जानकारी पाइन्छ । सरल, मधुर र अर्थगाम्भीर्यले युक्त उनका गीतहरु नेपाल र भारतका लाखौं श्रोताहरुका लागि कर्णप्रिय बनेका छन् ।

विमलका गीतहरुमा मानवीय पीडा र बेदनाका कथा, व्यथा पाइन्छन् । त्यसैले ती गीतहरु हृदयलाई स्पर्श गर्ने खालका छन् । जीवन भोगाईका विविध पक्षहरु, परम्पराप्रतिको धारणा र विसङ्गतिपूर्ण सामाजिक संस्कार आदि भावलाई सौन्दर्यमूलक ढङ्गले अभिव्यक्त गर्न सक्नु उनको गीतकार व्यक्तित्वको महत्तम पक्ष हो । उनी सामान्य विचार वा भावलाई पनि आकर्षक ढङ्गले गेयात्मक प्रस्तुति दिन सफल छन् ।

### ३.३.७ कवि व्यक्तित्व

राजेन्द्रप्रसाद विमलको व्यक्तित्व निर्माणमा कवि व्यक्तित्वले पनि सघाउ पुऱ्याएको छ । उनको सिर्जनात्मक कार्यको थालनी कविताबाटै भएको पाइन्छ । कविता र गीतमा उनको सानै उमेरदेखि तीब्र रुचि रहेको पाइन्छ । त्यसैकारण आठ बर्षको कलिलो उमेरमा आफ्ना गुरु बिन्देश्वरप्रसादका सहयोग र प्रेरणाबाट उनले दुई हरफे कविता रचना गरेको पाइन्छ ।

“प्रातः समय देखा रवि गोला” उनको प्रथम पटक प्रकाशित कविता चाहिँ ‘यी आफन्तहरु’ (जनक, २०२३) हो । उनका केही बालकविताहरु ‘बौवाक पोथी’ २०३६ मा सङ्कलित छन् भने ‘शब्द पुष्प’ कविता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा छ । यसबाहेक उनका नेपाली र मैथिली भाषाका थुप्रै कविताहरु विभिन्न पत्रपत्रिकाहरुमा छरिएर रहेका छन् ।

विमलले गद्य र पद्य दुवै खालका कविता लेखेका छन् । पद्य कविताका तुलनामा उनका गद्य कविताहरु ज्यादै न्यून सङ्ख्यामा छन् । स्तरका दृष्टिले पनि उनका पद्य कविताहरु नै अगाडि देखिन्छन् । गद्य कविता लेखिरहँदा उनी आफ्नो वास्तविक कवित्व प्रतिभा थिचिएको अनुभव गर्छन् । गद्य कवितामाभन्दा पद्य कविता मै आफ्ना अनुभूतिलाई सम्पूर्ण रुपमा अभिव्यक्त गर्न सफल रहेको उनको ठहर छ ।

विमलका बालकविताले रुचिपूर्ण ढङ्गले बालबालिकाहरुलाई नैतिक सन्देश प्रवाहित गरेका छन् भने उनका अन्य कवितामा समाजमा रहेका उच्छृङ्खल प्रवृत्ति, हिंसा, अश्लीलता, नासिँदै गएको शिष्टाचार आदि वास्तविकतालाई प्रस्तुत गरिएको छ ।

### ३.३.८ अनुवादक व्यक्तित्व

कुनै एउटा भाषाका सामग्रीलाई अर्को भाषामा रुपान्तरण गर्ने कार्य अनुवाद हो । विमलका व्यक्तित्वका विभिन्न पाटाहरुमध्ये अनुवाद व्यक्तित्व पनि उल्लेख्य छ । उनी वहुभाषाका ज्ञाता छन् । नेपाली, मैथिली, हिन्दी र अङ्ग्रेजी भाषामा उनको राम्रो दख्खल छ भने संस्कृत, बङ्गाली, उर्दू, भोजपुरी आदि भाषा पनि उनका लागि बोधगम्य छन् । उनले मैथिली भाषामा प्रचलित लोककथा “फिस्टिरानी” लाई नेपाली भाषामा अनुवाद गरेका छन् । यो कथा बालबालिकाहरुका माझ लोकप्रिय छ । त्यसैगरी उनले नेपाली भाषाका केही साहित्यिक कृतिलाई मैथिली भाषामा अनुवाद गरेको पाइन्छ । उनले कवि सिद्धिचरण श्रेष्ठको ‘उर्वशी’ खण्डकाव्यलाई मैथिली भाषामा अनुवाद गरेका छन् । यस खण्डकाव्यको अनुवाद समय वि.सं. २०३३/३४ तिर भएको जानकारी पाइन्छ । अनुवाद कार्य पूर्ण भए पनि पुस्तकाकार रुपमा प्रकाशित हुननसकेको यस कृतिका केही खण्ड मैथिली पत्रिका

'आँजुर'मा छापिएको जानकारी पाइन्छ । हाल उनी मोदनाथ प्रश्रितको 'मानव' महाकाव्यको अनुवादमा लागेका छन् ।

### ३.३.९ समालोचक व्यक्तित्व

राजेन्द्रप्रसाद विमलले साहित्यसिर्जनाक्षेत्रमा जति योगदान समालोचनाक्षेत्रमा दिन सकेका छैनन् । उनको ख्याति पनि समालोचनामा भन्दा सिर्जनाकै क्षेत्रमा रहेको देखिन्छ ।

उनको पहिलो समालोचनात्मक लेख "कथाकार विश्वेस्वरप्रसाद कोइरालाको कथाकारिता" हो । यो समालोचना "जनक" मासिक पत्रिकामा प्रकाशित भएको जानकारी पाइन्छ । त्यसैगरी "पञ्चवाणी" दैनिक पत्रिकामा म.वि.वि. शाहका कविताका बारेमा र "बैदेही" दैनिक पत्रिकामा भीमनिधि तिवारीका नाटकका बारेमा समालोचनात्मक लेखहरु रहेको जानकारी पाइन्छ । उनले केही पुस्तककाकार साहित्यिक कृतिहरुको भूमिका पनि लेखेको जानकारी पाइन्छ । वि.सं. २०५५ मा प्रकाशित सिताराम अग्रहरीको 'जिएस्वाभिमान भी' कवितासङ्ग्रहमा भूमिका लेखेका छन् । प्रह्लाद पोखरेलको 'कुहिराको कम्बल' (२०६२) कवितासङ्ग्रहमा लामो समीक्षात्मक भूमिका लेखेका छन् । त्यसैगरी दिल पौडेलको 'अधुरो जिन्दगी' (२०५६) उपन्यासमा पनि उनले भूमिका लेखेका छन् । उनको एउटा समालोचनात्मक कृति 'गद्य, पद्य र नाटक', २०३८ पनि प्रकाशित भएको पाइन्छ ।

### ३.३.१० नाटककार व्यक्तित्व

राजेन्द्रप्रसाद विमल नाटककार पनि हुन् । साहित्यका अन्य विद्याहरुका तुलनामा नाट्य विधामा उनको योगदान न्यून देखिन्छ । हालसम्म उनले तीनवटा नाटक लेखेको र तीमध्ये दुई नाटक प्रदर्शित भएको जानकारी पाइन्छ । उनको "खालि हात" नाटक वि.सं. २०५४ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा राष्ट्रिय नाटक महोत्सवको अवसरमा प्रदर्शित भएको जानकारी पाइन्छ । त्यसैगरी उनको "दोहाइ बाबा भुइँया" नाटक वि.सं. २०५६ मा विराटनगर अन्तराष्ट्रिय नाट्य महोत्सवमा प्रदर्शित भएको सूचना प्राप्त भएको छ । उनको

'सीता' गीतिनाट्य नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित "आँगन" पत्रिकामा वि.सं. २०६२ मा छापिएको पाइन्छ ।

### ३.३.११ उपन्यासकार व्यक्तित्व

नेपाली र मैथिली दुवै भाषामा कलम चलाउने राजेन्द्रप्रसाद विमलको साहित्यका विभिन्न विधाहरुमध्ये आख्यान विधामा विशेष रुचि देखिन्छ । आख्यान विधामा उनले कथाहरुका साथै उपन्यासको पनि रचना गरेका छन् । उनले नेपाली भाषामा दुई र मैथिली भाषामा एक गरी जम्मा तीनवटा उपन्यासहरुको रचना गरेका छन् । उनको नेपाली भाषामा लेखिएका 'रोएको जून' र 'खहरेको तिर्खा' उपन्यास भए पनि हाल यी दुवै उपन्यास उपलब्ध छैनन् । उनको मैथिली भाषामा लेखिएको 'चाँद आहाँ उदास छी' उपन्यास प्रकाशनार्थ छापाखानामा दिएको सूचना छ ।

समस्यामूलक र प्रणयमूलक विषयका विमलका उपन्यासहरु मझौला आयामका छन् । उनले आफ्ना उपन्यासमा मानवजीवनका समस्या र जटिलताहरुलाई सङ्केत गर्दै तिनको समाधान खोज्न मान्छेहरुकै बीचमा बसेर सङ्घर्ष गर्नुपर्छ, पलायनवादी बन्नु हुँदैन भन्ने सन्देश प्रस्तुत गरेका छन् ।

### ३.३.१२ निबन्धकार व्यक्तित्व

राजेन्द्रप्रसाद विमलले निबन्धको क्षेत्रमा पनि कलम चलाएका छन् । 'आधार र कोण' उनको प्रथम प्रकाशित निबन्ध हो । उनले आफ्नो प्रकाशोन्मुख निबन्ध सङ्ग्रहको नाम पनि "आधार र कोण" नै राखेका छन् । यस सङ्ग्रहमा उनका १२ वटा निबन्धहरु सङ्कलित छन् । यी निबन्धहरु वि.सं. २०३०/३१ तिर लेखिएका हुन् । यस सङ्ग्रहभित्रका केही निबन्धहरु स्थानीय पत्रपत्रिकाहरुमा प्रकाशित पनि भएका छन् ।

विमलले आफ्ना निबन्धमा देशमा भएको कलुपित वातावरण र दुर्बलताहरुप्रति व्यङ्ग्य गर्दै वर्तमान संस्कृतिमा भइरहेको परिवर्तन, आफ्नो जीवनभोगाइ, बौद्धिक चिन्तन आदि कुरालाई सरल र स्पष्ट भाषाशैलीका माध्यमद्वारा अभिव्यक्त गरेका छन् ।

### ३.३.१३ गजलकार व्यक्तित्व

राजेन्द्रप्रसाद विमलको आख्यानपछिको सर्वाधिक रुचिको साहित्यिक विधा गजल हो । उनले मैथिली र हिन्दी भाषामा प्रसस्त गजलहरु लेखेका छन् । उनी गजललेखनमा धेरै पहिलेदेखि नै लागेको भए पनि यसको औपचारिक यात्रा भने २०४५/४६ सालबाट आरम्भ भएको पाइन्छ । हालसम्म उनले ५० वटा भन्दा बढी गजलहरुको रचना गरिसकेका छन् । विभिन्न पत्रपत्रिकामा छापिइसकेका उनका उक्त गजलहरु सङ्ग्रहका रुपमा प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइन्छ ।

मूलतः गजलको सैद्धान्तिक आधारमा रहेर वर्तमान जनजीवनको भोगाइ, वर्तमानले भित्राएको विकृति, प्रणयजनित भाव, राजनीतिक अस्तव्यस्तता र समाजका प्रतिकुल परिस्थितिहरुलाई गेयात्मक र लयात्मक ढङ्गले प्रस्तुत गर्न सक्नु नै विमलको गजलकार व्यक्तित्वको खास उपलब्धि हो ।

### ३.३.१४ अनुसन्धान व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी राजेन्द्रप्रसाद विमलले साहित्येतर विधामा पनि कलम चलाएका छन् । साहित्येतर विधामा उनको एउटा अनुसन्धानमूलक कृति ‘मिथिलाको इतिहास, संस्कृति र कला परम्परा’ (२०६२) प्रकाशित छ । निकै लामो समयको अध्ययन अनुसन्धान पछि यस कृतिले पूर्ण आकृति प्राप्त गरेको हो । लेखक स्वयंले यस कृतिको भूमिकामा “यो कुनै शोधग्रन्थ होइन, मात्र परिचयात्मक पुस्तक हो” भने पनि शोध, अनुसन्धानका क्षेत्रमा यसलाई एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ । मिथिलाको इतिहास, संस्कृति र कलापरम्पराबारे नेपाली पाठकलाई जानकारी दिन सक्ने कुनै पुस्तक राष्ट्रभाषामा नभएको अवस्थामा यस पुस्तकले उक्त अभावलाई केही हदसम्म पूरा गर्न सक्छ । जम्मा बाह्र

अध्यायमा विभाजित प्रस्तुत कृतिमा उनले मिथिलाको इतिहास, भाषा, वर्णव्यवस्था र व्यवसाय, धर्म, संस्कृति, साहित्य र कला-परम्पराका बारेमा चर्चा गरेका छन् ।

विमलको प्रस्तुत कृतिको अध्ययनबाट पाठकले मिथिलाको इतिहास, संस्कृति र कला-परम्पराका बारेमा एकमुष्ठ जानकारी प्राप्त गर्न सक्छन् । मिथिलाबासीका निम्ति ऐतिहासिक दस्तावेज मान्न सकिने यस पुस्तकले उनको अनुसन्धानात्मक व्यक्तित्वको बैशिष्ट्यलाई प्रष्ट्याउँछ ।

### ३.३.१५ धार्मिक व्यक्तित्व

राजेन्द्रप्रसाद विमल हिन्दू धर्मालम्बी हुन् । उनी धर्म र ईश्वरप्रति साकारात्मक छन् तर यस सम्बन्धी विद्यमान आमधारणा भन्दा उनको धारणा अलि पृथक छ । उनको विचारमा "आगाको पोल्ने धर्म भए झैं मान्छेमा मनुष्यता हुनु धर्म हो" । अझ भनौ शाश्वत, सार्वभौम, उच्चतम मानवीय मूल्य नै धर्म हो जसलाई धारण गरेपछि मान्छे मान्छे भएर बाँच्न सक्छ । उनी कट्टरबादी धार्मिक नीतिका घोर विरोधी छन् । धर्ममा भएका सम्पूर्ण कुरा मान्नै पर्छ भन्ने उनको मान्यता छैन । उनी धर्ममा भएका असल कुराहरुलाई ग्रहण गने र समयसापेक्ष नभएका अमानवीय प्रसङ्गलाई परिमार्जन गर्नुपर्ने मान्यता राख्छन् ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तः सम्बन्ध

राजेन्द्रप्रसाद विमलको जीवनीका विभिन्न परिस्थितिसँग उनको साहित्यिक लेखनको सम्बन्ध रहेको देखिन्छ । उनको साहित्यलेखनले व्यक्तित्व निर्माणमा ठूलो सघाउ पुऱ्याएको पाइन्छ । साहित्यकारहरुको जीवन प्रत्यक्ष वा परोक्ष रुपमा साहित सिर्जनासँग सम्बन्धित रहेको हुन्छ ।

राजेन्द्रप्रसाद विमलले ३-४ बर्षको छँदा नै थुप्रै समस्याहरुसँग जुध्नुपरेको थियो । निम्नमध्यमवर्गीय परिवार, गाउँको बसाइ, दयनीय आर्थिक अवस्था र छिमेकीहरुको असहयोग आदि कारणले उनको कलिलो बालमस्तिष्कलाई प्रभावित तुल्यायो । त्यसैले

उनमा सानैदेखि एक्लै बस्ने, भावुकता, संवेदनशीलता जस्ता स्वभाव विकसित भएको पाइन्छ । सानामा साथीहरुसित खेलबाडमा लाग्दा, विद्यालयको गृहकार्य नगर्दा र अरु विभिन्न कारणले उनी पटकपटक गाली र पिटाइको सिकार बन्दथे । यी घटनाले उनको मस्तिष्कमा मनोबैज्ञानिक प्रभाव पर्न भएको पाइन्छ । त्यसकारण उनले बालककालमा रचना गरेका कवितामा कतै दुःख पुकारा गरेका छन् भने कतै बालकप्रति अपनाइने दण्डनीतिको व्यङ्ग्यपूर्ण विरोध गरेका छन् ।

जीवन भोगाइका क्रममा बाल्यकाल, विद्यालय जीवन हुँदै क्याम्पस जीवनमा प्रवेश गरेपछि विमलको साहित्यसिर्जनाको क्षितिज फराकिलो बन्दै गएको पाइन्छ । उनको साहित्यमा सानैदेखि लगाव त छदै थियो साथै उनले नेपाली, हिन्दी, मैथिली आदि भाषामा उच्च तहको अध्ययनसमेत पूरा गरेका छन् । उनलाई अङ्ग्रेजी, संस्कृत, बङ्गाली, उर्दू, भोजपुरी आदि भाषाको पनि ज्ञान छ । यी विविध विषयको उच्च तहको अध्ययन र बहुभाषिक ज्ञानले पनि उनको साहित्यलेखनलाई सहयोग पुऱ्याएको देखिन्छ । त्यसैकारण उनले नेपाली, मैथिली र हिन्दी साहित्यका विभिन्न विधामा कलम चलाउन सकेका हुन् ।

राजेन्द्रप्रसाद विमलको पेसा वा जागिर र साहित्यलेखनका बीचमा पनि निकट सम्बन्ध देखिन्छ । उनी तीनदशक भन्दा लामो समयदेखि प्राध्यापन पेसामा संलग्न छन् । अध्ययन, अध्यापन र लेखनको संयुक्त रुप नै प्राध्यापन भएकाले उनको साहित्यलेखनमा यसको प्रत्यक्ष प्रभाव रहेको छ । प्राध्यापन पेसाले एकातिर उनको भाषिक शुद्धतामा सघाउ पुऱ्याएको पाइन्छ भने भाषाको स्तरीकरणमा समेत यसले महत्वपूर्ण भूमिका खेलेको छ ।

विमलको साहित्यिकलेखन विभिन्न ठाउँको भ्रमण, साहित्यकारहरुसँगको सम्पर्क, लोकसंस्कृतिबाट प्राप्त प्रभाव, नैसर्गिक प्रतिभा, गहन अध्ययन र निरन्तर अभ्यासबाट पनि अझ उर्वर बनेको पाइन्छ ।

यसरी विमलले आफ्नो जीवनमा प्राप्त गरेका जीवन भोगाइबाट उनको साहित्यकलेखन प्रभावित भएको पाइन्छ र साहित्यिकलेखनको प्रखरताले उनको व्यक्तित्व पनि फस्टाउँदै गएको प्रष्ट हुन्छ ।

# चौथो परिच्छेद

# राजेन्द्रप्रसाद विमलको कृतित्वको अध्ययन

## ४.१ राजेन्द्रप्रसाद विमलको साहित्यिक यात्रा

राजेन्द्रप्रसाद विमलले आफ्ना साहित्यिक यात्राका क्रममा नेपाली र मैथिली साहित्यका विभिन्न विधा र साहित्येतर विधामा पनि कलम चलाएका छन् । उनका आख्यान बालसामग्री, कला र संस्कृतिसम्बन्धी अध्ययनमा आधारित कृतिहरु प्रकाशित छन् ।

राजेन्द्रप्रसाद विमलले मैथिली भाषामा केही सरल कविता रचना गरी आफ्नो साहित्ययात्रा आरम्भ गरेका हुन् । उनको साहित्यिक यात्रालाई आरम्भ गर्ने दुई हरफे कवितालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ -

प्रातः समय देखा रवि गोला
जैसा रामचन्द्र वैसा भोला ।

त्यसैगरी उनले रचना गरेको अर्को कविता -

अब दुःख सहा नही जाता विधाता
घरमे जो आता पिटाई मै खाता
स्कूलमे जाकर पिटाता विधाता
अब दुःख सहा नही जाता विधाता

यस अवधिमा उनले अरु थुप्रै मैथिली र हिन्दी भाषाका कविताहरु रचना गरे पनि उनी आफैलाई ती रचनाहरु सामान्य स्तरका लागेकाले कतै छपाउन नदिएको जानकारी पाइन्छ । रचनाहरु प्रकाशित गराउन भन्दा निरन्तर लेखन अभ्यास मै उनको ध्यान गएको पाइन्छ । त्यसैले उनको यस अवधिको लेखनलाई साहित्यिक लेखनको पृष्ठभूमि अथवा आभ्यासिक चरण मान्न सकिन्छ ।

विमलको अहिलेसम्मको साहित्ययात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गर्न सकिन्छ -

| क्र.सं. | चरण | समयावधि |
|---|---|---|
| १ | प्रथम चरण | वि.सं. २०१५-२०५९ |
| २ | द्वितीय चरण | वि.सं. २०६०-२०६६ |
| ३ | तृतीय चरण | सन् २०१० जनवरी देखी हाल सम्म (२०६६) |

**१. प्रथम चरण** (२०१५-२०५९)

राजेन्द्रप्रसाद विमलको साहित्ययात्रा (२०१६-२०५९) लाई प्रथम चरणका रुपमा छुट्याउन सकिन्छ । 'उडुस' बालकथा (२०१५ : जनक) को प्रकाशनदेखि विमलको प्रथम चरणको साहित्ययात्रा आरम्भ हुन्छ । यस चरणमा उनी आख्यान विधामा बढी सक्रिय भएको पाइन्छ । पुस्तकाकार कृतिको प्रकाशनका दृष्टिले यो चरण महत्वपूर्ण देखिन्छ । यस चरणमा प्रकाशित उनका कृतिहरुको सूची यसप्रकार छ :

१.रोएको जून, उपन्यास, २०२५

२. खहरेको तिर्खा, उपन्यास, २०२५

३ बौवाक पोथी, बालसामग्री, २०३६ ।

विमल प्रथम चरणमा नैतिक शिक्षा दिने खालका बालकविता र बालकथाका साथै समस्यामूलक र प्रणयमूलक उपन्यास लिएर अघि बढेका छन् । वि.सं २०२५ मा प्रकाशित रोएको जून उपन्यास उनको प्रथम चरणको पहिलो रचना हो । यो उपन्यास समस्यामूलक रहेको छ । यस उपन्यासले समाजको आर्थिक समस्या, यौनजन्य समस्या र त्यसबाट व्यक्तिमा देखा परेका मानसिक विचलन आदिलाई आफ्नो विषयवस्तु बनाएको छ । उनको २०२५ मा प्रकाशित अर्को उपन्यास 'खहरे तिर्खा' प्रेमप्रणयसँग सम्बन्धित छ । यस उपन्यासले स्वतन्त्र रुपले एक अर्कालाई प्रेम गर्न चाहने विद्यार्थी युवायुवतीले समाजसित गर्नुपरेको सङ्घर्षलाई आफ्नो विषयवस्तु बनाएको छ ।

"बौवाक पोथी", २०३६ उनको प्रथम चरणको अर्को महत्वपूर्ण कृति हो । यो उनको मैथिली, भाषामा प्रकाशित प्रथम कृति हो । यसमा बालकथा, बालकविता, बालगीत, चुट्किला, गाउँखाने कथा आदि सामग्रीहरु सङ्कलित गरिएको छ । उनको यो पुस्तक प्राथमिक तहको मैथिली भाषा शिक्षणमा महत्वपूर्ण पाठ्यसामग्रीका रुपमा प्रयोग गरिन्छ । यसभित्रका सामग्रीहरु साना-साना बालबालिकालाई रोमाञ्चित बनाउँदै नैतिक शिक्षा प्रदान गर्न सफल छन् ।

विमलले यस चरणमा साहित्यका अन्य विधाहरु गीत, कविता, गजल, निबन्ध, नाटक आदिमा पनि कलम चलाएका छन् । उनले प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रममा आधारित केही पाठ्यपुस्तकहरु पनि लेखेको पाइन्छ ।

विमलको यस चरणका समग्र उपलब्धिहरुलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ -

- पुस्तकाकार कृतिहरुको प्रकाशन गर्नु,
- आख्यान विधामा बढी केन्द्रित हुनु,
- बालसाहित्यको रचना गर्नु,
- गीत, गजल, कविता, निबन्ध, नाटक आदि विधामा पनि कलम चलाउनु,
- यथार्थवादी लेखनभित्रै समस्यामूलकता, प्रणयमूलकता र नैतिक सन्देश जस्ता प्रवृत्ति पाइनु ।

**२. द्वितीय चरण**

राजेन्द्रप्रसाद विमलको साहित्ययात्राको द्वितीय चरण वि.सं. २०६० देखि हालसम्मको समयलाई मान्न सकिन्छ । यो चरण राम्रा र स्तरीय कृतिरचनाका हिसाबले उर्वर देखिन्छ । यस चरणमा उनी मैथिलीका तुलनामा नेपाली भाषातिर बढी केन्द्रित हुन थालेको देखिन्छ । यस चरणमा परेका उनका कृतिहरुको सूची तल दिइएको छ -

१. फिस्टि रानीको कथा, २०६०

२. ई हमरे कथा थिक, २०६१

३. राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु, २०६२

४. मिथिलाको इतिहास, संस्कृति र कला परम्परा, २०६२

विमलको हालसम्मको साहित्यिक यात्रामा यो चरण सर्वाधिक उपलब्धिपूर्ण देखिन्छ । यस चरणले नै उनलाई प्रष्टसँग कथाकारका रुपमा परिचित गराएको छ । "मिथिलाको इतिहास, संस्कृति र कला-परम्परा", २०६२ को प्रकाशनपछि उनको साँस्कृति व्यक्तित्व पनि सार्वजनिक भएको छ । सङ्ख्यात्मक दृष्टिले प्रथम चरणको तुलनामा यस चरणका उनका प्रकाशित पुस्तकाकार कृतिको सङ्ख्या न्यून देखिन्छन् । तर गुणात्मक रुपमा ती महत्वपूर्ण छन् ।

सरल र नैतिक सन्देशमूलक बालकथा लेखिरहेका विमल यस चरणमा क्रमशः बौद्धिक र चिन्तनशील कथा लेखनतर्फ अघि बढेको पाइन्छ । स्वैरकल्पना, विसङ्गतिवादी चिन्तन र मनोवैज्ञानिकता जस्ता साहित्यिक प्रवृत्तिहरु पनि उनको लेखनमा केही मात्रामा पाइन्छ । लामो र निरन्तर अभ्यासका कारण उनको भाषाशैली स्तरीय र परिमार्जित देखिन्छ । विमलको यस चरणका समग्र उपलब्धि वा प्राप्तिहरुलाई निम्नलिखित बुँदामा समेट्न सकिन्छ -

- कथाकारका रुपमा स्थापित हुनु,
- साँस्कृतिक व्यक्तित्वका रुपमा परिचित हुनु,
- महत्वपूर्ण कृतिहरुको प्रकाशन,
- नेपाली भाषातिर बढी केन्द्रित हुनु,
- बौद्धिक, दार्शनिक लेखन,
- परिष्कृत, परिमार्जित भाषाशैली आदि ।

## ४.२ "मिथिलाको इतिहास, संस्कृति र कला-परम्परा" अनुसन्धानात्मक कृतिको सङ्क्षिप्त परिचयात्मक अध्ययन

बहुमुखी प्रतिभाका धनी राजेन्द्रप्रसाद विमलले साहित्येतर विधामा पनि कलम चलाएका छन् । उनको एउटा अनुसन्धानात्मक कृति "मिथिलाको इतिहास, संस्कृति र कला-परम्परा" ( २०६२) प्रकाशित छ । यो कृति जनकपुर (प्राचीन समयमा मिथिला नगरी नामले प्रसिद्ध) को इतिहास, संस्कृति र कलापरम्पराको अध्ययनमा केन्द्रित छ । यो कृति विभिन्न शीर्षकका बाह्रवटा अध्यायहरुमा विभक्त छ । यस कृतिको नामकरण यसभित्रका सम्पूर्ण विषयवस्तुकै आधारमा गरिएको छ । यस कृतिमा लेखकले प्रत्येक अध्यायमा सम्बन्धित विषयको गहिरो अनुसन्धान गरी त्यसलाई पाठकसमक्ष प्रस्तुत गरेका छन् ।

प्रस्तुत कृतिको प्रथम अध्यायमा विमलले मिथिलाको सङ्क्षिप्त इतिहासलाई प्रस्तुत गरेका छन् । यसअन्तर्गत मिथिलाको नामकरण, सीमा र विस्तार, भूगोल, राजनीतिक प्रणाली, शासनव्यवस्था आदि कुराहरुलाई समेटिएको छ । दोस्रो अध्यायमा मैथिली भाषा र लिपिका बारेमा चर्चा गरिएको छ । यस अध्यायमा मैथिली भाषाको उत्पत्ति र विकासका बारेमा उल्लेख गरिएको छ । मैथिली लिपिका बारेमा पनि लेखकले यस अध्यायमा चर्चा गरेका छन् । तेस्रो अध्यायमा मिथिलाको वर्णव्यवस्था र व्यवसायका बारेमा चर्चा गरिएको छ । वर्णव्यवस्थालाई पनि पानी चल्ने र पानी नचल्ने गरी दुई वर्गमा विभाजन गरिएको छ । पानी चल्ने वर्गमा ब्राह्मण, राजपुत, कायस्थ, खत्री, भूमिहार, सोनार, गोआर, हजाम, हलवाई, कुर्मी, भाट, सन्यासी आदिलाई राखिएको छ भने पानी नचल्ने वर्गमा चमार, धोबी, मुसहर, तेली, सुडी, कलबार, पासी, डोम, धनिकार, हलखोर, दुसाध, खतबे, ततमा आदिलाई राखिएको छ । प्रस्तुत विभिन्न जातिका मानिसहरुले मूलतः आफ्नो समुदायमा परम्परागत रुपमा चल्दै आएको पेसालाई नै अनुसरण गर्ने कुरालाई समेत प्रकाश पारिएको छ । चौथो अध्यायमा मिथिला क्षेत्रमा रहेका धार्मिक सम्प्रदाय, अन्धविश्वास, टुनामुना आदि विषयमा चर्चा गरिएको छ । धार्मिक सम्प्रदायलाई तीन वर्गमा विभाजन गरिएको छ - १) शैव सम्प्रदाय २) शाक्त सम्प्रदाय ३) वैष्णव सम्प्रदाय । शिवलिङ्ग र शिवमूर्तिका पूजकलाई शैव सम्प्रदायमा, भगवतीका पूजकलाई शाक्त सम्प्रदायमा र विष्णुका पूजकलाई वैष्णव

सम्प्रदायमा राखिएको छ । मिथिला क्षेत्रका मानिसहरुमा भूत-प्रेतसम्बन्धी, रोगोपचारसम्बन्धी र यात्रा साइतसम्बन्धी विषयमा रहेका अन्धविश्वासका बारेमा पनि यस अध्ययायमा चर्चा गरिएको छ । पाँचौ अध्यायमा मिथिलाका प्रमुख चाडपर्व तथा ब्रतहरुका बारेमा जानकारी दिइएको छ । यसअन्तर्गत चौठचन्द, गोधन, परबेब, नबान्न, जूडशीतल, कोजाग्रा, कुशी अमावस्या, आर्द्रा जस्ता प्रमुख चाडहरु समेटिएका छन् । छैटौ अध्यायमा मिथिलाको प्राचीन र सुदीर्घ सङ्गीत परम्पराका बारेमा उल्लेख गरिएको छ । मिथिलामा प्रचलित लोकगीतलाई धार्मिक गीत, संस्कार गीत, चाडवाडसम्बन्धी गीत, व्यवसाय गीत, ऋतुगीत, नाचका गीत, शिशुगीत र विविध गीत गरी जम्मा आठ भागमा वर्गीकरण गर्दै उदाहरणसहित तिनका बारेमा चर्चा गरिएको छ । सातौ अध्यायमा महिलाहरुका ब्रत, ब्रत विधान र केही लोकप्रिय ब्रतकथाहरुका बारेमा जानकारी गराइएको छ । आठौ अध्यायमा मैथिली लोक गाथाहरुका बारेमा चर्चा गरिएको छ । अति मानवीय तत्वले युक्त दीर्घकथा भएका यी लोकगाथाहरु मौखिक परम्परा मै जिवित रहेको जानकारी पनि गराइएको छ । नवौ अध्यायमा मैथिली लोककथाको चर्चा गरिएको छ । यस अध्यायमा मिथिलामा प्रचलित ब्रतकथा, अति मानवीय कथा, ऐतिहासिककथा, शिक्षाप्रदकथा, हास्यविनोदकथा, शिशुकथा, स्थानसम्बन्धी कथा आदि कथाहरुको चर्चा गर्दै उदाहरणका रुपमा 'फिस्टी रानी' कथालाई प्रस्तुत गरिएको छ । दसौ अध्यायमा मैथिली लोकनाट्यका बारेमा जानकारी गराइएको छ । मिथिलामा प्रचलित लोकनाट्यलाई सामाजिक, धार्मिक र विविध गरी तीन कोटीमा विभक्त गरिएको छ र केही प्रसिद्ध मैथिली लोकनाट्यहरु जटजटिन, श्यामाचकेवा, जालिमसिंह, बिरहा, विदेशिया, रामलीला, हिरनी-विरनी, राजा सलहेस, लोरिक आदिका बारेमा चर्चा गरिएको छ । एघारौ अध्यायमा मिथिलाको अतिप्राचीन तर समृद्ध रहेको नृत्यकला, चित्रकला, सङ्गीतकला, स्थापत्यकला, काव्यकला आदिका बारेमा चर्चा गरिएको छ । बाह्रौ तथा अन्तिम अध्यायमा एघारौ अध्यायसम्म उल्लेख गरिएका कुराहरुलाई उपसंहारका रुपमा दिइएको छ ।

यसरी यो कृति मिथिलाको इतिहास, संस्कृति र कलापरम्पराको अध्ययनमा केन्द्रित रहेकोछ । अनुसन्धाताले यस कृतिमार्फत पाठकहरुलाई मिथिलाका बारेमा समग्र जानकारी दिएका छन् । मिथिलाको संस्कृति र कलापरम्परा अत्यन्त समृद्ध छ । नेपाल र अझ भनौ समग्र

आर्यावर्तीय संस्कृतिको तत्वबोधका लागि मिथिलाको संस्कृतिको ज्ञान अपरिहार्य छ । त्यसैले मिथिलाको इतिहास, संस्कृति र कलापरम्पराका बारेमा नेपाली पाठकलाई समग्र जानकारी दिनसक्ने पुस्तक राष्ट्रभाषामा नरहेको अवस्थामा यो कृति लेखिनु अत्यन्तै प्रशंसनीय देखिन्छ ।

### ४.३ "राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु" कथासङ्ग्रहको अध्ययन

#### ४.३.१ कथा विश्लेषणका आधारहरु

प्राणीजगत्को सिर्जनाको प्रारम्भिक प्रहरदेखि नै मान्छेको निजी संवेदना, संवेग र अनुभूतिहरु, उत्कण्ठा र उमङ्गहरु आफ्ना वरिपरिका पारावार व्यक्तित्व माथि अभिव्यक्त हुँदै आएका आख्यानहरुलाई कथा नामले सम्बोधन गर्ने गरियो । यस अर्थमा कथा मान्छेको इतिहास जतिकै पूरानो विधा हो । साहित्यमा विभिन्न विधाहरु हुन्छन्, तिनका आ-आफ्नै नियम हुन्छन्, आ-आफ्नै सैद्धान्तिक ढाँचा हुन्छन् जसअनुरुप साहित्यिक विधाको रुपमा मान्यता प्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । कथानिर्माणका आधारभूत सामग्रीका रुपमा निम्नलिखित तत्वहरुलाई अगाडि सार्न सकिन्छ -

क) कथावस्तु

ख) पात्र र चरित्रचित्रण

ग) संवाद वा कथोपकथन

घ) देश, काल र परिस्थिति

ङ) भाषा शैली

च) उद्देश्य

कथाको उपर्युक्त तत्व विभाजन पूरानो परम्परावादी धारणामा आधारित भएको हुँदा विकसित समालोचनाशास्त्र (नयाँ समालोचना) अनुसार कथाको शरीर रचना अर्थात् रचना विधानलाई यसरी दुई खण्डमा विभाजित गरिएको पाइन्छ ।

क) संरचना पक्ष ख) रुपविन्यास

### ४.३.१.१ संरचना

कथाकारले कथाको निर्माण गर्दा केही न केही धारणा अथवा विचार व्यक्त गरेको हुन्छ । कथाका पात्र, अथवा घटनाबाट उसका विचारहरु व्यक्त भैरहेका हुन्छन् । त्यसैले यी विचारहरुलाई मूर्त रुप दिन कथामा कथावस्तु, पात्र दृष्टिविन्दु र सारवस्तु जस्ता स्थूल तत्वहरुको समायोजन भएको हुन्छ । यसरी यस्ता स्थूल तत्वहरुको समायोजनले पूर्ण भएको आकृतिलाई नै संरचना भनिन्छ ।

**१) कथावस्तु**

कथावस्तु कथाको प्रमुख अङ्ग हो । कुनै पनि कथा बन्नका लागि त्यहाँ विभिन्न तत्वहरुको समायोजन भएको हुनुपर्छ । तिनै तत्वमध्येको आख्यान तत्वलाई कथानक वा कथावस्तु भनिन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । यो तत्व कथामा सर्वत्र फैलिएको हुन्छ । यसले कथामा हुने अन्य तत्वहरु जस्तै देश, काल, परिस्थिति, चरित्र, उद्देश्य, विचार, घटना, क्रियाव्यापार, द्वन्द्व, उद्देश्य आदिलाई योजनाबद्ध रुपमा प्रस्तुत गर्दछ जसले गर्दा कथा सशक्त बन्दछ । कथामा आदि, मध्य र अन्त्यको राम्रो अन्विति हुनुपर्छ । विना द्वन्द्वको कथा, आदि, मध्य र अन्त्यको अन्विति नमिलेको कथाले पूर्णता प्राप्त गर्न सक्दैन । त्यसैले कथाकारले यी सबै कुरामा विचार पुऱ्याउनु पर्छ ।

**२) पात्र**

कथा संरचनाको लागि पात्र अनिवार्य तत्व हो । पात्रहरुले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना नै गर्न सकिदैन । कथाको पात्र मानव नै हुनुपर्छ भन्ने छैन, मानवबाहेक जुनसुकै प्राणी वा जड वस्तु पनि हुन सक्छ । तर कथामा भएको जड पात्रको पनि अस्तित्व उपस्थापना भएको हुनुपर्छ । कथामा पात्रहरु विभिन्न रुपमा उपस्थित हुन्छन् । मुख्य र सहायक पात्रले कथामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ र यही पात्रद्वारा नै कथावस्तु अगाडि बढेको हुन्छ भने गौण पात्रको भूमिका पनि गौण हुन्छ । गतिशील पात्र देश, काल, समयअनुसार परिवर्तन भैरहन्छ भने स्थिर पात्र आफ्नो सिद्धान्तमा

अडिग रहन्छ । अर्न्तमुखी पात्रहरु बढी एकान्तप्रेमी हुन्छन् भने बहिर्मुखी पात्रहरु बाह्य संसारमा घुलमील हुन मन पराउँछन् । बद्ध र मुक्त पात्रमध्ये बद्ध पात्रलाई कथाबाट झिकिदिने हो भने कथा अपूर्ण रहन्छ तर मुक्त पात्रलाई झिकिदियो भने खासै फरक पर्दैन ।

यसरी कथामा जेजस्ता प्रकृति वा प्रवृत्तिका पात्रहरु भए पनि तिनको उपस्थिति अनिवार्य हुन्छ ।

**३) दृष्टिविन्दु**

साधारण अर्थमा दृष्टिविन्दु भन्नाले हेराइ भन्ने बुझिन्छ । त्यसैले कथालाई कसको दृष्टिबाट अथवा हेराइबाट प्रस्तुत गरिएको छ त्यो हेर्नुलाई दृष्टिविन्दु भनिन्छ । यो ज्यादै नै सूक्ष्म हुन्छ । यसले कथाका पात्रहरुलाई जीवन्त बनाउँछ किनभने पात्रलाई कुन स्थानमा राखेर कथाको प्रस्तुति गर्ने भन्ने कार्य दृष्टिविन्दुले गर्दछ अथवा प्रथम पुरुष पात्रले कथा भन्दै छ वा तृतीय पुरुष पात्रले भन्ने प्रश्नसित सम्बद्ध हुन्छ । यदि कथामा दृष्टिविन्दुको प्रयोग पुरुष सुहाउँदो भएन भने कथा कलात्मक बन्दैन ।

कथामा दृष्टिविन्दु दुई प्रकारका हुन्छन् - आन्तरिक र बाह्य । त्यस्तै आन्तरिक दृष्टिविन्दु पनि केन्द्रिय र परिधीय गरेर दुई प्रकारका हुन्छन् भने बाह्य दृष्टिविन्दु चाहिँ सर्वदर्शी, सीमित र वस्तुपरक गरेर तीन प्रकारका हुन्छन् ।

दृष्टिविन्दु पात्र कथामा प्रथम पुरुषको रुपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ । यस अन्तर्गत केन्द्रिय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरु कुनै पात्र 'म' को रुपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । परिधीय दृष्टिविन्दुमा चाहिँ 'म' पात्र त रहन्छ, तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ । कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ । यस अन्तर्गत कथामा भएका प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदिको चित्रण भएको छ भने त्यसलाई बाह्य सर्वदर्शी दृष्टिविन्दु भनिन्छ । सीमित दृष्टिविन्दुमा

चाहीँ कथामा जति पात्र भए पनि कुनै एक मात्र पात्रको मानसिक अवस्थाको चित्रण गरिएको हुन्छ ।

४) **सारवस्तु**

कथा संरचनाका चारवटा घटनाहरुमा सबैभन्दा स्थूल घटक कथानक, त्यसपछि पात्र, दृष्टिविन्दु हो भने अन्तिम घटक सारवस्तु हो । यो ज्यादै सूक्ष्म वा पातलो हुन्छ । कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछौ, त्यही नै सारवस्तु हो । कथाकारले आफ्नो सन्देश वा विचारलाई कथामार्फत सम्पूर्ण पाठकको मस्तिष्कमा प्रक्षेपण गर्ने लक्ष्य राखेको हुन्छ । कथाको सारवस्तु भनेको हाम्रो शरीरको आत्माजस्तै हो । त्यसैले जुनसुकै कथामा पनि सारवस्तु हुन्छ । कुनै कथामा पात्रकै मुखबाट सारवस्तु व्यक्त गरिएको हुन्छ भने कुनै कथामा भावको आधारमा व्यक्त भएको हुन्छ ।

कथाको अर्थका तीन तह हुन्छन् - अभिधामूलक, अन्योक्तिमूलक र प्रतीकात्मक । अभिधामूलक कथामा कथाकारले आफूले भन्न खोजेको कुरा सिधै भनेको हुन्छ भने अन्योक्तिमूलक कथामा कथाकारले आफ्ना विचारलाई पञ्चतन्त्र, लोककथा आदिको सहायता लिएर व्यक्त गरेको हुन्छ । त्यस्तै प्रतीकात्मक कथामा चाहिँ कुनै कुरालाई प्रतीकको रुपमा उभ्याएर आफ्ना विचारहरु व्यक्त गरिएको हुन्छ ।

### ४.३.१.२ रुपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रुपविन्यास हो । रुपविन्यास कथाको भित्री स्वरुप हो । संरचनालाई स्थूल अङ्गका रुपमा लिइन्छ भने रुपविन्यासलाई सूक्ष्म अङ्गका रुपमा लिइन्छ तर रुपविन्यास संरचनाको अभिन्न अङ्ग हो । यो कथासँगै आएको हुन्छ । यसले कथालाई कलात्मक बनाउँछ । शब्द, वाक्य, अनुच्छेद, प्रतीक, बिम्ब, उपमा, व्यङ्ग्य, प्राक्सन्दर्भ, भाषाशैली आदि कथालाई कलात्मक बनाउने तत्वहरु हुन् । त्यसैले यिनीहरुलाई नै रुपविन्यास भनिन्छ ।

रुपविन्यास संवृत र विवृत गरी दुई प्रकारका हुन्छन् । संवृत रुपविन्यासमा सरल र सहज अभिव्यक्ति हुन्छ । विवृत रुपविन्यासमा चाहिँ कथाकार बारम्बार विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुख हुन्छ ।

निष्कर्षमा भन्दा कथाको बाहिरी आकारलाई संरचना भनिन्छ भने सजावटलाई रुपविन्यास भनिन्छ ।

## ४.४ 'राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु' कथा सङ्ग्रहका कथाको क्रमिक विवेचना

कथाकार राजेन्द्रप्रसाद विमलको "राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु" कथासङ्ग्रह वि.सं. २०६२ मा प्रकाशित कृति हो । यो उनको नेपाली भाषामा पहिलो कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १९ ओटा कथाहरु छन् । १०० पृष्ठको यस सङ्ग्रहका कथाहरु आयामगत रुपमा छोटा छन् । यस सङ्ग्रहको शीर्षक यस सङ्ग्रहित कथाको नामबाट राखिएको छैन । यसका कथाहरुमा कथाकारले आफ्नो जीवनमा देखेसुनेर अनुभव गरेका व्यक्ति र समाजका क्षण-क्षणका मार्मिक पीडाहरुलाई नै मुख्य विषय बनाएका छन् । प्रस्तुत सङ्ग्रहभित्र 'पोस्टमार्टम', 'उधारो जुत्ता', 'कथा कालिदासस्य', 'दुलो' 'माओवादी', 'नयाँ नेपाली कोकशास्त्र', 'चिरा', 'संस्कार', 'एउटा बल्दो भविष्य', 'रामेछापको श्रवणकुमार', 'आधा जलेको तस्बिर', 'आत्मज्ञान', 'मौसम', 'लाकुरी फेरी फुल्नेछ', 'राति राति महुवा फुल्छ', 'बिरालो र विश्वयुद्ध', 'कुकुर' र 'रागविरुद्ध' गरी जम्मा १९ वटा कथाहरु रहेका छन् । प्रस्तुत कथासङ्ग्रहका सबै कथाहरुको कथानक ढाँचा रैखिक देखिन्छ ।

### ४.४.१ पोस्टमार्टम

**१) कथावस्तु**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'पोष्टमार्टम' कथा सामाजिक बिषयवस्तुमा आधारित छ । यसमा एउटा बेवारिसे लासको मृत्युका सम्भावित कारणहरु देखाउदै जीवनको विसङ्गत पक्षको चित्रण गरिएको छ । यस कथामा नामसमेत नखुलेको एउटा मृत व्यक्ति सडकमा

देखा पर्छ । सामान्य पहिरनमा रहेको त्यस व्यक्तिका बारेमा मानिसहरु माझ अनन्त जिज्ञासाहरु हुन्छन् । धेरै दिन भइसकेको हुनाले लास गन्हाउन थाल्छ । मृत्युको कारण पत्ता नलागेको हुँदा पोस्टमार्टमका लागि अस्पताल लगिन्छ । डाक्टरहरु लासलाई ओल्टाइपल्टाइ हेर्दै मृत्युको कारण पत्ता लगाउन खोज्छन् तर उनीहरुको प्रयास असफल नै रहन्छ । लासको मृत्युको कारण रहस्य बनिरहन्छ । पछि डाक्टरहरु लासको जाँचबुझका क्रममा थुप्रै रहस्यहरु पत्ता लगाउन सफल हुन्छन् । आँखाबाट फोटोको रिलजस्तै कुनै वस्तु निस्कनु र त्यसमा ठूला-ठूला महलका नक्साहरु, फरियाका नमुनाहरु, गहनाका नमुनाहरु, केटाकेटीका फ्रक, प्यान्ट, सुरुवालका तस्विरहरुबाट लासका पूरा हुन नसकेका अनन्त इच्छाहरु सङ्केत भएका छन् । शरीरको चिरफारका क्रममा रगतको ठाउँमा चिया बग्नु, पेटभित्र बिँडी चुरोटको धूँवा, खैनी र जर्दाको दुर्गन्धित हावा पाइनु, मुटुभित्र असङ्ख्य वाणहरु रोपिएको पाइनु र ती प्रत्येक वाँणमा मृतकका आफन्तले बोलेका कटु वाक्यहरु रहनु, मृतकको छाती र पेटको खोक्रो भागबाट खुकुरी आकारको हाडको तेलिजो पदार्थ निस्कनु र त्यसमा पनि आत्मालाई मर्माहत बनाउने खालका वाक्यहरु रहनु आदि रहस्यमय कुराहरुबाट डाक्टरहरु मृत्युका सम्बन्धमा यस्तो निष्कर्ष निकाल्छन् -

“अकाल मृत्युको कारण अति संवेदनशीलता, अति आदर्शवादिता, अव्यावहारिकता, निर्धनता, अपौष्टिक खाना, पारिवारिक अनास्था, भावनात्मक सङ्कट, अपमान, यथार्थको धरती र कल्पनाको आकाशलाई मिलाउन खोज्दा उत्पन्न भएको मानसिक तनाव र निराशा आघातपछि आघात” ।

यसरी सडकमा एउटा बेवारिसे लास देखापरेदेखि डाक्टरहरुले त्यसको मृत्युको कारण पत्ता लगाएसम्मको घटना नै यस कथाको मुख्य कथावस्तु हो ।

**२) पात्र**

‘पोस्टमार्टम’ कथामा नाम ठेगाना नखुलेको, शिक्षण पेसा गर्ने एउटा मृत व्यक्ति, डि.एस.पी., सिपाहीहरु, सर्वसाधारण मानिसहरु, श्रीमती, बाबु, आमा, छोरी, साथी, पसले

आदि पात्रहरु छन् । यस कथामा सुरुदेखि अन्त्यसम्म देखापर्ने मृत व्यक्ति मुख्य पात्र हो । त्यस्तै लासका बारेमा सोधखोज गर्ने डि.एस.पी. र पोस्टमार्टममा संलग्न डाक्टरलाई सहायक पात्र मान्न सकिन्छ । उसले मृत्युको कारण पत्ता लगाउने क्रममा कथावस्तुलाई अगाडि बढाउन सघाउ पुऱ्याएको छ । सिपाहीहरु सर्वसाधारण मानिसहरु, श्रीमती, बुबा, आमा, छोरी, साथी, पसले आदि पात्रहरुको सामान्य उपस्थिति मात्र भएकाले तिनीहरु गौण पात्र हुन् । स्वभावका आधारमा यस कथाको मुख्य पात्र अनुकूल पात्र हो किनभने ऊ एउटा आदर्शवादी शिक्षक हो र उसमा कुनै प्रकारको चरित्रिक दोष देखिन्न । यस कथाको डाक्टरलाई पनि अनुकूल पात्रको कोटिमा राख्नु पर्छ । डि.एस.पी. सर्वसाधारण मानिसहरु, श्रीमती, बाबु, आमा, छोरी, साथी र पसले प्रतिकूल पात्रका रुपमा देखिएका छन् । प्रवृत्तिका आधारमा मृत व्यक्ति स्थिर पात्र हो भने डि.एस.पी. गतिशील पात्र हो किनभने सुरुमा गैरजिम्मेवार र क्रुर स्वभावको डि.एस.पी. पछि संवेदनशील बनेको छ । आवद्धताका आधारमा मृत व्यक्ति, डि.एस.पी. र डाक्टरहरु बद्ध पात्र हुन् । यी मध्ये कुनै पनि पात्रलाई झिक्दा कथाको संरचनामा परिवर्तन हुन्छ । कथाका अरु सबै पात्र मुक्त पात्र हुन् ।

**३) दृष्टिविन्दु**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको पोस्टमार्टम कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टिको लागि मृत व्यक्ति र डाक्टरको संवेगात्मक स्थितिलाई कथामा खोजेर हेर्नुपर्ने हुन्छ ।

प्रस्तुत कथाको मुख्य पात्रलाई सुरुमै मृत अवस्थामा देखाइएको छ । उसको मृत्यु एउटा जटिल रहस्य बनेको छ । अनुसन्धानका क्रममा उसको आँखाबाट फोटोको रिलजस्तो कुनै चीज निस्कनु, त्यसमा ठूलाठूला महलका नक्साहरु, फरियाका नमुनाहरु, गहनाहरु, केटाकेटीका लुगाहरु र मोटरका मोडेलहरु हुनु, पेटमा दुर्गन्धित हावा पाइनु, रगतको ठाउँमा चिया बग्नु, मुटुमा बाणैबाण रोपिएको पाइनु आदि आश्चर्यजनक घटनाहरुले मुख्य पात्रको मृत्यु हुनुभन्दा अगाडि उसमा के-कस्ता भावसंवेगहरु उत्पन्न भएका थिए भन्ने कुरा थाहा पाउन सकिन्छ । छातीको खोक्रो ठाउँबाट खुकुरी जस्तो धारिलो पदार्थ निस्कनु र त्यसमा

मृतकको जागिर खोसिएको सूचना पाइनुजस्ता घटनाले मुख्य पात्रको संवेगात्मक अवस्थालाई अझ सशक्त बनाएको छ ।

कथाकारले यस कथामा डाक्टरको संवेगात्मक स्थितिको पनि चित्रण गरेका छन् । लासको पोस्टमार्टम गर्ने क्रममा एकपछि अर्को गर्दै देखापरेका रहस्यमय घटनाहरुले डाक्टरको मनमा उत्पन्न भएका विक्षोभ, बेदना, घृणा आदि भावसंवेगहरुलाई पनि कथाकारले चित्रण गरेका छन् ।

### ४) सारवस्तु

मान्छेले समय र परिस्थितिलाई चिनेर आफूलाई पनि त्यसै अनुरुप चलाउन जान्नु पर्छ नत्र जीवन कष्टमय बन्छ भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य सारवस्तु हो । यस कथाको मुख्य पात्र एउटा आदर्श शिक्षक हुन्छ । ऊ जहिले पनि आफ्नै सिद्धान्तमा अडिग रहने आदर्शवादी व्यक्तिका रुपमा देखा पर्छ । उ समाजका खराब पक्षहरुको खुलेर विरोध गर्छ र आफ्नो स्वार्थ पूरा गर्न स्वभिमानलाई बन्धक राख्न चाहँदैन । उसको यस्तो स्वभावलाई आफ्नै परिवारका मान्छे, साथीहरु र छरछिमेकले मनपराउँदैनन्, सबैले उसलाई अव्यावहारिक, नालायक र पूर्ण रुपमा असफल व्यक्ति ठान्छन् र त्यस्तै प्रकारको व्यवहार गर्छन् । निडर स्वभावका कारण उसलाई शिक्षण कार्यमा भन्दा राजनीतिक क्रियाकलापमा सक्रिय भई व्यवस्था विरोधी गतिविधिमा लागेको आरोप लगउँदै जागिरबाट बर्खास्त गरिन्छ । यसबाट उसले जटिल आर्थिक समस्याको सामना गर्नुपरेको छ । यी सबै कुराहरुबाट ऊ मानसिक रुपमा विक्षिप्त बन्दै धुम्रपान र नसालु पदार्थहरुको अत्यधिक सेवन गर्छ । निर्धनता, दुर्वल स्वास्थ्य, अति संवेदनशीलता, अव्यवहारिकता, पारिवारिक अनास्था र भावनात्मक सङ्कट, अपमान, षडयन्त्र आदि विविध कारणहरुले अन्त्यमा उसको दुःखद मृत्यु भएको छ । यसरी यस कथाको मुख्य पात्र (लास) ले आफूलाई समय र परिस्थितिअनुसार सञ्चालन गर्न नसक्दा दुःखद मृत्युवरण गर्नुपरेको छ ।

**५) रुपविन्यास**

प्रस्तुत 'पोस्टमार्टम' एक सामाजिक यथार्थवादी कथा हो । यस कथामा भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई सिँगार्ने काम कतै पनि भएको छैन । यस कथामा बिषयवस्तु र पात्र सुहाउँदो पद र पदाबलीको प्रयोग भएको पाइन्छ । सरल र सहज अभिव्यक्ति भएकाले कथा सुबोध्य छ । त्यसैले यस कथामा संबृत रुपविन्यासको प्रयोग पाइन्छ ।

यस कथामा उखानटुक्काको प्रयोग कतै भेटिँदैन सोझो, निमुखा, लास, मोरो, पाजी, जुँगे, भुसतिघ्रे, कुबुद्धि जस्ता गाउँघरमा बोलिने शब्दहरुको प्रयोग भएका छन् । डुङ्गडुङ्ग, घुइँय, ढुकढुक, खचाखच, छ्यामछुम, सरर्र, चुकचुक, टम्म, खुइँय जस्ता अनुकरणात्मक शब्दहरुका साथै नि, हो, त, पो जस्ता निपातहरु पनि यथास्थानमा प्रयोग गरिएका छन् ।

डुङ्गडुङ्ग, ओल्टाइपल्टाइ छ्यामछुम, ढुकढुक, चुकचुक, खचाखच जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् । ठाउँठाउँमा संवादको पनि प्रयोग भएको छ । त्यसैले वाक्यहरु छोटा छन् । वाक्यगठन दृष्टिले सरल वाक्यहरुकै प्रयोग बढी भए पनि मिश्र र संयुक्त वाक्यको पनि प्रयोग भएको छ । यस कथाको शीर्षक कथावस्तु अनुसार अभिधात्मक रुपमै प्रयोग भएको छ । यसरी राजेन्द्रप्रसाद विमलको मौलिक भाषाको प्रयोग भएको यस कथाको भाषाशैली अत्यन्त सरल, सहज र बोधगम्य छ ।

## ४.४.२ उधारोजुत्ता

**१) कथावस्तु**

'उधारो जुत्ता' 'राजेन्द्रप्रसाद विमलका उन्नाइस कथाहरु' कथासङ्ग्रहमा सङ्कलित दोस्रो कथा हो । यो कथा रैखिक ढाँचामा लेखिएको छ । यस कथामा कथाकारले आर्थिक विपन्नताका कारण 'म' पात्रले भोग्नु परेका समस्याहरुको यथार्थ चित्रण गरेका छन् ।

म पात्रले आफ्नो न्यून कमाईबाट पन्ध्रजना सदस्य रहेको ठूलो परिवारको आवश्यकता पूरा गर्नुपरेको छ । यसको प्रत्येक महिनाको कमाई परिवारको आधारभूत आवश्यकता पूरा गर्न पनि अपुग रहेकाले ऊ आफ्ना लागि छुट्टै एकजोर जुत्ता पनि किन्न सक्दैन । कैयौ बर्ष पूरानो र धेरै ठाउँ टलिएको एकजोर बूढो जुत्ता हजुरबादेखि नातिसम्मले प्रयोग गर्नुपर्ने अवस्था छ । म पात्र स्वयं, उसका दुई छोरा, एउटा भाइ र बुबा गरेर जम्मा पाँच जनाले उक्त जुत्ता दैनिक प्रयोग गर्दछन् । एक जनाले जुत्ता लगाएर बाहिर गएका बेला अरु सबैले जस्तोसुकै आवश्यक काम परे पनि छट्पटाउँदै उही बूढो जुत्तालाई कुर्नुपर्ने अवस्था छ । जुत्ताका कारण म पात्र र उसका बुबाले पटक-पटक लज्जित हुनुपरेको छ । प्रत्येक दिन साँझमा उसको परिवारमा जुत्ताका बारेमा चर्को बहस चल्छ र अन्तिममा सबैले एकजोर नयाँ जुत्ता तुरुन्त किन्नु पर्ने निष्कर्ष निकाल्छन् । म पात्रले पनि बहुमतको निर्णयलाई समर्थन त गर्छ तर महिना नमरी पैसाको कुनै उपाय हुँदैन । पैसा नभए उधारो जुत्ता किन्नुपर्छ भन्ने सल्लाह पनि उसले पाएको हो । तर उधारो समान किन्दा ठगिने सम्भावना रहेकाले त्यसको ऊ घोर विरोधी छ । नयाँ जुत्ता किन्ने बिषयमा जतिसुकै बहस चले पनि आउँदो महिनाको तलबलाई नै पर्खिनु पर्ने हुन्छ । म पात्रले तलब प्राप्त गरेकै दिन पहलमानको पसलबाट एकजोर उधारो नर्थस्टार जुत्ता लिएर खुशी हुँदै श्रीमतीलाई देखाउन घरमा पुग्छ । तर उसलाई घरमा नपाउँदा ऊ निराश भएको छ । केही समय बित्न नपाउँदै उसकी श्रीमती हाँस्दै एकजोर उधारो नर्थस्टार जुत्ता लिएर आइपुग्छे । उसले श्रीमतीलाई केहि भन्न खोज्दा खौज्दै बुबाले पनि उही जुत्ता उधारो लिएर आइपुग्छन् । पछि दुई छोराहरु पनि उधारो जुत्ता लिएर आइपुग्छन् । म पात्र अवाक बन्छ । त्यस बखत उसले पहलमानको पसलको साइनबोर्डमा लेखिएको हरफ सम्झन्छ “यहाँबाट बिक्रि भएका माल फिर्ता गरिनेछैनन् ।” एक जोर जुत्ताका लागि सँधै हानाथाप पर्ने घरमा एकसाथ पाँच जोर जुत्ता जम्मा भएका छन् तर ती सबै उधारो ल्याइएको छ । ती जुत्ताको कुल दुईहजार मोलका बारेमा सोचेर म पात्रलाई रिँगटा लाग्न थालेको हुन्छ । तर अन्तिममा सबै एकअर्कालाई हेर्दै मरीमरी हाँस्न थाल्छन् , धेरै बेरसम्म हाँसिरहन्छन् । यसरी कथा टुङ्गीएको छ ।

## २) पात्र

'उधारो जुत्ता' कथामा म पात्र, राधेश्याम बाबु, श्रीमती, छोरा, भाइ, ईश्वर ढुङ्गेल, पहलमान आदि पात्रहरुको उपस्थिति छ । म पात्र यस कथाको मुख्य पात्रका रुपमा रहेको छ । त्यस्तै उसको क्रियाकलापलाई उत्कर्षमा ल्याउन सघाउने पात्र श्रीमती र राधेश्यामबाबू चाहिँ सहायक पात्र हुन् । छोरा, भाइ, ईश्वर ढुङ्गेल, पहलमान आदि पात्रहरु गौण पात्रका रुपमा रहेका छन् । स्वभावका आधारमा यस कथामा म पात्र र श्रीमती दुवै अनुकूल पात्र हुन् । प्रवृत्तिका आधारमा म पात्र गतिशील पात्र हो किनभने उसले पहिला उधारो जुत्ता नकिन्ने निर्णय गरे पनि पछि आफ्नो निर्णय परिवर्तन गरेको छ । श्रीमती र राधेश्याम स्थिर पात्र हुन् । आवद्धताका आधारमा म पात्र, श्रीमती र राधेश्याम बद्ध पात्र हुन् भने अरु मुक्त पात्र हुन् ।

## ३) दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको उधारो जुत्ता कथामा आन्तरिक केन्द्रीय पृष्टिविन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टिका लागि दृष्टिकेन्द्रीय पात्रका रुपमा रहेको म पात्रको संवेगात्मक स्थितिलाई कथामा खोजेर हेर्नुपर्ने हुन्छ ।

म पात्रले निम्नमध्यमवर्गीय परिवारको नेतृत्व गरेको छ । उसले आफ्नो न्यून कमाइले पन्ध्र सदस्यिय परिवारका आवश्यकताहरु पूरा गर्नुपरेको छ । खाली खुट्टा सडकमा हिँड्दा एउटा मान्छेले व्यङ्ग्य गर्नु, जुत्ताको विषयमा प्रत्येक दिन घरमा वादविवाद हुनु, प्रसस्त पैसा कमाउन नसकेको आरोप लगाउँदै श्रीमतीले कटुवचन भन्नु आदि घटनाहरुद्वारा म पात्रमा उत्पन्न भएका निराशा, पश्चाताप जस्ता भावसंवेगहरुलाई कथाकारले प्रष्ट पारेका छन् ।

मुख्य रुपमा आफ्नो असक्षमता र परिवारका मानिसहरुको असमझदारीका कारण म पात्रका मनमा ग्लानी, पीडा जस्ता भावहरु उत्पन्न हुन्छन् जस्ले दृष्टिविन्दुलाई अझ सशक्त बनाएको छ ।

४) **सारवस्तु**

'उधारो जुत्ता' एउटा सामाजिक यथार्थवादी कथा हो । यस कथामा दयनीय आर्थिक अवस्थाले निम्त्याएका पारिवारिक समस्यालाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ ।

व्यक्ति जहिले पनि आफ्नो हैसियत र क्षमताप्रति सचेत रहनु पर्छ नत्र जीवन कष्टकर बन्छ भन्ने कुरा देखाउनु यस कथाको मुख्य सारवस्तु हो । प्रस्तुत कथाको म पात्र एउटा सामान्य जागिरे हो । उसको मासिक तलब जम्मा चार हजार मात्र छ । त्यही न्यून तलबले पन्ध्रजना सदस्य रहेका आफ्नो परिवारको सम्पूर्ण आवश्यकताहरु उसले पूरा गर्नुपरेको छ । समयमै परिवार नियोजन गरी सन्तान सङ्ख्यामा नियन्त्रण गर्न नसकेकामा उसलाई पश्चाताप लागेको छ । आर्थिक अभावका कारण उसले आफ्नो लागि छुट्टै एकजोर जुत्ता किन्न सकेको छैन र कयौ बर्ष पूराना एकजोर जुत्तालाई बाबु, छोरा र नातिसम्मका तीन पुस्ताले प्रयोग गर्नुपर्ने बाध्यता छ । घरको वास्तविकता थाहा हुँदा हुँदै पनि उसका बाबु, श्रीमती र छोराहरु पैसा नभए उधारै एकजोर जुत्ता किन्नुपर्ने कुरामा जोड दिन्छन् । तर ऊ यस कुराको विरोध गर्छ । उधारो सामान किन्दा पसलेले ठग्ने ठहर छ । कथाको अन्त्य भागमा म पात्र छिमेकको पहलमान साहुको पसलबाट एकजोर उधारो जुत्ता लिएर खुशी हुँदै घर पुग्छ तर त्यहाँ उसले कसैलाई देख्दैन । एकैछिनपछि श्रीमती, बाबु र छोराहरु पनि खुशी हुँदै एक-एक जोर उधारो जुत्ता बोकेर आइपुग्छन् । यसरी एक जोर जुत्ता पनि किन्न नसक्ने अवस्थाको ज्ञात हुँदा हुँदै एकैपल्ट पाँच जोर जुत्ताहरु ल्याइँदा सम्भावित आर्थिक सङ्कटका बारेमा सोच्दै म पात्र गम्भीर बनेको छ । उसको बूढा बाबु, श्रीमती र छोराहरु कसैले पनि आफ्नो हैसियत वा क्षमताको ख्याल गरेका छैनन् ।

५) **रुपविन्यास**

प्रस्तुत उधारो जुत्ता सामाजिक यथार्थवादी कथा हो । यस कथामा संवृत्त रुपविन्यासको प्रयोग भएको पाइन्छ । यस कथामा संवृत्त रुपविन्यासलाई केलाउँदा निम्न विशेषताहरु प्राप्त गर्न सकिन्छ । गाउँघरमा प्रचलित बोलीचालीको भाषा प्रयोग गर्ने क्रममा नाङ्गै, टुप्पी, मोरा, गजब, चड्कन, कन्सिरी, रौं, गोडा, अड्डा, मालिक, हुती, लबटा, कोकोहोलो, अर्ती

जस्ता शब्दहरु प्रयोग भएका छन् । घुटुक्क, टुलुटुलु, डिच्च, ख्याउँख्याउँ, ङ्यार्रङ्गर्, पट्ट, लत्रक्क, ठ्यामठ्याम जस्ता अनुकरणात्मक शब्दहरु तथा त, पो, नि जस्ता निपातहरुको प्रयोगले भाषामा स्वभाविकता ल्याएको छ ।

ठाउँठाउँमा ठ्यामठ्याम, ख्याउँख्याउँ, टुलुटुलु, झम्टाझम्टी, धूलोपीठो, सासुससुरा, पालैपालो जस्ता द्वित्व शब्दहरुको पनि प्रयोग भएका छन् । त्यसैगरी ठाउँठाउँमा, ज्योति, बाँण, छात्र, पुत्र, पिता, ब्रह्माण्ड, सूर्योदय, ईश्वर, दुर्लभ, शरशय्या जस्ता संस्कृत शब्द प्रयोग भएका छन् भने कतै साइनबोर्ड, नर्थस्टार, म्याराथन रेस, टाइम, अर्जेन्ट, मिटिङ् जस्ता अङ्ग्रेजी शब्दहरु पनि प्रयोग भएका छन् ।

बाक्य गठनका दृष्टिले सरल वाक्यकै प्रधानता छ । सरल र सहज अभिव्यक्ति भएका कारण कथा सुबोध्य छ ।

### ४.४.३ कथा कालिदासस्य

**१) कथावस्तु**

'कथा कालिदासस्य' राजेन्द्रप्रसाद विमलद्वार लेखिएको राजनैतिक बिषयवस्तुमा आधारित कथा हो । यो कथा पूर्वदीप्ति शैलीमा लेखिएको छ । यस कथाले २०४६ सालको जनआन्दोलनमा जनतामाथि तत्कालीन सरकारले गरेको वर्वरतापूर्ण दमनको झलक प्रस्तुत गरेको छ ।

म पात्रको एक मात्र छोरो (पिङ्कु) आन्दोलनमा सहभागी हुनेक्रममा सख्त घाइते भई जीवन र मरणको दोसाँधमा छट्पटाइरहेको छ । यस्तो अवस्थामा पनि आफ्नो छोराका निम्ति केही गर्न नसकेका कारण ऊ अत्यन्तै पीडित छ । बेहोसीकै अवस्थामा पनि छोरोले टिठलाग्दो दृष्टिले उतिर, आमातिर र आफ्ना मित्रहरुतिर हेरिरहँदा म पात्र झन मर्माहत बनेको छ । पिङ्कुलाई यस अवस्थामा पुऱ्याउने काम उसकै बालसखा कालिदासका मान्छेहरुको हुन्छ । देशभरी पञ्चायती व्यवस्थाको विरोध र प्रजातान्त्रिक व्यवस्थाको माँग गर्दै क्रान्तिको ज्वाला

दन्किरहेको हुन्छ । जतातत्तै बन्दुकका आवाजहरु सुनिन्छन् । रगतको भल बगाउँदै लासहरुको थुप्रो लाग्छ । आफन्तको मृत्युमा मानिसहरु अत्यन्तै शोकाकुल हुन्छन् । भय र आतङ्कको वातावरण व्याप्त हुन्छ । देशभरि फैलिएको यही क्रान्तिको डढेलोमा होमिएर पिङ्कु त्यस अवस्थामा पुगेको हुन्छ । यसभन्दाअघि जुलुसको नेतृत्व गर्दै हिँड्ने क्रममा पिङ्कु समातिएको हुन्छ । हजारौं लट्ठीको प्रहार र बन्दुकको चुच्चाले घोचेर मरणान्त पारी जेलमा राखिएको हुन्छ । त्यस बखत म पात्रको बालसखा कालिदास मन्त्री हुन्छ र ऊ प्रतिकार समितिको सदस्य पनि हुन्छ ।

उसको बाबुलाई कैयौंपटक बिन्तीभाउ गरेपछि उसकै सिफारिसमा पिङ्कु कारावासबाट बाँचेर फर्किएको हुन्छ । मृत्युसँग लडिरहेको छोरालाई बचाउने उपायको खोजीका क्रममा म पात्र आफ्नो र कालिदासको बिगतलाई स्मरण गर्न पुग्छ । कालिदास उसको बाल्यकालदेखिको साथी हो । कालिदासको वास्तविक नाम कलुवा धोबी हो । कलुवासित बाल्यकालमा बिताएका क्षणहरुको स्मरण म पात्रले गरेको छ । विद्यालय तहको अध्ययन सकेर क्याम्पस तहको अध्ययनका लागि दुवैजना काठमाडौं जान्छन् । म पात्र प्रतिभाशाली विद्यार्थी भएकाले अध्ययनमा उसले राम्रा परिणामहरु ल्याउँछ भने कलुवा आई.ए. मै पटकपटक फेल भएपछि राजनीतितिर लाग्छ पढाइमा असफल भएपनि ऊ राजनीतिमा चाँडै नै लोकप्रिय बन्छ र मन्त्रीसम्म हुन्छ । म पात्र चाहिँ रोम्रो अङ्क ल्याएर एम.ए. पास गरेपछि पद्मकन्या क्याम्पसमा आंशिक प्राध्यापक हुन्छ । पछि ऊ कलुवा धोबी (मन्त्री बनेपछि कालिदास कुमार) को पि.ए. बन्छ । २०४६ सालको महाक्रान्तिले सफलता प्राप्त गर्न लागेका बेला कालिदासले बहुदलीय व्यवस्थाको घोषणा हुनुभन्दा अठचालीस घण्टाअगाडि एउटा वक्तव्यसँगै आफू बहुदलीय व्यवस्थाको पक्षमा रहेको कुरा घोषणा गर्छ । पछि फेरी चुनाव जितेर ऊ प्रजातन्त्रिक व्यवस्थामा पनि मन्त्री बन्छ र म पात्रको दयनीय अवस्था भने यथावत् रहन्छ ।

अतीतको स्मरण गर्दै भावुक बनेको म पात्र पुनः यथार्थ जगत्मा फर्कन्छ र आफ्नो बालसख (मन्त्री कालिदास) लाई फोन गर्छ । फोनमा हडबडाउँदै उसले कालिदाससित अनुनय बिन्य

गर्छ "........ हलो, हलो मन्त्रीज्यू, म हुँ, हजुरको बालसखा विभूति, ......... मेरो एक्लो छोरो पिङ्कुको टाउकामा उसको गिदी फ्यात्त बाहिर निस्कने गरी हजारौ लट्ठी हानेका छन् ........ ऊ बेहोस छ । ...... कालिदास, हेलिकप्टरबाट चौबीस घण्टाभित्र काठमाडौं पुऱ्याइएन भने त्यो मर्छ रे । ..... मेरो यार ! ..... मेरो छोराको जिन्दगी भीक देऊ मलाई ...... !" तर कालिदासले आफू मन्त्रीबाट हटिसकेकाले केही गर्न नसक्ने विवशता देखाउँछ र औपचारिकतास्वरुप पिङ्कुप्रति सहानुभूति प्रकट गर्छ । ऊ निराश भएर फोन राखिदिन्छ । अन्त्यमा पिङ्कुको दुःखद निधन हुन्छ र कथा टुङ्गिन्छ ।

**२) पात्र**

'कथा कालिदासस्य' कथामा म पात्र, पिङ्कु, कालिदास, गुण्डाहरु, आमा, मित्र, बच्चाहरु, सिपाहीहरु आदि पात्रहरुको उपस्थिति छ । तर कथाको सुरुदेखि अन्त्यसम्म म पात्र र कालिदास मात्र देखापरेका छन् । कथाको विषयवस्तुलाई यिनै दुई पात्रले अघि बढाएका हुनाले यी दुवै मुख्य पात्र हुन् । पिङ्कु यस कथाको सहायक पात्र हो भने गुण्डाहरु, आमा, मित्र, बच्चाहरु, सिपाहीहरु आदि गौण पात्र हुन् । स्वभावका आधारमा म पात्र र पिङ्कु अनुकूल पात्र हुन् किनभने यिनमा कुनै प्रकारो दोष देखिदैन । कालिदासलाई प्रतिकूल पात्रका रुपमा लिन सकिन्छ किनभने उसले आफू मन्त्री भएका बेला आन्दोलनलाई दबाउन कयौं मानिसहरुको हत्या गरेको छ र पिङ्कुको मृत्युको कारण पनि उही हो । प्रवृत्तिका आधारमा म पात्र, कालिदास र पिङ्कु तीनैजनालाई गतिशील पात्र मान्न सकिन्छ । आवद्धताका आधारमा म पात्र, कालिदास र पिङ्कु बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

**३) दृष्टिविन्दु**

राजेन्द्रप्रसाद विमलद्वारा लिखित 'कथा कालिदासस्य' कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टि र विश्लेषणका लागि दृष्टिकेन्द्रीय पात्रका रुपमा रहेको म पात्रको संवेगात्मक स्थितिलाई कथामा खोजेर हेर्नुपर्ने हुन्छ ।

म पात्रको एक्लो छोरो राजनीतिक गुन्डाहरुको लट्ठी खाएर मरणासन्न अवस्थामा पुगेको हुन्छ । छोरालाई बचाउनका लागि केही पनि गर्न नसकेकामा ऊ अत्यन्तै दुःखी भएको छ । २०४६ सालको जनआन्दोलनको स्मरण गर्नु, प्रजातन्त्रका बारेमा बालक छोरोले विभिन्न जिज्ञासा राख्नु, कालिदास र आफ्नो बाल्यकाल तथा बिद्यार्थी जीवनको स्मरण गर्नु, छोरालाई बचाउन कालिदाससित सहयोग माग्नु कालिदासले सहयोग नगर्नु आदि घटनाहरुले म पात्रमा उत्पन्न पीडा, निराशा, पश्चाताप जस्ता भावसंवेगहरुलाई जनाउँछन् । यसरी कथामा भएका हरेक घटनाको अनुभवकर्ता म पात्र भएकाले यस कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ भन्न सकिन्छ ।

४) **सारवस्तु**

राजनीतिलाई आफ्नो अनुकूल बनाउन नेताले जानेको हुन्छ । क्षणक्षणमै आफ्नो शरीरको रङ्ग फेर्ने छेपाराको जस्तै स्वभाव नेताहरुको हुन्छ । राजनीतिमा योग्यताको आवश्यकता पर्दैन र जस्तोसुकै अपराध गर्नेहरु पनि व्यवस्था परिवर्तन हुनासाथ निर्दोष र चोखा बन्छन् । राजनीतिप्रतिका यिनै आलोचनात्मक दृष्टिकोण अघि सार्नु यस कथाको प्रमुख उद्देश्य हो । प्रस्तुत कथामा पिङ्कुलाई मरणासन्न अवस्थामा पुऱ्याउने र सयौं मानिसहरुको निर्मम हत्या गर्न लगाउने मन्त्री कालिदासले सत्ता परिवर्तनको सङ्केत पाउने बित्तिकै आफू पूरानो सत्ताको बिरोधी र क्रान्तिको समर्थक भएको घोषणा गरेको छ । यसबाट उसमा भएको चलाखीपूर्ण स्वार्थी प्रवृतिको प्रमाण मिल्छ । ऊ आफ्नो बहुरङ्गी स्वरुप देखाउँदै जनताका आँखामा छारो हाल्न सफल भएको छ । बाल्यकालदेखिकै साथी कालिदास र म पात्रमध्ये कालिदास पढाइमा अत्यन्त कमजोर हुन्छ भने म पात्र प्रतिभाशाली हुन्छ । पछि कालिदास पढाई छोडेर राजनीतितिर लाग्छ र फट्याई, बदमासीका आधारमा लोकप्रिय भई मन्त्रीसमेत बन्छ । तर म पात्रले एम.ए. पास गरेर बल्लतल्ल आंशिक प्रशिक्षकको जागिर पाउँछ । यसले राजनीतिमा योग्यतालाई महत्व नदिइने कुरा प्रष्ट हुन्छ । पुरानो सरकारमा मन्त्री छँदा कैयौं निर्दोष व्यक्तिको हत्या गर्न लगाउने कालिदास व्यवस्था परिवर्तन भएपछि पनि चुनाव जितेर पुनः मन्त्री बन्नुले राजनीतिमा दण्डहीनताको स्थिति रहेको कुरा पुष्टि हुन्छ ।

**५) रुपविन्यास**

प्रस्तुत 'कथा कालिदासस्य' यथार्थवादी शैलीमा लेखिएको सामाजिक कथा भएकाले संबृत्त रुपविन्यासको प्रयोग गरिएको छ । यस कथाको भाषाशैलीमा सरल र सोझो गद्यको प्रयोग भेटिन्छ । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई अलङ्कारिक बनाउने काम कतै भएको छैन ।

कथामा भाषिक स्वभाविकता ल्याउन घिटघिट, घटाघट, ढ्याङ्ग, सन्न, सनाक, धायँ, ब्वाङ, टुलुटुलु, छक्क, फ्वाँ-फ्वाँ, चुकचुक जस्ता अनुकरणात्मक शब्द र केही निपात शब्द पो, त, लौ आदिको प्रयोग भएको पाइन्छ । राजनैतिक बिषयमा आधारित कथा भएकाले राजनैतिक क्षेत्रमा प्रयोग हुने प्रजातन्त्र, आन्दोलन, क्रान्ति, तानाशाही, पञ्चायती, जुलुस जस्ता शब्दहरुको पनि प्रयोग भएको पाइन्छ ।

घिटघिट, घटाघट, क्याङल्याङ, पाँच-पाँच, गाउँ-गाउँ, ब्वाङ-ब्वाङ, हातगोडा, जस्ता द्वित्व शब्दहरुको पनि प्रयोग भएको पाइन्छ ।

वाक्यगठन दृष्टिले यस कथामा सरल वाक्यहरुकै प्रयोग बढी पाइन्छ । संयुक्त तथा मिश्र वाक्यहरु पनि सरल रुपबाट नै प्रयोग भएको पाइन्छ । पात्रहरुको सामाजिक र बौद्धिकस्तर अनुसार मीठो भाषाको प्रयोग भएको छ साथै कथावस्तु अनुसार शीर्षक पनि सार्थक छ ।

### ४.४.४ दुलो

**१) कथावस्तु**

प्रस्तुत 'दुलो' कथा यौनमनोविज्ञानमा आधारित कथा हो । यो कथा रैखिक ढाँचामा निर्मित छ । यस कथामा कथाकारले किसलय र चन्दाको मनमा रहेका यौन कुण्ठाहरुलाई प्रस्तुत गरेका छन् । किसलयको २२ बर्षको उमेरमा चौध बर्षकी चन्दासँग विवाह हुन्छ । भद्दा नाक, मोटोघाटो र नमिलेको शरीरका कारण किसलय बाइस बर्षको भए पनि तीस बर्षको जस्तो देखिन्छ । चन्दा भने जीउडाल मिलेकी सुन्दर युवती थिई । किसलय र चन्दाको

शारीरिक सौन्दर्यका बीच तुलना गर्न मिल्दैनथ्यो । त्यसैले किसलय र चन्दाको विवाहलाई अनमेल विवाह भन्दै केटी पक्षका मान्छेहरुले अनेक टिकाटिप्पणी गर्छन् । उक्त कुरा थाहा पाएर किसलय अत्यन्तै भावुक र मर्माहत बन्छ । विवाह भएको निकैदिन पछि पनि दाम्पत्यजीवन सहज बन्न नसकेको र चन्दालाई विक्षिप्त अवस्थामा रहेको पाउँदा किसलयले उसलाई मुक्त गर्न पनि चाहन्छ तर एउटा पुरुषसँग वैवाहिक बन्धनमा बाँधिएपछि फेरी अरुले स्वीकार नगर्ने भएकाले ऊ त्यसो गर्न सक्दैन । एउटा नवविवाहित जोडीमा जुन किसिमको आकर्षण र निकट सम्बन्ध हुनुपर्थ्यो, त्यसबाट बञ्चित रहन पर्दा किसलय आफूलाई अत्यन्तै अभागी ठान्दछ । उसका मनमा बिचारहरुको उतारचढाव हुन्छ । यसैक्रमा चन्दासित दिपेशको भेट हुन्छ । चन्दा दिपेशप्रति आकर्षित हुन्छे र उसका प्रत्येक क्रियाकलाप मनपराउँछे । उसले किसलयको वास्तासमेत गर्न छाडेकी हुन्छे । चन्दाको उपेक्षित व्यवहारले किसलय आत्महत्या गर्ने सोचसमेत बनाउँछ । तर फेरि उसले एउटी केटीका लागि आत्महत्या गर्नु मुर्ख्याइँ ठान्छ । ऊ कैयौं दिनसम्म भोकै बस्छ र धुम्रपानको कुलतमा लाग्छ । दमको व्यथाले उसको शरीर शिथिल हुन्छ र दुब्लाएर कङ्काल मात्र बाँकी रहन्छ । यस्तो अवस्थामा पनि चन्दामा किसलयप्रति दया र सहानुभूतिको साटो घृणा बढ्दै गएको हुन्छ । किसलय र चन्दाका बीच भावनात्मक दूरी रहँदारहँदै पनि तीनवटा सन्तान जन्मिसकेका हुन्छन् । यसैबीच किसलयको भेट मधुलिकासित हुन्छ । मधलिकाको यौवन र सौन्दर्यबाट ऊ मोहित हुन्छ । मधुलिका पनि किसलयको निर्दोष, सुशील र प्रतिभाशाली व्यक्तित्वप्रति आकर्षित हुन्छे । बिस्तारै उनीहरु एकअर्काका निकट बन्दै जान्छन् र त्यो सम्बन्ध एकदिन विवाहमा परिणत हुन्छ । उनीहरुको त्यो अबैध वैवाहिक सम्बन्धप्रति समाज र परिवारले अनेक टिकाटिप्पणी गर्छन् र चन्दा तथा उसका छोराछोरीप्रति सहानुभूति प्रकट गर्छन् । किसलयले चन्दाबाट तीन सन्तान भएपछि कसैले थाहा नपाउने गरी भ्यासेक्टोमी गराएको हुन्छ जसले गर्दा मधुलिका मातृत्वको गौरबबाट वञ्चित हुन्छे । आफू आमा बन्न नसके पनि ऊ किसलयका छोराछोरीलाई माया गर्छे । किसलयको जेठो छोरो बन्टुलाई त झन् असाध्यै माया गर्छे । बन्टु पनि मधुलिकासँग बस्न र गफ गर्न रुचाउँछ । मधुलिका र बन्टुका बीचको सम्बन्धलाई सुरुमा किसलयले आमाछोराको जस्तो ठानेपनि पछि उ गम्भीर हुन्छ । यसै क्रममा उसको सरुवा काठमाडौं हुन्छ तर मधुलिका उसँग जान मान्दिन ।

काठमाडौंमा एक दिन उसले मधुलिकाको चिठी पाउँछ । त्यस चिठीमा एउटा वाक्य लेखिएको हुन्छ "हजुरको कृपाले मैले आमा बन्ने मौका पाएकी छु र हजुर फेरी एक पटक पिता होइबक्सेको छ ।" यस वाक्यले किसलयलाई छतबिछत बनाउँछ । ऊ आफ्नो मनभित्रको दुलोमा बास बसेको गोमनले पटकपटक आफूलाई डसेको महसुस गर्छ । यसरी कथाको अन्त्य भएको छ ।

**२) पात्र**

'दुलो' कथामा किसलय, चन्दा, मधुलिका, बन्टु, मन्टु, स्नेहा, स्निग्धा, रचना, दिपेश, चन्दाका आमाबुबा, छिमेकीहरु आदि पात्रहरु छन् । किसलय कथाको सुरुदेखि अन्त्यसम्म देखापरेको छ । त्यसैले किसलय मुख्य पात्र हो । चन्दा र मधुलिका सहायक पात्र हुन् भने बन्टु, मन्टु, स्नेहा, स्निग्धा, दिपेश, रचना, चन्दाका आमाबाबु र छिमेकीहरु गौण पात्र हुन् । स्वभावका आधारमा सबै पात्रहरु प्रतिकूल देखा पर्छन् । चन्दा आफ्नो विवाहित पतिप्रति पूरा गर्नुपर्ने कर्तव्यबाट चुकेकी छ भने किसलयले त झन् घरमा विवाहित श्रीमती हुँदाहुँदै मधुलिकासित विवाह गरेर गैरकानुनी र गैरसामाजिक कार्य गरेको छ । त्यसैगरी छोराछोरी समेत भएको एउटा विवाहित पुरुष (किसल) सित झ्यामिन आउनु मधुलिकाको पनि ठूलो कमजोरी हो । प्रबृत्तिका आधारमा किसलय गतिशील पात्र हो किनभने उसले मधुलिकासित विवाह गरेको छ । मधुलिका पनि गतिशील पात्र हो किनभने उसले सामाजिक बन्धनहरुको बेवास्ता गर्दै किसलयसित विवाह गरेकी छे र आफ्नो अतृप्त यौन चाहना पूरा गर्न बन्टुसित लहसिएकी छ । चन्दा भने स्थिर पात्र हो । आबद्धताका आधारमा किसलय, चन्दा र मधुलिका बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

**३) दृष्टिबिन्दु**

'दुलो' कथा बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा लेखिएको कथा हो किनभने यस कथामा कथाकारले किसलय र चन्दाको संवेगात्मक अवस्थालाई देखाएको छ । यस कुराको पुष्टिका लागि यी दुबै पात्रको संवेगात्मक अवस्थालाई कथामा खोजेर हेर्न सकिन्छ ।

किसलय चन्दासँग वैवाहिक बन्धनमा बाँधिन्छ । उसका परिवार राम्री बुहारी पाएकामा खुसी छन् । तर बेहुलीपटिका मान्छेले विवाहकै दिन अनमेल विवाह भन्दै टिकाटिप्पणी गर्नु, चन्दालाई उदास र निराश पाउनु, चन्दा छिमेकको दिपेशप्रति आकर्षित हुनु, जतिसुकै प्रयास गर्दा पनि आफूलाई उपेक्षित र घृणित पाउनु आदि कारणले गर्दा किसलयको मस्तिष्कमा उत्पन्न भएका जलन, पीडा आदि संवेदनाहरुलाई कथाकारले चित्रण गरेका छन् । मधुलिकाको बन्टुसितको सम्बन्ध, गर्भवती हुनु आदि घटनाले किसलयको दृष्टिबिन्दुलाई अझ सशक्त बनाउँछ ।

कथाकारले यस कथामा चन्दाको संवेगात्मक अवस्थाको पनि चित्रण गरेका छन् । जब चन्दाको विवाह किसलयसित हुन्छ, ऊ आफूलाई अत्यन्त अभागिनी ठान्छे । आफ्नो सौन्दर्यको तुलनामा किसलयलाई ऊ अत्यन्त भद्धा र कुरुप देख्छे । दिपेशसँगको चिनजान, किसलयको मधुलिकासितको विवाह, छिमेकीहरुको सहानुभूति आदि कुराहरुले चन्दाभित्र उत्पन्न संवेगहरुलाई पनि कथाकारले चित्रण गरेका छन् । यसरी कथाकारले किसलय र चन्दा दुवैको मनस्थितिमा उत्पन्न संवेगहरुलाई सहज रुपमा प्रस्तुत गरेका छन् । त्यसैले 'दुलो' बाह्य सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको कथा हो ।

४) **सारवस्तु**

मानिसले अतृप्त यौनेच्छा पूर्तिका लागि जस्तोसुकै कार्य पनि गर्न सक्छ भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य सारवस्तु हो । किसलयको विवाह अत्यन्त सुन्दर केटी चन्दासँग भएको छ तर उसले जहिले पनि आफूलाई घृणित र उपेक्षित भएको पाउँछ । चन्दाको व्यवहारले ऊ बिक्षिप्त बनेको छ । तीनतीनवटा सन्तान भइसक्दा पनि उनीहरुका बीच भावनात्मक दूरी कायमै रहन्छ । यिनै कारणहरुले गर्दा किसलय स्वभाविक रुपमा मधुलिकासँग निकट बन्न पुगेको छ र उसँग विवाहसमेत गरेको छ । चन्दा पनि आफ्नो रुचि र उमेर मिल्दो केटो दिपेशतर्फ आकर्षित भएकी छ भने मधुलिकाले त झन् आफ्नो यौनचाहनाको परिपूर्तिको लागि बन्टुसँग अबैध सम्बन्ध राखेकी छ । यसरी यी पात्रहरुका क्रियाकलापबाट

मान्छेले आफ्नो अतृप्त यौनचाहना पूरा गर्न गैरकानुनी वा गैरसामाजिक कार्य गर्न पनि पछि पर्दैन भन्ने कुरा प्रमाणित हुन्छ ।

**५) रुपविन्यास**

प्रस्तुत 'दुलो' एक यौनमनोबैज्ञानिक कथा हो । यस कथामा भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई सिँगार्ने काम कतै पनि भएको छैन । पात्रहरुको स्तर अनुरुप बोलीचालीका पद र पदावलीको प्रयोग गरिएको छ । सरल र सहज अभिव्यक्ति भएकाले कथा सुबोध्य छ । त्यसैले यो कथालाई संवृत रुपविन्यास भएको कथा मानिन्छ ।

छाछ, जीउडाल, बेहुला, ससुरा, जाडा, भुत्त, खुकुरी, माग्ने, हाइसन्चा, डमरु, झरी, फरिया, जस्ता गाउँघरमा बोलिने शब्दहरुको प्रयोग भएका छन् ।

टलपल, स्वात्त, ढकमक्क, झपक्क, ठिङ्ग, झलमल्ल, फुङ्ग जस्ता अनुकरणात्मक शब्दहरुको साथै हो, त, नि जस्ता निपातहरु पनि यथास्थानमा प्रयोग भएका छन् । प्रेमी-प्रेमिका, मोटोघाटो, घिटघिट, टलपल, चुकचुक, जस्ता द्वित्व शब्दहरु पनि प्रयोग गरिएका छन् ।

बाक्यगठनका दृष्टिले हेर्दा यस कथामा सामान्यतया सरल वाक्यहरुकै प्रयोग भएको पाइन्छ । संयुक्त तथा मिश्र वाक्यहरु पनि सरल रुपबाट नै प्रयोग भएका छन् । यस कथामा ठाउँ ठाउँमा संवादको पनि प्रयोग भएको पाइन्छ । यसका साथै आख्यानात्मक कृतिमा जुन प्रकारबाट अनुच्छेदयोजना गरिनुपर्छ त्यो यस कथामा पाउन सकिन्छ ।

### ४.४.५ माओवादी

**१) कथावस्तु**

प्रस्तुत 'माओवादी' कथा राजनैतिक बिषयवस्तुमा आधारित कथा हो । यसमा रैखिक गतिको कथानक ढाँचाको प्रयोग गरिएको छ ।

जनकपुरको हवाइअड्डा, मन्त्रीको आगमन हुन लागेकाले देखिएको चहलपहल, एउटा कम्बल ओढेको बूढो, मान्छेहरुको उपस्थिति र तीनजना पात्र सामान्य नागरिक, व्यापारी र पत्रकार आदिको संवादबाट कथा अगाडि बढेको छ । उपस्थित पात्रहरुमध्ये पत्रकारले मन्त्री दिग्विजयबहादुरका बारेमा आफ्नो जानकारी बताउँदै कथालाई गति प्रदान गर्छ ।

दिग्विजयबहादुरलाई चुनावमा जिताउन गोगने बूढो र उसको छोरो बद्रीले निकै ठूलो सहयोग गर्छन् । चुनाव जितेर दिग्विजयबहदुर मन्त्री भएपछि बद्री नोकरी माग्न जान्छ तर बद्री भन्दा उसकी श्रीमती लालीमैयाँलाई योग्य ठहर गर्दै उसले आफ्नो टाइपिस्ट बनाउँछ । पेटको समस्याका कारण बद्रीले दाम्पत्यसुखबाट बञ्चित हुनुपरेको छ । लालीले प्रत्येक महिना पठाएको पन्ध्र सय रुपियाँले आफू र बूढो बाबुको पेटको समस्या टरेकामा ऊ दिग्विजयको जयजयकार गर्छ । यसैक्रममा ऊ लालीलाई भेट्न काठमाडौ पुग्छ र धेरै प्रयासपछि मन्त्रीको क्वार्टरसम्म पुग्छ । त्यहाँ उसले लालीलाई अर्द्धनग्नअवस्थामा मन्त्रीको अँगालामा बसेको देख्छ । ऊ चेतनाशून्य अवस्थामा फर्किन्छ र कयौ दिनसम्म काठमाडौंका गल्लीहरुमा पागल जस्तै बरालिइरहन्छ । ऊ एक दिन दिउँसै रक्सी खाएर मन्त्रीको क्वार्टरमा पुग्छ । त्यहाँ उसले लालीलाई रक्सी खाएर नाङ्गै नाचिरहेकी पाउँछ । उसलाई लालीले तुरुन्त बाहिर गइहाल्ने आदेश दिन्छे । तर बद्रीले पहिला एउटा फरियाले उसको जीउ छोपिदिन्छ र गालामा एक चड्कन हान्छ । यत्तिकैमा त्यहाँ केही गुण्डाहरु आएर उसलाई कुटपिट गर्छन् । अर्को दिन पनि केही गुन्डाहरु उसको डेरासम्म पुगेर मरणान्त हुनेगरी कुट्छन् । केही दिनपछि बद्रीले लालीमैयाँ गर्भवती भएको कुरा अखबार पढेर थाहा पाउँछ । गर्भवती भएको हल्ला फैलिएपछि दिग्विजयले लालीलाई निकालिदिन्छ । लालीले नेता र पत्रकारहरुको सहयोगमा अदालतमा मुद्दा हाल्छे । दिग्विजयले अदालतको फैसलामा लालीलाई पत्नीका रुपमा स्वीकार गर्छ तर पछि उसको हत्या गर्छ र लालीले आत्महत्या गरी भन्ने हल्ला फिजाउँछ । यस घटनाले बद्रीलाई झन् बिक्षिप्त बताउँछ र ऊ आफ्नो पीडा बिर्सन विभिन्न प्रकारका लागूपदार्थको सेवन गर्छ । ऊ दिग्विजयलाई गालीगर्दै मार्ने धम्की दिन्छ । यस्तैमा एक दिन पत्रिकाले उसको अन्तर्वाता छाप्छ र त्यसको भोलिपल्ट

दिग्विजयका गुन्डाहरुले उसलाई मारेर बिष्णुमतीमा फालिदिने चेतावनी दिन्छन् । दुब्लाएर कङ्काल मात्र बाँकी रहेको बद्री ससुरासँग आफ्नो घर फर्कन्छ । गाउँमा पनि ऊ लागू पदार्थ खाएर बौलाहाझै कराउँदै हिँड्छ । एक रात उसलाई चार जना गुन्डाले खुकुरीले हातखुट्टा काटी जिउँदै जलाएर मार्छन् । यस कटनाको विवरणमा ठूल्ठूला अखबारहरुमा “पुलिससँगको मुठभेडमा सिन्धुलीको नामुद माओबादी बद्री मारियो ।” भन्ने खबर छापिन्छ । दिग्विजयसित छोराको निर्मम हत्याको बदला लिन गोगने बूढो आतुर रहन्छ । त्यसैले दिग्विजय जनकपुर आएका बेला उसमाथि आक्रमण गर्ने योजनाअनुसार जनकपुरको हवाइअड्डामा मान्छेहरुको भिडमा रहेको मन्त्री दिग्विजयमाथि उसले बम प्रहार गर्छ । दिग्विजय सामान्य घाइते मात्र हुन्छ र उसले आफ्नो रिभल्भरद्वारा गोगनेको हत्या गर्छ । यसरी कथाको अन्त्य हुन्छ ।

**२) पात्र**

‘माओवादी’ कथामा गोगने बूढो, बद्री, दिग्विजयबहादुर, लालीमैयाँ, सामान्य नागरिक, व्यापारी, पत्रकार, गुन्डाहरु, पुलिसहरु, अङ्गरक्षक आदि पात्रहरुको उपस्थिति छ । गोगने बूढो र दिग्विजयबहादुर कथाको सुरुदेखि अन्त्यसम्म देखा परेका छन् । त्यसैले यी दुवै मुख्य पात्र हुन् । बद्री र लालीमैयाँ सहायक पात्र हुन् भने सामान्य नागरिक, पत्रकार, व्यापारी, गन्डाहरु, पुलिसहरु, अङ्गरक्षक आदि गौण पात्र हुन् । स्वभावका आधारमा गोगने बूढा र बद्री अनुकूल पात्र हुन् भने दिग्विजयबहादुर प्रतिकूल पात्र हो । ऊ पैसाको बलमा चुनाव जितेर मन्त्री भएको छ र हिंसा, बलात्कार, भ्रष्टाचार जस्ता नराम्रा काममा उसको नाम अगाडि आउँछ । लालीमैयाँले पनि यौवनको उन्मादमा आफ्नो लोग्नेको अपमान गर्दै छाडा संस्कृतिको नक्कल गरेकी छ । त्यसैले ऊ पनि प्रतिकूल पात्र हो । प्रवृत्तिका आधारमा दिग्विजयबहादुर र लालीमैयाँ गतिशील पात्र हुन् किनभने दिग्विजयबहादुर आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै कार्य गर्न पनि पछि पर्दैन र लालीमैयाँ एउटा गाउँले केटी सहरमा गएपछि पूर्ण रुपमा परिवर्तित भएकी छ । आबद्धताका आधारमा गोगने बूढा, बद्री, लालीमैयाँ र दिग्विजयबहादुर बद्ध पात्र हुन् भने अरु मुक्त पात्र हुन् ।

### ३) दृष्टिबिन्दु

'माओवादी' कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा बद्री र गोगनेको दृष्टिबिन्दुलाई प्रस्तुत गरिएको छ । यसको पुष्टिका लागि बद्री र गोगनेको संवेगात्मक स्थितिलाई कथामा खोजेर हेर्नुपर्ने हुन्छ ।

दिग्विजय मन्त्री भएपछि बद्री नोकरी माग्न जानु, एस.एल.सी पढेको बद्री भन्दा सात क्लाससम्म पढेकी लालीमैयाँलाई बढी योग्य ठहऱ्याउनु, दाम्पत्यसुखबाट वञ्चित रहनु, लालीमैयाँलाई काठमाडौं भेट्न जाँदा मन्त्रीको गाडीमा मन्त्रीसँगै टाँसिएर बसेको देख्नु, क्वार्टरमा लालीमैयाँलाई अर्द्धनग्न अवस्थामा मन्त्रीको अँगालोमा देख्नु आदि कुराहरुले बद्रीभित्र उत्पन्न संवेगहरुलाई कथाकारले चित्रण गरेका छन् ।

कथाकारले यस कथामा गोगने बूढाको संवेगात्मक स्थितिको पनि चित्रण गरेका छन् । गोगने बूढोले छोरोलाई नोकरी लाइदेला भन्ने आशाले दिग्विजयलाई चुनावमा निकै सहयोग गर्छ । दिग्विजय मन्त्री भएपछि छोरोको ठाउँमा बुहारीलाई नोकरी लगाइदिन्छ । बुहारीले प्रत्येक महिना पठाएको पन्ध्रसयले बाबुछोराको पेट पालिएको हुन्छ । यसैक्रममा बद्री लालीमैयाँलाई भेट्न काठमाडौं जानु, मन्त्रीका गुन्डाहरुबाट नराम्रोसँग कुटाई खानु, आफ्नै गाउँ फर्केपछि पनि मन्त्रीका गुन्डाले हातखुट्टा काटेर जिउँदै जलाउनु, उक्त घटनाका बारेमा "पुलिससँगको मुठभेडमा सिन्धुलीको नामुद माओवादी बद्री मारियो" भन्ने खबर अखबारमा छापिनु आदि कारणले गर्दा गोगनेको मस्तिष्कमा उत्पन्न संवेदनाहरुलाई कथाकारले चित्रण गरेका छन् ।

### ४) सारबस्तु

'माओवादी' कथा राजनैतिक बिषयवस्तुमा आधारित छ । यस कथामा कथाकारले राजनैतिक शक्तिप्राप्त व्यक्तिहरु कसरी आफ्नो स्वार्थ पूरा गर्न त्यसको दुरुपयोग गर्छन् भन्ने कुरा देखाउन खोजेका छन् । त्यसैगरी नियमकानुन अझै निरिह छ, त्यसले जनताहरुलाई समान व्यवहार गर्न सकेको छैन भन्ने कुरा पनि यस कथामा देखाइएको छ ।

यस कथाको एउटा प्रतिकूल पात्र दिग्विजयबहादुरले राजनैतिक शक्तिको आडमा हिंसा, बलात्कार, भ्रष्टाचार जस्ता कार्यहरु निर्धक्कसँग गरेको छ । बद्रीको हत्या, लालीमैयाँसँगको अवैध यौनसम्बन्ध र पछि हत्या, गोगने बूढोको हत्या आदि कुरालाई प्रमाणका रुपमा लिन सकिन्छ । यति धेरै आपराधिक कार्यहरु गर्दा पनि दिग्विजयबहादुरलाई कुनै प्रकारको कार्वाही नगर्नाले कानूनको निरिहताको पुष्टि हुन्छ ।

**५) रुपविन्यास**

'माओवादी' कथा संवृत्त रुपविन्यासलाई अपनाएर लेखिएको कथा हो । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई आलङ्कारिक बनाउने काम यस कथामा कतै पनि भएको छैन । प्रतीक वा बिम्बको भाषा प्रयोग गर्ने काम पनि यस कथामा कहीँ पाइँदैन । सरल र सुबोध्य गद्यशैलीलाई अँगालेर कथाकारले यस कथाको निर्माण गरेका छन् ।

प्रस्तुत कथामा कम्बल, अधबैंसे, हुन्डरी, गोगने, मोरी, जस्ता गाउँघरमा प्रचलित बोलीचालीको भाषामा प्रयोग गरिने शब्दहरुलाई सन्दर्भ मिलाएर राखिएका छन् ।

कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि ठमठम, खप्लक्क, डङ्ग्रङ्ग, थुर्र, झिलिक्क, टम्म, स्याँस्याँ जस्ता अनुकरणात्मक शब्दहरुका साथै घुँडाघुँडा, आलुप्याज, बल्लतल्ल, नाङ्गानाङ्गा जस्ता द्वित्व शब्दहरु र, खै, रे, त, कि, अरे जस्ता निपात शब्दहरुको प्रयोग भएको पाइन्छ ।

माओवादी, अपराधी, गिरोह, भ्रष्टाचार, नागरिक, मन्त्री, सुरक्षा जस्ता राजनीतिमा प्रयोग गरिने शब्द पनि प्रयोग गरिएको छ ।

वाक्यगठनका दृष्टिले सरल बाक्यकै आधिक्य छ । कतैकतै मिश्र र संयुक्त बाक्य पनि सरल रुपमा नै प्रयोग भएका छन् । ठाउँठाउँमा संवादको प्रयोग भएको छ । पात्रहरुको बौद्धिक स्तरअनुसार मीठो भाषाको प्रयोग भएको छ ।

यसरी यस कथाको रुपविन्यास संबृत्त देखिन्छ ।

### ४.४.६ नयाँ नेपाली कोकशास्त्र

**१) कथावस्तु**

'नयाँ नेपाली कोकशास्त्र' राजेन्द्रप्रसाद विमलद्वारा लिखित सामाजिक कथा हो । यो कथा रैखिक ढाँचामा लेखिएको छ । यस कथामा नेपाली समाजमा रहेको चेलीबेटी बेचबिखनसम्बन्धी समस्यालाई मुख्य रुपमा प्रस्तुत गरिएको छ ।

डि.के. एउटी अपूर्व सन्दरी युवतीलाई पाठेघरको क्यान्सरको उपचार गराउन 'टाटा इन्स्टिच्युट' लग्दै छ । त्यसलाई उसले आफ्नी स्वास्नी भनेर चिनाएको छ । युवतीलाई निरन्तर भइरहेको रक्तश्राव र डि.केको स्याहारसुसारबाट वरपरका मान्छेहरु उनीहरु लोग्नेस्वास्नी हुन् भन्ने कुरामा विश्वस्त छन् । सबै यात्रुहरु आ-आफ्ना धुनमा हुन्छन् र डि.के.ले पनि समय कटाउन एउटा सचित्र कोकशास्त्र हातमा लिएको हुन्छ । तर उसलाई कोकशास्त्र पढ्न मन लाग्दैन र नजिकै बसेको एउटा युवकसित 'सत्यकथा' मागेर "के यो एउटै नेपाली केटीको कथा हो ?" भन्ने शीर्षकको कथा पढ्न थाल्छ । त्यस कथामा इला नाम गरेकी केटी र अमित नाम गरेको केटाका बीचको प्रेमप्रसङ्ग, विवाह र केटाले धोका दिएका कुराहरु उल्लेख गरिएको हुन्छ । अमित एउटा पेसेबर दलाल हुन्छ । सोझासाझा केटीहरुलाई अनेक प्रकारले आफ्नो वशमा पार्दै भारतका बेश्यालयहरुमा लगेर बेच्ने कार्यमा ऊ संलग्न हुन्छ । अमितले इलासित पहिले प्रेमको नाटक रच्दै पछि विधिपूर्वक विवाह गरेको छ र अचेत अवस्थामा बम्बईका एउटा बेश्यालयमा छाडेर आफू गायब भएको छ । इला बेश्यालयमा नारकीय जीवन बिताउन विवश हुन्छे । उसलाई एड्स जस्तो भयानक रोग लाग्छ । एड्स लागेको थाहा पाएपछि उसलाई बेश्यालयबाट बाहिर निकालिन्छ ।

उसमा सम्पूर्ण पुरुष जातिप्रति नै घृणा जागृत हुन्छ र बदलाको भावना विकसित हुन्छ । उसले असंख्य पुरुषहरुसित यौनसम्पर्क राख्छे र कयौंले उसलाई सामुहिक बलत्कार गर्छन् । अन्त्यमा आफू थुप्रै पुरुषहरुलाई एड्सको सिकार बनाउन सफल भएकामा बहुलाहीझै खितितिती हाँस्दै सन्तोषपूर्वक मर्छे । डि.के. सत्यकथा बन्द गर्छ र आफ्नी तथाकथित स्वास्नी मरी कि जीवितै छ भनेर हेर्छ । सत्यकथाको छद्मभेशी अमित डि.के.नै हुन्छ । इला पछि उसकी तथाकथित स्वास्नी दोस्रो केटी जसलाई ऊ बम्बै लैजाँदै छ । इलालाई आफ्नो जालमा फसाउन उसले प्रेम र विवाहको नाटक रच्नुपरेको थियो तर यस केटीलाई ऊ भरपेट भात मात्र खुवाउने आश्वासन दिएर बम्बई लैजाँदै छ । यसरी कथा टुङ्गिएको छ ।

**२) पात्र**

'नयाँ नेपाली कोकशास्त्र' कथामा डि.के, टुहुरी केटी, इन्जिनियर, व्यापारी, डाक्टर, सेठ, सेठानी, केटो, केटी, इला, बुढिया, युवकहरु, आमाबाबु, सहेलीहरु आदि पात्रहरु छन् साथसाथै मानवेतर पात्रका रुपमा कुकुर पनि देखापरेको छ । डि.के कथाको सुरुदेखि अन्त्यसम्म देखापरेको छ । त्यसैले डि.के. यस कथाको मुख्य पात्र हो । टुहुरी केटी र इला सहायक पात्र हुन् । यिनीहरु डि.के. को सहयोगी पात्रका रुपमा देखिएका छन् । इन्जिनियर, व्यापारी, डाक्टर, सेठ, सेठानी, केटो, केटी, बुढिया, युवकहरु, आमाबाबु, सहेलीहरु आदि सबै गौण पात्र हुन् । स्वभावका आधारमा डि.के. प्रतिकूल पात्र हो किनभने उसले गाउँघरका सोझा नेपाली चेलिबेटीलाई अनेक लोभलालच देखाएर भारतका वेश्यालयहरुमा लगेर बेच्ने काम गरेको छ । टुहुरी केटी र इला अनुकूल पात्रका रुपमा देखापरेका छन् । प्रवृत्तिका आधारमा डि.के गतिशील पात्र हो । उसको छद्म रुप र हरेक क्रियाकलापहरु नै यस कुराका प्राण हुन् । इला पनि गतिशील पात्र हो । किनभने सुरुमा डि.के. (छद्म नाम अमित) लाई असाध्यै माया गरेपनि ऊबाट धोका पाएपछि सम्पूर्ण पुरुष जातिलाई नै घृणा गर्छे । टुहुरी केटी चाहिँ स्थिर पात्र हो । आबद्धताका आधारमा डि.के., इला, टुहुरी केटी यी तीनैजना बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

### ३) दृष्टिविन्दु

'नयाँ नेपाली कोकशास्त्र' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा कथावाचकका रुपमा सर्वत्र डि.के. मात्र तृतीय पुरुषका रुपमा रहेको र उसैको संवेगात्मक स्थितिबाट कथा अगाडि बढेको हुनाले नै यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

डि.के. ले बिचेत अवस्थामा रहेकी युवतीका विभिन्न अङ्गहरुमा स्पर्श गर्नु, नजिकै बसेको युवकसित मागेर सत्यकथा पढ्नु, मनमनै राक्षसी अट्टाहस गर्नु, वितृष्णापूर्वक तिघ्राबाट रगत चुहाउँदै गरेकी केटीतर्फ हेर्नु आदि घटनाले डि.के. मा उत्पन्न भएका वासना, घृणा, क्रुरता जस्ता संवेदनाहरुलाई कथाकारले चित्रण गरेका छन् ।

### ४) सारवस्तु

नेपाली चेलीबेटीहरु कसरी अझै पनि दलालहरुको जालमा परेर भारतका बेश्यालयहरुमा नारकीय जीवन बिताउन बाध्य छन् भन्ने कुरा देखाउनु यसकथाको मुख्य सारवस्तु हो ।

प्रस्तुत कथाको मुख्य पात्र अत्यन्तै चतुर र दुष्ट प्रवृत्तिको छ । ऊ सोझा केटीहरुलाई अनेक लोभलालच देखाउँदै भारतका बेश्यालयहरुमा लगेर बेच्ने घृणित कार्यमा संलग्न छ । उसले आफूलाई अमित भनेर चिनाउँदै इलासित प्रेमको नाटक रचेर विवाहसमेत गरेको छ । इलाका आमाबाबु र साथीहरु अमित जस्तो श्रीमान् पाएकोमा उसलाई भाग्यमानी ठान्छन् । तर इलालाई बम्बईको बेश्यालयमा पुऱ्याएर अमित बेपत्ता भएपछि उसको जीवन नारकीय बन्छ । अमितले पशुपतिमा भेटिएकी टुहुरी केटीलाई चाहिँ पेटभरी मिठो खान दिने र राम्रो लुगा लगाउन दिने लोभ देखाएर आफ्नो जालमा फँसाएको छ । यसपटक उसले आफूलाई डि.के. भनेर चिनाएको छ ।

यसरी चेलीबेटी बेचबिखन समस्यालाई चित्रण गर्नु यस कथाको प्रमुख उद्देश्य देखिन्छ ।

### ५) रुपविन्यास

'नयाँ नेपाली कोकशास्त्र' यथार्थवादी शैलीमा लेखिएको सामाजिक कथा भएको हुनाले संबृत्त रुपविन्यासको प्रयोग भएको पाइन्छ । यस कथामा सोझो र सरल भाषाको प्रयोग भएको छ । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई आलङ्कारिक बनाउने काम पनि कतै भएको छैन । यस कथाको रुपविन्यासलाई केलाउँदा निम्न बिशेषताहरु प्राप्त गर्न सकिन्छ ।

गाउँघरमा प्रचलित बोलीचालीको भाषा प्रयोग गर्ने क्रममा खेत, स्वास्नी, मुन्टो बुढिया, मुँगफली, फरिया, सेठ जस्ता शब्दहरुको प्रयोग गरिएको छ ।

चुर्लुम्म, खितिती, चुकचुक, टुलुटुलु जस्ता अनुकरणात्मक शब्दहरुका साथै झिकीझिकी, खाँदाखाँदा, चिमचिम, झन्झन्, भित्रभित्र, पटकपटक जस्ता द्वित्व शब्दहरुको प्रयोग भएको पाइन्छ ।

ट्वेन्टी-नाइन, अप, सुपरफास्ट, ट्रेन, कम्पार्टमेन्ट, क्याम्पस, इन्स्टिच्युट, प्लेट, टिफिन, क्यारियर, ट्रेलर, बर्थ, जस्ता अंग्रेजी शब्दहरु पर्याप्त मात्रामा प्रयोग भएका छन् ।

वाक्यगठनका दृष्टिले सामान्यतया सरल वाक्यकै प्राधान्य छ । संयुक्त तथा मिश्र वाक्यहरु पनि सरल रुपबाट नै प्रयोग भएका छन् । ठाउँठाउँमा संवादको पनि प्रयोग भएको पाइन्छ । यसको शीर्षक चाहिँ अभिधात्मक नभएर प्रतीकात्मक छ ।

## ४.४.७ चिरा

### १) कथावस्तु

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'चिरा' कथा राजनैतिक बिषयवस्तुमा लेखिएको एउटा छोटो कथा हो । पूर्णतया कथाकारको कल्पनामा आधारित यो कथा रैखिक ढाँचामा निर्मित छ ।

तीस बर्षसम्मको लामो रक्तरञ्जित क्रान्तिपछि मुक्तिसेना एउटा नयाँ देश 'नकलिस्तान' बनाउन सफल हुन्छ । सङ्घर्षका क्रममा चार लाखभन्दा बढी व्यक्तिहरुको ज्यान जान्छ । नकलिस्तान मुक्तिको घोषणा भएको दिन जनरल प्रतापसिंहलाई हजार तोपको सलामी दिइन्छ । जनरल प्रतापसिंह जिन्दाबाद, नकलिस्तान जिन्दाबादका नारा लाग्छन् । जनरल प्रतापसिंह जनतालाई सम्बोधन गर्दै मानवअधिकार, प्रजातन्त्र, समानता र न्यायपूर्ण व्यवस्थाका पक्षमा जोड दिन्छन् । नयाँ मुलुकको सम्भावित राष्ट्राध्यक्ष प्रतापसिंहले जनताको भिडलाई संबोधन गरिरहेकै बेला भीडबाट एउटा कालो, अग्लो मान्छे उठेर उसको हातमा रहेको कालो झण्डा हल्लाउँदै जोड जोडले कराएर भन्न थाल्छ "यस स्वतन्त्रतासङ्ग्राममा सबभन्दा महत्वपूर्ण, भूमिका मेजर भैरवनाथको छ, हामी उसलाई मात्र नेता मान्छौ ।" भीडमा कोकोहोलो मच्चिन्छ र कुटाकुट पनि चल्छ । केहि व्यक्तिहरु घाइते हुन्छन् । दुइटा जुलुस इन्कलाब जिन्दाबाद गर्दै अलग अलग दिशातर्फ लाग्छन् । तर सभा भने चालु नै रहन्छ । नकलिस्तानको विभाजन पछि असलिस्तान र नकलिस्तानको भूमि छुट्याउन समस्या देखापर्छ । उक्त समस्या समाधानका लागि संयुक्त राष्ट्र संघले बिशेषज्ञहरुको एउटा आयोग गठन गर्छ जसमा प्रतापसिंह र भैरवनाथ पनि सहभागी हुन्छन् । सीमा निर्धारणका कार्यमा स्थानीय जनताले उत्साहपूर्वक भाग लिन्छन् । सानातिना विवादबाहेक कतै समस्या पर्दैन । तर पागलपुरको पागलखानाको विभाजनमा ठुलो समस्या देखापर्छ । पागलखानाको विभाजन र पागलहरु कुन देशको नागरिक बन्ने भन्ने कुराको छलफल गर्न पागलहरुका एउटा सभा बोलाइन्छ । जनरल प्रतापसिंह हातमा खरीको एउटा टुक्रो लिएर पागलखानाको माझमा सोझो गरी एउटा धर्का कोर्छन् र पागलहरुलाई सम्बोधन गर्दै भन्छन् "हेर भाइ हो, यो चिराभन्दा पूर्व अब अर्कै देश भइसक्यो र पश्चिम अर्कै देश । पूर्वको माटामा बस्ने नकलिस्तानी र पश्चिममा बस्ने असलिस्तानी । तिमीहरुमध्ये को-को पूर्वमा बस्छौ र को-को पश्चिममा बस्छौ ?" उनका कुरा पागलहरुले वाल्ल परी सुनेर मरीमरी हाँस्न थाल्छन् । यस्तैमा पागलहरुको नाइकेजस्तो देखिने एउटा मान्छे उठेर बोल्न थाल्छ "हेर भाइ हो, यो हाँसो उठ्दो चिरा ! पूर्व बसे पनि पश्चिम बसे पनि हामी उही रहन्नौ र ?चिराले मान्छेमा फरक पार्ने रे ? पागलहरु ।" उसको कुरा सुनेर सबै पागलहरु जऱ्याकजुरुक उठ्छन् र नाइकेहरुलाई देखाएर जोर जोरले कराउँदै उनीहरुमाथि ढुङ्गामुढा बर्साउँछन् । सबै

नाइकेहरु पागलखानाबाट बाहिर आउँछन् र प्रतापसिंह पनि बाहिर निस्किएर गम्भीर भएर सोच्छन् "वास्तवमा सीमानाले मान्छेलाई बदल्न सक्दैन । हामी दुईथरीमध्ये पागल कुन थरी हो र सद्दे कुन थरी ?" उनलाई तीस बर्षको रक्तरञ्जित क्रान्तिको गौरवमय इतिहास खोक्रो लाग्न थाल्छ । यसरी कथा टुङ्गिन्छ ।

## २) पात्र

'चिरा' कथामा जनरल प्रतापसिंह, सेनाहरु, भैरवनाथ, कालो मान्छे, कार्यकर्ताहरु, पागलहरु आदि पात्रको उपस्थिति छ । कथाको सुरुदेखि अन्त्यसम्म प्रतापसिंह मात्र देखापरेको छ । त्यसैले प्रतापसिंह मुख्य पात्र हो । प्रतापसिंहको प्रतिद्वन्द्वीका रुपमा रहेको भैरवनाथ सहायक पात्र हो भने सेनाहरु, कालो मान्छे, कार्यकर्ताहरु, पागलहरु गौण पात्र हुन् । स्वभावका आधारमा प्रतापसिंह र भैरवनाथ दुवै अनुकूल पात्र हुन् किनभने उनीहरुमा कुनै पनि चारित्रिक दोष देखिन्न । प्रवृत्तिका आधारमा प्रतापसिंह गतिशील पात्र हो किनभने उसले स्वतन्त्रता प्राप्तिका लागि तीस बर्षे लामो क्रान्तिको नेतृत्व गरेको छ । आबद्धताका आधारमा प्रतापसिंह बद्ध पात्र हो । यस पात्रलाई झिकिदिंदा कथाको संरचना पनि परिवर्तन हुन्छ । यस कथाका अरु सबै मुक्त पात्र हुन् ।

## ३) दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलद्वारा लिखित 'चिरा' कथामा कथावाचकका रुपमा सर्वत्र प्रतापसिंह रहेको र उसैको संवेगात्मक स्थितिबाट कथा अगाडि बढेको हुनाले बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

जनरल प्रतापसिंहले तीस बर्षसम्मको लामो क्रान्तिको नेतृत्व गर्नु, क्रान्तिमा मारिएका व्यक्तिहरुको सम्झनाले मुटु फुट्लाजस्तो हुनु, नकलिस्तान मुक्तिको घोषणा पछि आफ्ना जनताहरुका माझ भाषण गर्दै विभिन्न प्रकारका प्रतिबद्धताहरु व्यक्त गर्नु आदि घटनाहरुले प्रतापसिंहको मनमा उत्पन्न संवेगात्मक अवस्थालाई प्रकाश पारेका छन् । नकलिस्तान र असलिस्तानको सीमा विभाजन गर्दै जाने क्रममा पागलपुरको पागलखानाको विभाजनमा

समस्या आउनु, एउटा पागलको भनाई "हेर भाइ हो, यो हाँसोउठ्दो चिरा ! पूर्व बसे पनि पश्चिम बसे पनि हामी उही रहन्नौं र ? चिराले मान्छेमा फरक पार्ने रे ? पागलहरु ! बाट प्रतापसिंहलाई तीस बर्षको रक्तरञ्जित क्रान्तिको गौरबमय इतिहास खोक्रो लाग्नु आदि प्रसङ्गबाट यस पात्रको दृष्टिबिन्दु अझ बढी तीब्र बनेको पाइन्छ ।

### ४) सारबस्तु

'चिरा' कथाको अन्तिमतिर एउटा पागलले बोलेका केही वाक्यहरुभित्र नै यस कथाको सारबस्तु पाइन्छ । "हेर भाइ हो, यो हाँसोउठ्दो चिरा ! पूर्व बसे पनि पश्चिम बसे पनि हामी उही रहन्नौ र ? चिराले मान्छेमा फरक पार्ने रे ? पागलहरु !" यी वाक्यमा कुनै पनि देशको सीमा परिवर्तन हुँदैमा त्यस देशका मान्छेमा कुनै परिवर्तन ल्याउने चेष्टा गरिन्छ भने त्यो पागलपन ठहर्छ भन्ने बिचार निहित छ । प्रस्तुत कथाको सारबस्तु स्वयम् कथाकार राजेन्द्रप्रसाद बिमलले यस कथाकै एउटा पागल पात्रका मुखबाट व्यक्त गराएका छन् ।

यस कथामा सारबस्तु अनुकूल कथानकको योजना गरिएको छ । कथाको सारवस्तुलाई सार्थक पार्ने उद्देश्यले घटना र पात्रहरुको अन्योन्य क्रिया पनि सुनियोजित ढङ्गबाट गरिएको छ । तीस बर्षको लामो क्रान्तिपछि नकलिस्तान स्वतन्त्र भएको देखाउनु, असलिस्तान र नकलिस्तानको बिभाजन देखाउनु, असलिस्तान र नकलिस्तानको बीचमा पर्ने पागलखानाको बिभाजन यी सबै क्रमबद्ध प्रसङ्गहरुलाई कथाकारले योजनाबद्ध रुपमा मिलाई अन्त्यमा निष्कर्ष स्वरुप एउटा पागलको मुखबाट यस कथाको सारबस्तुलाई पाठकसमक्ष राखिदिएका छन् ।

### ५) रुपविन्यास

प्रस्तुत 'चिरा' कथा राजनैतिक बिषयवस्तु भएको संवृत्तरुपविन्यासलाई अपनाएर लेखिएको कथा हो । यस कथामा सरल र सोझो अभिव्यक्ति छ साथै पात्रको बौद्धिक स्तर अनुरुपको भाषाको प्रयोग भएको छ । त्यसैले कथा अत्यन्त रोचक बनेको छ ।

प्रस्तुत कथा राजनैतिक कथा भएकाले राजनैतिक क्षेत्रमा प्रयोग हुने रक्तरञ्जित, क्रान्ति, मुक्तिसेना, क्रान्तिनायक, जनरल, बलिदान, आत्मघाती, सेनानी जस्ता शब्दहरु प्रयोग भएको पाइन्छ ।

कथामा भाषिक स्वभाविकता ल्याउन र, रे, कि, त, क्यारे जस्ता निपात शब्दहरुका साथै अलगअलग, कुटाकुट, खलखल, मतमतान्तर जस्ता द्वित्व शब्दहरुको प्रयोग पाइन्छ ।

वाक्यगठनका दृष्टिले सामान्यतया सरल वाक्यहरुकै बढी प्रयोग भएको पाइन्छ । संयुक्त तथा मिश्र वाक्यहरु पनि सरल रुपबाट नै प्रयोग भएका छन् । कथामा अनुच्छेदयोजना उचित ढङ्गबाट भएको छ र बिषयवस्तु अनुरुप शीर्षक सार्थक छ ।

### ४.४.८ संस्कार

**१) कथावस्तु**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'संस्कार' कथा सामाजिक बिषयवस्तुमा लेखिएको कथा हो । रैखिक ढाँचामा लेखिएको यस कथामा 'दिदी' पात्रले उसको जीवनमा भोग्नुपरेका समस्याहरुको वर्णन गरिएको छ ।

दिदी एक निम्नवर्गीय परिवारकी छोरी हुन् । उनको एक जना दाजु बन्छ जो गाउँका मुखियाको गोठालो बसेको छ । बाबुआमा ऊ सानै छँदा मरिसकेका हुन्छन् । उनको विवाह दुर्गमसिंह नामको एउटा सिपाहीसित हुन्छ । दुर्गमसिंह जँड्याहा, जुवाडे, रन्डीबाज आदि सबै दुर्गुणहरुको खानी हुन्छ । चरित्रहीन पत्ति पाएका कारण दिदीले असाध्यै दुःख पाउँछिन् । दुर्गमसिंह दिनहुँ राति जाँड खाएर आउँछ र दिदीलाई रगतको फोहोरा छुट्ने गरी कुट्छ । उसको अत्याचार खप्न नसकेर दिदीले आत्महत्या गर्न तीनतीनपटक बिष खान्छिन् तर बेहोसीको अवस्थामा पनि ऊ बुटैबुटले कुट्छ र पछि आफैले अस्पताल लगेर बचाउँछ । दुर्गमसिंह माथिल्ला तहका हाकिमहरुको चाकरी गरेर बढुवा हुँदै एस.पी. हुन्छ । उसले प्रसस्त पैसा र नाम कमाउँछ तर दिदीप्रति उसको व्यवहार झन् क्रुर बन्दै जान्छ । बिलाशी

स्वभावका कारण दिदीप्रति घृणा उग्र बन्दै जान्छ । एक दिन दुर्गम राति एक बजेतिर अत्यधिक रक्सी खाएर आउँछ र दिदीलाई अनेक प्रकारका गाली गर्दै उनलाई घरबाट निकाल्न आदेश दिन्छ । उसको यस्तो चाला देखेर दिदीको हंसले ठाउँ छोड्छ । उनी आफ्ना दुई छोरालाई आफैसित टाँस्दै आग्लो ठोकेर कोठाभित्र बस्छिन् । दुर्गम लात्ती प्रहार गर्दै ढोका फोर्छ र दिदीलाई जगल्ट्याउँदै बाहिर निकालेर गाडीमा हाल्छ । उसले दिदीलाई माइत पुऱ्याएर आउन ड्राइभरलाई आदेश दिन्छ । माइतमा सबैजना छक्क पर्छन् । गाडी फर्केर जान्छ, कसैले केही बोल्ने हिम्मत गर्दैन । चेते दाजु र दिदी दुबैका आँखाबाट आँसुको खोलो बग्छ । दिदी गरिबीका कारण विवाहसमेत नभएको चेते दाजुसँग बस्न थाल्छिन् । चेते दाजुको आफ्नै पेट भरिन मुस्किल भएका बेलामा बहिनी उसका लागि बोझ बन्छिन् । केही दिनसम्म त चेते दाजु केही बोल्दैन तर एक दिन उसको मनमा गुम्सिएको कुरा ननिस्की रहेन - "बहिनी, अरु गाउँ गएरै भए पनि कुनै काम हेर न ! यसरी त पेट भर्न सकिदैन ।" सुरुमा त दिदीलाई विश्वासै लागेन । उनले आफ्नो साख्खै दाजुको अनुहार हेरिरहिन् । तर पछि उनलाई मुटु फुट्ला जस्तो भयो । एक दिन उनी राती तीन बजे चेते दाजुको घर छोडेर बाहिर निस्किन्छिन् र मागेर खान थाल्छिन् । त्यसपछि दिदीको जीवन अनन्त दुःखसार बन्छ । उतातिर दिदीका दुई छोरा सौरभ र गौरब बढेर ठूला-ठूला हुन्छन् । यी दुई छोरा मध्ये गौरबले आत्महत्या गर्छ र सौरभ बाबुको व्यवहारबाट दिक्दार भएर घर छोडी बेपत्ता हुन्छ । यसैबीच दुर्गमसिंहलाई कुष्टरोग लाग्छ । गाउँलेहरुले उसलाई बस्तीमा राख्नु ठीक छैन भन्दै लालगढको कुष्टरोग अस्पतालमा लगेर राखिदिन्छन् । दुर्गमसिंह एक्लो र कष्टकर जीवन बिताइरहन्छ । अन्त्यमा दिदी आफ्नो अत्याचारी पतिलाई भेट्न गएकी छिन् र दुवैको भावपूर्ण मिलनमा गएर कथा टुङ्गिएको छ ।

**२) पात्र**

संस्कार कथामा दिदी, दुर्गमसिंह, गौरब, सौरभ, चेते, धनबहादुर ड्राइभर, गार्डहरु, मिसरजी, म पात्र, भट्टिवाल, रिक्सावाल, गुन्डा आदि पात्रहरु छन् । तर कथाको सुरुदेखि अन्त्यसम्म दिदी र दुर्गमसिंह मात्र देखापरेका छन् । त्यसैले यी दुबै मुख्य पात्र हुन् । यस कथाको म पात्र सहायक पात्रका रुपमा देखापरेको छ भने गौरव, सौरभ, चेते, धनबहादुर, ड्राइभर,

गार्डहरु, मिसरजी, भट्टिवाल, रिक्सावाल, गुन्डा आदि गौण पात्र हुन् । स्वभाव आधारमा दिदी र म पात्र अनुकूल पात्रका रुपमा देखिएका छन् भने दुर्गमसिंह प्रतिकूल पात्र हो किनभने कथामा नै भ्रष्टाचारी, जुवाडे, रन्डीबाज, जँड्याहा- सबै दुर्गुणहरुको खानी भनेर उसको चिनारी दिइएको छ । प्रवृत्तिका आधारमा दिदी र दुर्गमसिंह दुवै गतिशील पात्र हुन् । दुर्गमसिंहले आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै गलत कार्य पनि गरेको छ । दिदी सुरुमा ईश्वरप्रेमी, आस्तिक पात्रका रुपमा देखिएकी छिन् भने पछि उनी नास्तिक बनेकी छिन् । आबद्धताका आधारमा दिदी र दुर्गमसिंह बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

### ३) दृष्टिविन्दु

'संस्कार' कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा म पात्रले केन्द्रीय पात्र दिदीको जीवनका उतारचढाव, दुःख, कष्ट र पीडाको मानसिक उद्घाटन गरेको हुनाले यहा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । दिदीको दुर्गमसिंहसँग विवाह हुनु, सधैँजसो दुर्गमसिंहको कुटाई खानु, घरबाट निकालिनु, चेते दाजुले पनि कटुवचन बोलेर चित्त दुखाउनु, पेट पाल्नका लागि भिख माग्नु पर्ने अवस्था आउनु आदि घटनाको उतारचढाबको वर्णन यस कथामा गरिएको छ । दिदीका यिनै संवेगात्मक अवस्थाहरुको केन्द्रीयतामा कथाले निरन्तरता पाएको छ । छोराको मृत्युको दुःखद समाचारले दिदीको दृष्टिविन्दुलाई अझ सशक्त बनाएको छ ।

### ४) सारवस्तु

कथाकार राजेन्द्रप्रसाद विमलले 'संस्कार' कथामा स्वार्थी पुरुषहरुको पशुप्रवृत्तिका कारण नारीहरु पीडित छन् भन्ने कुरालाई सारवस्तुका रुपमा औंल्याएका छन् । नारीहरु माइतमा, घरमा, सडकमा जता पनि पुरुषहरुबाट पीडित हुन्छन् । यस कथामा दिदी आफ्नो विवाहित पति दुर्गमसिंहलाई ईश्वरसमान ठान्छिन् तर उसबाट दैनिक कुटाई र अतिशय घृणा मात्र पाउँछिन् । आफ्नै घरमा लोग्नेबाट बहिष्कृत भएपछि उनी माइतमा शरण लिन पुग्छिन् । माइतमा पनि आफ्नो दाजुले बेवास्ता गरेपछि पेट पाल्नका लागि उनी भिखारी बन्छिन् । त्यसपछि पनि उनलाई पशुत्व धारण गरेका पुरुषहरुले शान्तिसँग बाँच्न दिदैनन् । उनी

कैयौपटक बलात्कृत हुन्छिन् । यसरी पुरुषहरुका कारण नारीहरुको सुख र शान्ति खोसिएको कुरा हृदयस्पर्शी ढङ्गले यस कथामा प्रस्तुत गरिएको छ ।

**५) रुपविन्यास**

समाजिक बिषयवस्तु लिएर पनि त्यसलाई यथार्थवादी शैलीमा लेखिएको हुनाले संस्कार कथामा संवृत्त रुपविन्यास पाइन्छ । यस कथामा पात्रको बौद्धिक र सामाजिक स्तर अनुरुप सरल र सहज भाषाको प्रयोग गरिएको छ । भाषाको चमत्कारपूर्ण प्रयोग कतै पनि पाइँदैन ।

कथामा भाषिक स्वभाविकता ल्याउन भुक्लुक्क, थुक्क, धुम्धुम्ती, स्याँस्याँ, थरथर, क्वाँक्वाँ जस्ता अनुकरणात्मक शब्दहरुका साथै घुम्घुम्ती, जीउडाल, सुत्नबस्न, हाँगाहाँगा जस्ता द्वित्व शब्दहरुको प्रयोग भएको पाइन्छ ।

रे, त, कि, अरे जस्ता निपात शब्दहरु पनि यथास्थानमा प्रयोग भएका छन् ।

वाक्यगठनका दृष्टिले सरल वाक्यकै आधिक्य पाइन्छ । मिश्र तथा संयुक्त वाक्य पनि सरल रुपमा नै प्रयोग भएका छन् । ठाउँठाउँमा संवादको पनि प्रयोग भएको छ । समाजमा पुरुषद्वारा नारीलाई दमन गर्ने कार्य संस्कारकै रुपमा विकास भएका कारण कथावस्तु अनुसार यस कथाको शीर्षक उपयुक्त छ ।

### ४.४.९ एउटा बल्दो भविष्य

**१) कथावस्तु**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'एउटा बल्दो भविष्य' कथा राजनैतिक बिषयवस्तुमा आधारित छ । रैखिक ढाँचामा निर्मित यो कथा अत्यन्तै लामो छ ।

चुल्हाई, पन्चु र मनसुख यी तीन पात्रबीचको संबादबाट यस कथाको आरम्भ भएको छ । उनीहरु मनसुख बुढाको खुला आँगनमा बसेर ताडी खाँदै समसामयिक राजनीतिका बारेमा

कुरा गर्छन् । राजनैतिक बहसकै क्रममा उनीहरुले फूलगेनसिंह, राजकुमार, नागो चमार आदि व्यक्तिलाई चर्चाको बिषय बनाएका छन् । आम निर्वाचनको समय हुन्छ । फुलगेनसिंह पर्याप्त पुर्ख्यौली सम्पत्ति र गुण्डागर्दीका कारण राजनीतिमा चर्चित बनेको छ । फुलगेनसिंहको प्रतिद्वन्द्वीका रुपमा नागो चमार रहेको छ । उसलाई राजकुमारले सक्दो सहयोग गर्छ । राजकुमार “हामीले नागो चमारलाई जिताउनुपर्छ, ऊ गरिबको नेता हो, दलित हो” भन्दै जनसमर्थन जुटाउन लागिरहेको छ । चुनाव प्रचारप्रसारकै क्रममा फुलगेनसिंहका कार्यकर्ताहरु नागो चमार र राजकुमारलाई मार्ने तथा ततमाटोल र चमारटोलबाट फुलगेनसिंहलाई भोट नआए दुवै टोलमा आगो सल्काउने धम्की दिन्छन् । द्वन्द्वको सम्भावनाले युक्त राजनीति र त्यसमा आफ्नो एक मात्र छोरो राजकुमारको संलग्नताले मनसुख बूढा र उसकी श्रीमती धरमपुरवाली बूढी डरले थर्कमान भएका छन् । बूढा र बूढी राजकुमारलाई राजनीति छाडेर सधैं आफूसँग रहन अनुरोध गर्छन् तर ऊ मान्दैन । ऊ अन्याय र अत्याचारको विरोधमा लड्नु आफ्नो कर्तव्य ठान्छ । बूढाबूढी दुवै आफ्नो छोराको दीर्घायुको कामना गर्दै देवीदेउताको प्रार्थना गर्छन् ।

धरमपुरवाली बूढी आफ्ना बूढाको दुःखका बारेमा तथा छोरो राजकुमारको बाल्यकाल र स्वभावका बारेमा विभिन्न कुराहरु मनमा खेलाउँदै हरिया मकैका घोगा पोल्ने काममा व्यस्त हुन्छिन् । त्यसैबेला टोलमा हल्लीखल्ली सुनिन्छ । धरमपुरवालीको मुटु जोडजोडले उफ्रिन थाल्छ कतै छोरालाई त केही भएन ? गाउँमा हुलका हुल मान्छे भरिन्छन् । ट्रकमोटरका आवाज सुनिन्छन् । इनक्लाब जिन्दाबाद ! फुलगेनसिंह जिन्दाबाद ! नागो चमार जिन्दाबाद ! आदि नाराले वातावरण गुन्जायमान बन्छ । फुलगेन र नागो चमार दुवै पक्षका मानिसहरु एकैपटक गाउँमा छिर्छन् र दुवै पक्षका बीच भिडन्त हुन्छ । यस भिडन्तमा कैयौं मान्छे घाइते हुन्छ । फुलगेनसिंहको जिपले किचेर राजकुमारको मृत्यु हुन्छ । पुत्रशोकले मनसुख बूढा र धरमपुरवाली बूढी पागलजस्ता हुन्छन् । गाउँमा भय र व्यथाको वातावरण व्याप्त हुन्छ । फुलगेनसिंह सरकारी पार्टिको उम्मेदबार भएकाले दुर्घटनालाई लिएर कुनै झन्झट बेहोर्नुपर्दैन । एस.पी.ले आएर साधारण जाँचबुझ गरेपछि समस्या सुल्झिन्छ । राजकुमारको मृत्युमा शोकसभाहरु गरिन्छन्, अनेकौ पार्टिका मान्छेहरु आएर भावपूर्ण श्रद्धान्जली अर्पण

गर्छन् । यसैबीच फुलगेनसिंह मनसुख र उसकी श्रीमतीलाई राजकुमारको मृत्युमा सहानुभूति प्रकट गर्न जान्छ । फुलगेनसिंह अनेक प्रकारका भावुक कुराहरु गर्दै बूढाबूढीसँग क्षमायाचना गर्छ र क्षतिपूर्ति स्वरुप एक लाख रुपैयाँको पोको मनसुख बूढालाई दिन्छ । साथै उसले दुवैजनालाई उसकै घरमा बस्न पनि आग्रह गर्छ । फेरि विभिन्न नारा लाग्छन् : बीर राजकुमार-जिन्दाबाद ! हात्ती छाप- जिन्दाबाद ! दानवीर फुलगेनसिंह - जिन्दाबाद ! अर्को दिन - एउटा ठूलो जुलुस अगाडि अगाडि मनसुख बूढा र उनका हातमा हात्तीछाप झन्डा देखिन्छ । उनी जोड जोड जोडले कराउँदै नारा लाउँछन् - फुलगेनसिंह जिन्दाबाद ! हात्तीछाप - जिन्दाबाद ! यसरी कथा टुङ्गिएको छ ।

**२) पात्र**

'एउटा बल्दो भविष्य' कथामा म पात्र, फुलगेनसिंह, चुल्हाई महतो, पन्चु चौधरी, मनसुख बूढा, धरमपुरवाली, रामेस्सर, चन्देसर, नागो चमार, कार्यकर्ताहरु, माधोपुरवाली, एस.पी. सिपाहीहरु आदि पात्रहरु छन् । राजकुमार र मनसुख कथाको सुरुदेखि अन्त्यसम्म देखापरेका छन् । त्यसैले यी दुवै पात्र कथाका मुख्य पात्र हुन् । त्यस्तै मुख्य पात्रका क्रियाकलापलाई उत्कर्षमा ल्याउन सघाउने व्यक्तिहरु फुलगेनसिंह र धरमपुरवाली सहायक पात्र हुन् । चुल्हाई महतो, पन्चु चौधरी, रामेस्सर, चन्देसर, नागो चमार, कार्यकर्ताहरु, एस.पी., सिपाहीहरु आदि पात्रहरुको कथामा सामान्य उपस्थिति मात्र भएकाले तिनीहरु गौण पात्र हुन् । स्वभावका आधारमा राजकुमार, मनसुख बूढा र धरमपुरवाली अनुकूल पात्र हुन् किनभने यी पात्रका कुनै प्रकारको दोष पाइँदैन । फुलगेनसिंह भने प्रतिकूल पात्रका रुपमा देखापरेको छ । ऊ हत्या र गुण्डागर्दि जस्ता निकृष्ट कार्यमा संलग्न छ र त्यसलाई आफ्नो राजनैतिक धरातल मजबुत बनाउने साधन ठान्छ । प्रवृत्तिका आधारमा राजकुमार र फुलगेनसिंह गतिशील पात्र हुन् भने मनसुख बूढा र धरमपुरवाली स्थिर पात्र हुन् । आवद्धताका आधारमा राजकुमार, मनसुख, फुलगेनसिंह र धरमपुरवाली बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

### ३) दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'एउटा बल्दो भविष्य' कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कुराको पुष्टिका लागि प्रस्तुत कथाका राजकुमार र मनसुख बूढाको संवेगात्मक स्थितिलाई केलाएर हेर्न सकिन्छ ।

राजकुमार चुनावको प्रचारप्रसारमा सक्रिय रुपमा लागेको छ । ऊ फुलगेनसिंहको बिरोध गर्दै नागो चमारलाई जिताउन जनताहरुसमक्ष अपिल गर्छ । सामन्ती वर्गको घोर विरोध गर्नु, विपन्न वर्गप्रति सहानुभूति राख्नु, गरिबहरुका समस्या देखेर छट्पटाउनु जस्ता घटनाले ऊ भित्र उत्पन्न भएका विद्रोह, क्रान्तिचेत, भावुकता आदि संवेगात्मक स्थितिलाई सङ्केत गर्छ । यसरी कथाकारले विभिन्न कारणले गर्दा उत्पन्न राजकुमारको संवेगात्मक स्थितिको वर्णन गरेका छन् ।

कथाकारले यस कथामा मनसुख बूढाको संवेगात्मकस्थितिको पनि चित्रण गरेका छन् । पन्चु, चुल्हाई, रामेस्सर आदि व्यक्तिले राजकुमारका बारेमा विभिन्न प्रकारका टिप्पणी गर्नु, राजकुमारले फुलगेनसिंहको बिरोध गर्नु, एकदिन राजकुमार रात्रीको समयमा घर पुग्नु, उसका लागि केही पनि खानेकुरा जुटाउन नसक्नु आदि कारणले गर्दा मनसुखको मस्तिष्कमा उत्पन्न भएका जलन, पीडा पश्चाताप जस्ता संवेदनाहरुलाई कथाकारले चित्रण गरेका छन् । फुलगेनसिंहको जीपले किचेर राजकुमारको मृत्यु हुँदा मनसुखको संवेगात्मकस्थिति अझ सशक्त बनेको छ ।

यसरी यस कथामा विभिन्न कारणले राजकुमार र मनसुख बूढामा उत्पन्न संवेगात्मक स्थितिको चित्रण गरिएको छ । त्यसैले यो कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा लेखिएको कथा हो ।

### ४) सारवस्तु

'एउटा बल्दो भबिष्य' एक राजनैतिक बिषयमा लेखिएको कथा हो । यसमा समसामयिक राजनीतिमा देखापरेका विकृति र बिसङ्गतिहरुलाई देखाइएको छ । राजनीतिमा इमान्दार, सङ्घर्षशील र कर्मठ व्यक्तिहरु भन्दा स्वार्थी र भ्रष्टहरुकै बोलबाला रहेको छ भन्ने कुरालाई देखाउनु नै यस कथाको मुख्य सारवस्तु हो ।

### ५) रुपविन्यास

राजेन्द्रप्रसाद विमलद्वारा लिखित 'एउटा बल्दो भविष्य' कथामा संवृत्त रुपविन्यासको प्रयोग गरिएको छ । यस कथाको रुपविन्यासलाई केलाउँदा निम्नलिखित बिशेषताहरु प्राप्त गर्न सकिन्छ ।

गाउँघरमा प्रचलित बोलीचालीको भाषा प्रयोग गर्ने क्रममा छिनरो, भाले, आमचकारी, ठोक्छ, ताड, मान्द्रो, गन्ध, भँडुवा, मोरो, बरेन, घराँ, धरमपुरवाली, आँडर, रजकुमरा जस्ता शब्दहरु प्रयोग भएका छन् । ख्याउँ-ख्याउँ, ड्यार्रड्डुर्र, मुसुक्क, टुलुटुलु, खी-खी-खी, ढक्क, हुक्क-हुक्क, जुरुक्क, धुमधुम्ती, खस्याकखुसुक, हुँ-हुँ, हस्याँङफस्याङ, पीं-पीं जस्ता अनुकरणात्मक शब्दहरु तथा नि, पो, त, क्यारे जस्ता निपातहरु पनि प्रयोग भएका छन् जसले भाषामा स्वभाविक ल्याएको छ ।

ठाउँ-ठाउँमा स्याँस्याँ, क्वाँक्वाँ, भागभाग, कोकोहोलो, बाटोकुबाटो जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् ।

वाक्यगठनका दृष्टिले सरल वाक्यकै प्रधानता छ । सरल र सहज अभिव्यक्ति भएका कारण कथा सुबोध्य छ ।

### ४.४.१० रामेछापको श्रवणकुमार

**१) कथावस्तु**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'रामेछापको श्रवणकुमार' कथा सामाजिक बिषयवस्तुमा आधारित छ । यो कथा रैखिक ढाँचामा लेखिएको छ । श्रवण रामेछापको एउटा निम्नबर्गीय परिवारको सदस्य हो । उसको परिवारमा आमा, बाबु र एउटा भाइ दरसे छन् । उसका आमाबाबु अन्धा छन् । श्रवण दाउरा बेचेर भए पनि आफ्नो परिवारको गुजारा चलाउँछ । गाउँमा सबै मानिस उसको तारिफ गर्छन् । अन्धा-अन्धी पनि आफ्नो सरबनप्रति गर्व गर्छन् । आमाबुबाको सेवामा आँच आउन नदिनका लागि उसले आफ्नो सुख र आनन्दको वास्ता गरेको छैन । सरबनको भाइ दरसे चाहिँ आवारा ठिटाहरुको सङ्गतमा लागि मोग्लानतिर पस्छ । सरबन अनेक दुःख, कष्ट सहेर आमाबाबुको सेवा गरीरहन्छ । बीस बर्षपछि दरसेले घरमा एउटा चिठी पठाउँछ । चिठीमा उसले दाजु सरबनलाई विभिन्न आरोपहरु लगाएको हुन्छ । उसले आफ्नो आर्थिक उन्नति, विवाह र सुखद जीवनका बारेमा पनि उल्लेख गरेको हुन्छ । उसले आमाबाबुलाई आफूसँग लगेर आँखाको उपचार गर्ने बाचा गर्छ । एक दिन दरसे गाउँमा आउँछ । उसलाई हेर्न सिङ्गो गाउँका मान्छेको ओइरो लाग्छ । उसको पहिरन, अङ्ग्रेजी र हिन्दी मिश्रित भाषा आदिले गाउँलेहरु दङ्ग पर्छन् । उनीहरु दरसेको गुणगान गाउँछन् र सरबनलाई अभागी, मूर्ख र लाछी ठान्छन् । कान्छा छोरालाई यस अवस्थामा पाएर बूढाबूढी पनि अत्यन्त खुशी हुन्छन् । दरसेले आउनासाथ घोषणा गर्छ - "भरिया झिकाउनुपर्छ । भोलि मिर्मिरेमै म आमाबुबालाई लिई कलकत्ता लाग्छु । ....... फुर्सद छैन ।" तर उसले दाजु सरबनलाई पनि कलकत्ता लग्ने कुरो गर्दैन । आमा-बाबु दुवै जना ठूलो सहर जाने उत्साहमा निकै उत्तेजित हुन्छन् । तर उनीहरुले पनि सरबनलाई सँगै लाने प्रस्ताव गरेनन् । अर्को दिन रामेछापको चिसो ढुङ्गे माटामा उभिएर सरवन आफ्ना आमाबुबालाई र भाइलाई भरियाहरुका पछि लागेर डाँडा काट्न लागेको दृश्य आँखाबाट ओझेल नपरुन्जेल हेरिरहन्छ । उनीहरुले एक पटकसम्म फर्किएर हेर्दैनन् । सरबनका दिनहरु विक्षिप्ततामा बित्न थाल्छन् । धेरै वर्ष पछि दरसेको अक्षर भएको खाम उसको हातमा पर्छ । खामभित्र उसको बाबुका बाङ्गाटिङ्गा अक्षरमा लेखिएको चिठी हुन्छ । त्यस चिठीमा छोराबुहारी र नाति नातिनाहरुसँग उनीहरुको जीवन आनन्दसँग बितेका कुरा, आँखाको

अप्रेसन भएको कुरा, आजका युगमा जसरी भए पनि प्रसस्त पैसा कमाउनुपर्ने र दरिद्र छोरो बाबुको श्रवणकुमार हुन नसक्ने कुराहरु लेखिएका हुन्छन् । यतिखेर सरबन आमाबुबाप्रतिको आफ्नो अन्धभक्तिलाई निरर्थक ठान्छ र आफ्नो मुटुमा अनन्त पीडादायी बाँणहरु रोपिएको महसुस गर्छ । यसरी कथा टुङ्गिएको छ ।

## २) पात्र

'रामेछापको श्रवणकुमार' कथामा सरबन, आमा, बाबु, दरसे, गाउँलेहरु, कालु मगर, श्रीमती, नातिनातिना जस्ता पात्रहरु रहेका छन् । सरबन कथाको सुरुदेखि अन्त्यसम्म देखापरेको छ । त्यसैले सरबन मुख्य पात्र हो । आमा, बुबा र दरसे यस कथाका सहायक पात्र हुन् । गाउँलेहरु, श्रीमती, नाति-नातिनाको सामान्य उपस्थिति मात्र भएकाले यिनीहरु गौण पात्र हुन् । स्वभावका आधारमा सरबन अनुकूल पात्र हो भने दरसे र आमाबुबा प्रतिकूल पात्र हुन् । प्रवृत्तिका आधारमा दरसे र आमाबुबा प्रतिकूल पात्र हुन् । प्रवृत्तिका आधारमा सरबन, दरसे र आमाबुबा बद्ध पात्र हुन् । यी मध्ये कुनै एक पात्रलाई झिकिदिने हो भने कथाको संरचनामा पनि परिवर्तन आउँछ । तर अन्य पात्रलाई हटाउँदा कथाको संरचनामा केही भिन्नता आउँदैन । त्यसैले अरु पात्रहरु मुक्त पात्र हुन् ।

## ३) दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलद्वारा लिखित 'रामेछापको श्रवणकुमार' कथामा कथावाचकका रुपमा सर्वत्र सरबन रहेको र उसैको संवेगात्मकस्थितिबाट कथा अगाडि बढेका हुनाले बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । समवयस्क ठिटीहरुका मुस्कानले मनमा भावनाको ज्वार उठ्नु, मुग्लान जानका लागि दरसेले आमाको घाँटी थिचेर गहना लुछ्नु र बाबुलाई नाकमुख फुट्नेगरी हिर्काउनु, छिमेकी कालुमगरका बारीबाट आमाबुबाको रहर मेटाउन जुनार चोर्दा पक्राउ पर्नु जस्ता घटनाहरुले सरबनमा उत्पन्न भएका रतीभाव, जलन, पीडाजस्ता भावसंवेगहरुलाई कथाकारले प्रकाश पारेका छन् ।

बीस बर्षपछि दरसेले पठाएको चिठीमा सरबनलाई विभिन्न आरोपहरु लगाउनु, आमाबुबा दरसेका साथ कलकत्ता जानु, कलकत्ता जानेबेलामा आमाबुबा र भाइ कसैले पनि आफूसँग हिँड्न नभन्नु आदि घटनाले सरबनको संवेगात्मकस्थिति अझ उत्कर्षमा पुगेको छ ।

४) **सारवस्तु**

वर्तमान समयमा कर्तव्य, नैतिकता, आदर्श यी सबैभन्दा ठूलो कुरो पैसा भएको छ । भौतिक सम्पन्नताका अगाडि मानवीय संवेदना, मूल्य र मान्यताहरु नतमष्तक बन्दै छन् भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य सारवस्तु हो ।

५) **रुपबिन्यास**

रामेछापको श्रवणकुमार एक सामाजिक कथा हो । यसमा भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई सिँगार्ने काम कतै पनि भएको छैन । पात्रहरुको बौद्धिकस्तर अनुरुप बोलीचालीको भाषा प्रयोग भएको पाइन्छ । सरल र सहज अभिव्यक्ति भएकाले कथा सुबोध्य छ । त्यसैले यो कथालाई संवृत्त रुपविन्यास भएको कथा मानिन्छ ।

गिठ्ठा, भ्याकुर, ढिँडो, खोले, ठिटी, मोग्लान, गुहुमुत, डाह, पाता, पाखुरा, कछाड, भोटो जस्ता गाउँघरमा बोलिने शब्दहरुलाई सन्दर्भ मिलाएर राखिएको छ ।

घिट्घिट्, ठसठसी, झलमल्ल, क्वाँक्वाँ जस्ता अनुकरणात्मक शब्दहरुको साथै आमाबाबु, अन्धाअन्धी, नाकमुख, गुहुमुत, स्याहारसुसार, भरणपोषण, चिल्थाचिल्था जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् ।

ठाउँ ठाउँमा संवादको पनि प्रयोग भएको छ । त्यसैले वाक्यहरु छोटाछोटा छन् । सरल वाक्यकै प्रयोग बढी भएपनि मिश्र र संयुक्त वाक्यको पनि प्रयोग भएको छ । कथाको शीर्षक अभिधात्मक रुपमै प्रयोग भएको छ ।

### ४.४.११ भूत

**१) कथावस्तु**

'भूत' एउटा सामाजिक कथा हो । यो कथा रैखिक ढाँचामा लेखिएको छ ।

बनबारी निम्नवर्गीय पात्र हो । उसको परिवारमा पाँच जना सदस्य छन् आमा, दुखनी, बनबारी स्वयम्, स्वास्नी गुलेबिया, बुहारी कुमरी र छोरो टमाटर । बनबारी गाउँका सबभन्दा धनी मानिस भिखमबाबुको नोकर हो र ऊ अत्यन्तै इमान्दारीपूर्वक मालिकको सेवा गर्छ । एक दिन भिखमकी बुहारी माइत जाने क्रममा गोरुगाडाबाट भुइँमा खस्छे जुन गाडा बनबारीले चलाएको हुन्छ । भिखमले उसलाई घरमा बोलाएर बुहारीलाई गोरुगाडाबाट लडाएको अपराधमा थला पर्नेगरी कुट्छ र जागिरबाट निकालिदिन्छ । ऊ ढाड र करङका हाडहरु भाँचिएर एक वर्षसम्म पथरा पर्छ । यसै क्रममा गाउँका मानिसहरुले बनबारीको घर नजिकैको आँपघारीमा हाट राख्ने निर्णय गर्छन् । यस निर्णयले बनबारीको भाग्य चम्किन्छ । बर्षौं दुःख गरेर बनबारीको परिवारले आँपघारीपारि डेढ कट्ठा जग्गा जोडेको हुन्छ जसको मोल एक लाख रुपियाँ पुग्छ । बनबारीले आफ्नो जग्गा बेचेर बीस हजार छोराको विवाहमा खर्च गर्छ, सत्तरी हजार छोरालाई बिदेश पठाउन खर्च गर्छ र बाँकी दस हजारको एउटा सानो पसल थाप्छ । पसलमा बढीजसो ऊ आँफै बस्छ । ऊ थाकेर विश्राम गर्न घर गएका बेला कुमरी आएर पसलमा बस्छे । कुमरीको लोभलाग्दो यौवन देखेर गाउँका ठिटाहरुको घुँइचो लाग्छ तर उसले आफ्नो मन डग्न दिएकी छैन । तर टमाटर विदेश गएको छ महिना पनि बित्न नपाउँदै कुमरीको आङमा प्रेत चढ्छ र ऊ काम्न थाल्छे । गाउँलेहरु भूतप्रेतका सम्बन्धमा अनेक प्रकारका कुराहरु गर्छन् र टमाटरलाई तुरुन्त घर बोलाइहाल्ने सुझाउ दिन्छन् । त्यसैगरी कसैले चाहिँ कुमरीलाई नै छोरो भएका ठाउँमा पठाउने सल्लाह दिन्छन् । तर बनबारीका लागि यी दुवै कार्य असम्भव हुन्छ । बनबारी ठूलो आपत्मा पर्छ । यता गाउँलेहरु राति बाह्र बजेपछि आँपको बगैंचामा प्रेतहरुलाई राँको लिएर घरी यता घरी उता हिँडेको प्रत्यक्ष देख्छन् । आँपघारीभरि विचित्र विचित्रका आवाजहरु गुन्जिन्छन् कहिले झिँगा भन्किएझैं, कहिले एकसाथ धेरै मानिसले नाकले बोलेझैं । तर कुरा सधैं एउटै हुन्छ- "कुमरीलाई छोड्दिन कुमरीलाई लिएरै जान्छु ....... ए बनबारी ! ......." बनबारीको घरमा रुवाबासी चल्छ । उसले धामी झाक्रिमा धेरै पैसा खर्च गर्छ तर प्रेतले बुहारीको जीउ

छोड्न मान्दैन । दिनदिनै प्रेतहरुको उपद्रो बढ्दै जान्छ । एक दिन त भूतले बनबारीकी आमाको लट्टा परेको कपाल सुतेकै अवस्थामा काटेर लग्छ । यसै क्रममा बुहारीले 'जिन्न' भन्ने मुसलमानहरुको प्रेत दिनहुँ आफूसँग सुत्ने गरेको र आफूले त्यसको भुँडीसमेत बोकेको कुरा सुनाउँछे । यो सूचनाले बनबारी छाँगाबाट खसेजस्तै हुन्छ । समाजका सामु कसरी मुख देखाउने ? भन्ने कुराले ऊ पिरोलिन्छ । आफ्नो समस्याको समाधान खोज्न ऊ माइन्जनकहाँ पुग्छ । उसले आफ्नो पूरा दुखेसोको बेलिबिस्तार लगाउँछ । माइन्जन र उनका दुई छोरा बन्टू र मन्टूले उसका सम्पूर्ण कुरा सुनेपछि एउटा निर्णय गर्छन् - बनबारीका घरमा बन्टू र मन्टू लुकेर सुत्नेछन् र राति भूतप्रेतहरु कुमरीको कोठाभित्र छिर्नासाथ तिनलाई समात्नेछन् । उनीहरुको योजना सफल हुन्छ । मन्टुले जिउभरि चिल्लो कालो पोतेको र रातो कछाड बाधेको एउटा भूतलाई बलियोसँग समात्छ र बन्टुले त्यसको अनुहारमा टर्च बाल्छ । उसलाई सबैले चिन्छन् र आश्चार्यचकित हुन्छन् । ऊ अरु कोही नभएर भिखमबाबुको छोरो भीमसिंह हुन्छ । उसलाई सबैले गाली गर्छन् । गुलेबियाले रिसको आवेगमा खुर्पाले हानेर घाइते बनाउँछे । गाउँमा पञ्चायत बस्छ । सिङ्गै गाउँ भिखमको पक्षमा देखिन्छ । भीमसिंहको उपचार खर्चका लागि बनबारीको बचेको सम्पत्ति भिखमले हडपेपछि उसको परिवार विस्थापित हुन्छ । डा. चन्द्रकिरण कुमरीको गर्भपतन गराउन मान्दिनन् । बरु ऊबाट जन्मिने शिशुलाई आफूले पाल्ने बाचा गर्छिन् । पच्चीस बर्षपछि भीमसिंहकी छोरी अकल्पिता फक्रिएर फूल बन्छे । डा. चन्द्रहास उसको भमरा बन्छ । अकल्पिता कुमारी आमा बन्ने दुर्भाग्यपूर्ण अवस्थामा पुग्छे । भीमसिंह आफ्नी छोरीसहित डा. चन्द्रहासको घरमा पुग्छ । आमा डा. चन्द्रकिरण सम्पूर्ण कथा सुनिसकेपछि गम्भीर स्वरमा बोल्छिन् "अकल्पिताको गर्भमा पनि प्रेत सन्तान नै रहेछ बन्धु ! यो पुस्ता नै प्रेतपुस्ता हो क्यार ! ...... मान्छे त मर्दै गएको छ पुराना पुस्ताहरुसँगै । ...... ऐन्द्रिक सुखका लागि पागल यो बासनाबर्बर जमात ! अब .... अब ....... तपाई नै भन्नोस् के, साख्खै दाजुबहिनीमा विवाह हुन सक्छ ?" डा. चन्द्रकिरणका वाक्यहरु सुनेर बाबु छोरी दुबै अवाक् बन्छन् । यसरी कथा टुङ्गिएको छ ।

## २) पात्र

'भूत' कथामा म पात्र, बनबारी, दुखनी, गुलेबिया, कुमरी, टमाटर, भिखमबाबु, युवकहरु, बुहारी, माइन्जन, बन्टू, मन्टू, भूतहरु, भीमसिंह, डा. चन्द्रकिरण, डा. चन्द्रहास, अकल्पिता आदि पात्रहरु छन् । बनबारी र कुमरी कथाको सुरुदेखि अन्त्यसम्म देखापरेका छन् र कथाको बिषयवस्तुलाई यिनै दुई पात्रले अघि बढाएका छन् । त्यसैले यी दुवै मुख्य पात्र हुन् । भिमसिंह सहायक पात्रका रुपमा देखापरेको छ भने म पात्र, दुखनी, गुलेबिया, टमाटर, भिखमबाबु, युवकहरु, बुहारी, माइन्जन, बन्टू, मन्टू, भूतहरु, डा. चन्द्रकिरण, डा. चन्द्रहास, अकल्पिता आदि गौण पात्र हुन् । स्वभावका आधारमा बनबारी र कुमरी अनुकूल पात्रका रुपमा देखिएका छन् भने भीमसिंहलाई प्रतिकूल पात्रका रुपमा लिन सकिन्छ । उसले कुमरीलाई अनेक तरहले डर देखाएर अबैध योनसम्बन्ध राखेको छ । प्रवृत्तिका आधारमा बनबारी, कुमरी, भीमसिंह यी तीनैजना गतिशील पात्रका रुपमा देखापरेका छन् । आबद्धताका आधारमा बनबारी, कुमरी र भीमसिंह बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

## ३) दृष्टिविन्दु

'भूत' कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा दृष्टिकेन्द्रीय पात्र बनबारीको दुःख, कष्ट र पीडाको मानसिक उद्घाटन गरिएको हुनाले यहाँ आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । बनबारीले सामान्य गल्तीका कारण भिखमबाबुको हातबाट थला पर्नेगरी कुटाई खानु र जागिरबाट निकालिनु, बुहारीको आङमा प्रेत चढ्नु, बुहारीको उपचारमा धेरै पैसा खर्च गर्नु तर जाति नहुनु, छोराको अनुपस्थितिमा बुहारी गर्भिणी हुनु, गुलेबियाले भीमसिंहलाई घाइते बनाउनु, भीमसिंहको उपचार गर्न बनबारीको सबै सम्पत्ति सकिनु आदि घटनाहरुले बनबारीका संवेगात्मक स्थितिहरुको चित्रण गरेको छ । बनबारीका यिनै संवेगहरुकै केन्द्रीयतामा कथाले निरन्तरता पाएको छ । त्यसैले यस कथामा कथाकारले आन्तरिक परिधीय दृष्टिबिन्दुलाई उल्लेख गर्न खोजेको देखिन्छ ।

### ४) सारवस्तु

समाजमा अझै पनि विभिन्न प्रकारका अन्धविश्वासहरुले जरो गाडेको छ र त्यसको प्रभाव शिक्षा र चेतनाबाट वञ्चित रहेको विपन्न वर्गमा अझ बढी छ । सामन्ती वर्गका मानिसहरुले अन्धविश्वासलाई पनि शोषण गर्ने एउटा अस्त्र बनाएका छन् ।

### ५) रुपविन्यास

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'भूत' यथार्थवादी शैलीमा लेखिएको सामाजिक कथा भएको हुनाले यसमा संवृत्त रुपविन्यासको प्रयोग भएको पाइन्छ । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई आलङ्कारिक बनाउने काम यस कथामा कहीँ भएको पाइँदैन । यस कथामा ग्रामीण क्षेत्रमा प्रयोग हुने पद र पदावलीहरुको सुन्दर ढङ्गबाट प्रयोग भएको पाइन्छ । सरल र सुबोध्य गद्यशैलीलाई अँगालेर कथाकारले यस कथाको निर्माण गरेका छन् । यस कथामा पाइने अन्य विशेषताहरु निम्नलिखित छन् ।

गाउँघरमा प्रचलित कथ्य भाषाको प्रयोग गर्ने क्रममा कथाकारद्वारा पछबरिया, फुस, हवेली, गोरुगाडा, पथरा, कहर, कछाड, खुर्पा, हाट, पट्ठा जस्ता शब्द सन्दर्भ मिलाएर राखिएको छ ।

झमक्क, ट्वाकट्वाक, डगडग, क्वाँ-क्वाँ, दनदन, जस्ता अनुकरणात्मक शब्दहरुका साथै धुजाधुजा, खाल्डाखुल्डी, वरिपरि, पटकपटक जस्ता द्वित्व शब्दहरुले भाषामा स्वाभाविकता ल्याएका छन् । त, र, नि, अरे जस्ता निपातहरु पनि यथा स्थानमा प्रयोग भएका छन् ।

वाक्य दृष्टिले सरल वाक्य नै अधिक रहेका छन् । ठाउँ ठाउँमा मिश्र र संयुक्त वाक्यहरु प्रयोग भएको पाईन्छ । पात्रशरुको सामाजिक तथा बौद्धिक स्तरअनुसार बोलचालको मिठो भाष प्रयोग भएको छ । कथावस्तु अनुसार शीर्षक पनि सुहाउँदो छ ।

### ४.४. १२ आधा जलेको तस्विर

### १. कथा वस्तु

आधा जलेको तस्विर सामाजिक विषय वस्तुमा लेखिएको कथा हो । समाजमा धर्मका नाममा हुने गरेका व्यभिचारको चित्ररण गरिएको यो कथा रैखिक ढाचारमा निर्मित रहेको छ ।

माईजी एक सम्पन्न परिवारमा जन्मिएकी हुन्छिन् । उनले कुने पनि दुःखको अनुभव गर्नु गरेको छैन । आमाबाबुको प्रसस्त माया स्नेह पाएर हुर्किन्छन् । घरमा कथा वाचन, प्रवचन तथा संकीर्तन भएका कारणले उनमा अध्यात्मवादको अमित छाप पर्न जान्छ । त्यसैले बुबाले विहेको कुरा झिक्दा म मीरा हु मेरो विवाह श्रीकृष्णसित भैसकेको छ भन्दै विरोध गर्छिन । उनका कुराले बुबा पराजित भएपनि आमाले कर गर्दा उनले आत्महत्यको प्रयास गर्दछिन् । तर समयमा नै अस्पताल पुर्‍याएको कारणले बाँच्न सफल हुन्छिन् । एक दिन उनी आफूसित भएको पाँचसय रुपैया लिएर पटना हुदै अयोध्या पुग्छिन् । त्याहा उनको भेट राधेश्याम महाराज संग हुन्छ । राधेश्याम बाबाको रुप, ज्ञान, तेजस्विता, प्रवचन शैलीले उनलाई अत्यन्तै प्रभावित तुल्याउँछ । बाबाकै चरणमा आफ्नो जीवन समर्पित गर्न उनी लालायित हुन्छिन् । बाबा उनको भक्तिवाट प्रभावित हुन्छन् र उनलाई आफ्नो प्रीय शिष्य बनाउँछन् । प्रवचन चल्दा शिष्य शिष्यामा उनको स्थान उच्च र विशिष्ट हुन थाल्छन् । एक दिन बाबा सचिवद्वारा तन्त्र विद्याका लागि उनलाई बोलाउँछन् र बाबाको वीर्यदानवाट उनी माँ श्यामशरण कहलिन थान्छिन् । बाबाको सङ्गत गर्दा गर्दै उनका बारेमा धेरै कुरा थाहा पाउँछिन् । बाबा पनि बाल्मिकी जस्तै ठूलो डाका तथा गुण्डा हुन्छ । उनी माथि हत्याको अनेक आरोप लागेको हुन्छ । तर बाबाको रुप पूख्यात भएपछि सवै आरोपहरु हराएर जान्छन् । पछि भौतिक रुपमा सम्पन्न तथा सवैद्वारा पूज्य व्यक्ति बन्छन् । माईजीको धर्मकर्मको कार्यलाई एक पूकारको पेशा भनेकी छिन् ।

उनले त्यसलाई भगवान गिरीको संज्ञा पनि दिनन्छिन् । उक्त धन्दामा सवै प्रकारको भैतिक सुख प्राप्त हुने उनको ठहर रहेको छ । पछि माईजीको स्थान उनकै साथी जानकीले ओगट्न पुग्छिन् र उनी पनि बाबाको प्रीय शिष्या बन्छिन् । माईजीको आँखामा जानकी प्रति

ईर्ष्याको ज्वाला दन्किन्छ । उनी जानकीलाई आश्रमवाट निकाल्ने वा बाबाको मनमा उस प्रति घृण भरिदिने उपायको खोजीमा लाग्छिन् । तान्त्रिककाअनुसार नवरात्रीको मध्यनिशामा कुनै जिवित मान्छेको फोटो जलाई दियो भने फोटोमा भएको मान्छे मर्छ भने तान्त्रिकको भनाई प्रति विश्वास गर्दै उनी रिसले बाबासंगै बसेको जानकीको फोटो आधाभाग जलाईदिन्छिन् । त्यस पछि जानकी मरेको र बाबासंगको सुखसयल आफ्नै भाग्यमा हुने कुराको कल्पना माईजीले गरेकी छिन् ।

## २. पात्र

आधा जलेको तस्विर कथामा म पात्रमाईजी, राधेश्याम बाबा, जानकी, प्रेमा , आमा बाबु, वकिलहरु, शिष्याहरु, तान्त्रिक जस्ता पात्रहरु छन् । मार्एजी कथाको शुरु देखि अन्त्यसम्मदेखा परेकी छिन् । त्यसैले कताको मुख्य पात्र नै माईजी हो । राधेश्याम बाबा यस कथाको सहायक पात्र हो भने म पात्र , जानकी, प्रेमा, आमा, बाबु, वकिलहरु, शिष्णहरु, गुण्डाहरु, तान्त्रिक आदी गौण पात्रका रुपमा देखिएका छन्। स्वभावको आधारमा माईजी अनुकूल पात्र हो किनभने उसमा कुनै प्रकारको चारित्रिक दोष देखिदैन । राधेश्याम बाबा खलपात्र हो किनभने उसले धर्मको खोल ओढेर भ्रष्टाचार, औनाचार जस्ता विषयहरु लुकाएर राख्नखोजेका छन् । प्रबृत्तिको आधारमा बाबा गतिशील पात्र हो भने माईजी स्थिर पात्रका रुपमा देखा परेकी छिन् । आबद्धताको आधारमा माईजी र राधेश्याम बाबा बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

## ३. दृष्टिविन्दु

कथाकार राजेन्द्रप्रसाद विमलले आधा जलेको तस्विर कथामा आन्तरिक परिधीय दुष्टिविन्दुको प्रयोग गरेका छन् । यस कथामा केन्द्रीय पात्र माईजीको जीवनका उतार चढाव र मानसिक पिडाको उद्घाटन गरिएकोहुनाले यहा आन्तरिक परिधिय दृष्टिबिन्धुको प्रयोग भएको पाईन्छ । माईजीले आत्महत्याको प्रयास गर्नु, विवाहको प्रस्तावलाई लत्याउदै घरपरिवार त्याग्नु,अयोध्याका राधेश्याम बाबासित भेट हुनु, बाबाको प्रिय शिक्ष्या बन्नु, पछि उनको उनको स्थान जानकी सखीले ओगट्नु आदि घटनाले गर्दा माईजीको मस्तिष्कमा

उत्पन्न भएका जलन, ईर्ष्या, पीडा जस्ता संवेदनाहरुलाई कथाकारले चित्रण गरेका छन् । जानकी सखीको फोटो माथि तन्त्र प्रयोग गर्न लगाउनु र बाबासंगै बसेको जानकी सखीको आधा तस्विर जलाउनु आदि क्रियाकलापले उनको संवेगात्मक स्थिति अझ प्रगाढ भएको थाहा पाउन सकिन्छ ।

**४. सारवस्तु**

हाम्रो समाजमा कुख्यात अपराधिहरु धर्मको खोल ओढेर धार्मिक प्रवचन दिन्छन् र सम्पूर्ण रुपमा अनुसाशित जस्ता देखिन्छन् तर उनीहरुभित्र भ्रष्टचरित्र मुस्कुराईरहेको हुन्छ भने कुरा देखाउनु नै प्रस्तुत कथाको सार वस्तु हो । यस्ता व्यक्तिहरु आमा मानिसलाइए मुर्ख बनाउन सफल हुन्छन् ।

५. राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको आधा जलेको तस्विर यथार्थवादी शैलीमा लेखिएको सामाजिक कथा भएको हुनाले संबृत्त रुपविन्यास प्रयोग भएको पाईन्छ । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई ज्यादै आलंकारि बनाउने काम यस कथामा कही पनि भएको छैन । सामान्य सरल रसुबोध गद्यशैलीलाई अंगालेर कथाकारले संबृत्त रुपविन्यासद्वारा यस कथाको निर्माण गरेका छन् । यस अनुसार यस कथामा हामी निम्नलिखित विषेशताहरु पाउन सक्छौ -

गाउँघरमा प्रचलित बोलीचालीको भाष अथवा कथ्य भाषको प्रयोग गर्ने क्रममा कथाकारद्वारा पेटारो, मारी, माई, पुर्पुरो, लेखन्ती, देहात, आश्रय, वार्दली जस्ता शब्दहरुलाई सन्दर्भमिलाएर राखिएको छ ।

कथामा भाषिक स्वाभाविकता ल्याउन लिप्सिक्क, फतफत च्वाक्क, हुरहुर, दनदन, जस्ता अनुकरणात्मक शब्दहरुका साथै जसरी जसरी पाँप सिसौ। चिउरा-दही, मंन्दिर-मंन्धिरजस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् ।

त, नि, कि जस्ता निपात शब्दहरु पनि यथास्थानमा प्रयोग भएका छन् । वाक्यगठनका दृष्टिले रिल वाक्यकै प्राधान्य छ । ठाउँ ठाउँमा संवाद पनि प्रयोग भएको पाईन्छ ।

### ४.४. १३. आत्मज्ञान

### १. कथावस्तु

आत्मज्ञान एक सामाजिक यथार्थवादी कथा हो । यो कथा रैखिक ढाचामा लेखिएको छ । यसमा धर्मको नाउँमा समाजमा रहेको विसंगत पक्षहरुलाई आलोचना गरिएको छ । गुलफाम मिया मासु बेच्ने काम गर्दछ । जुनसुक्के बेला पनि बोलीरहने उनको बानी हो । ऊ पसल चाउने तथा गफ गर्ने काम संगसंगै गर्दछन् । आफ्नो पसलमा लाखौको संख्यामा खशी तथा पाठाहरु रेटी सकेका छन् । तीनले घाँटी रेटेको बेलामा साना साना पाठाहरुले म्याँ म्याँ गरेको उसले सुनेको छ । ऊ कसाही कै काम गनै अरबसम्म गएको छ र त्याहा पनि हजारौ ऊट र दुम्लालाई गनजर मुला झै खचाखच काँटेको छ । एक रात गुलफामले एऊटी उटनीको बच्चालाई गिडिरहदा उसकी आमाले ऊतिर कातर दृष्टिकोणले हेरिरहेकी छिन् । भयले थरथर काप्दै ऊटनीले आफूसित चिचिलो सन्तानको ज्यानको भिख मागिरहेको अनुभव गर्दछन् । त्यस बखत उसकोकसाही जीवन पनि विदीर्ण बन्छ । उसले आफ्नो पेशा नै त्याग गर्ने निर्णय गर्दछ । नेपाल फर्किएर आएपछि पापको प्रायश्चितको लागि हजमा जाने निर्णय गर्छ । हज गरेपछि सवै पाहरु धुल्छ भने विश्वास मुस्लिम समुदायमा रहेको छ । तरहजको लागि एक लाख रुपैया चाहिन्छ जसलाई गुलफाम धर्मको नाममा गरिरहेको ठगी र ब्रह्मलुट ठान्छ । धर्म कमाउनु पनि पैसा नै खर्च गर्नु पर्ने भएकाले पैसालाई ऊ सर्वोपरि ठान्छन् । अन्त्यमा उ जस्तो सुक्कै कमा गरेर भए पनि प्रसस्त पैसा संकलन गर्ने निष्कर्षमा पुग्छन् । भर्मको नाउँमा आफ्नो स्वार्थ पुर्ति गर्ने संग उ घृणा पनि गर्छन् । जहिले पनि शक्तिशालीहरुले दुर्वलमाथि गर्ने दमन प्रति जहिले पनि असन्तोष प्रकट गरेको छ । शक्तिशालीहरुले जस्तो सुक्कै गल्ति गरेपनि उनीहरु पूज्य हुने कुरालाई उसले अस्वीकार गरेको छ । अन्त्यमा संसारमा शक्ति र सम्पन्नता सबैभन्द्या ठूलो कुरा हो भने निष्कर्षमा ऊ गुगेको छ ।

## २. पात्र

आत्मज्ञान कथामा गुलफल। म पात्र, सांसद, मन्त्री, नोकर जस्ता पात्रहरु छन् । साथै सखी पाठा, ऊटनी र उनका बच्चा मानवेत्तर पात्रको रुपमा रहेका छन् । गुलफाम कथाको शुरु देखि अन्त्यसम्म देखा परेका छन् । त्यसैले उनी मुख्यपात्र हुन् । म पात्र सहायक पात्र हो, सांसद, मन्त्री, नोकर, ऊट, उटनी, खशी पाठा र त्यसको बच्चा गौण पात्र हुन् । स्वभावको आधारमा गुलफाम र म पात्र दवै अनुकूल पात्र हुन् किनभने यिनिहरुमा कुनै प्रकारको दोष देखिदैन । प्रबृत्तिको आधारमा गुलफाम गतिशील पात्र हो किनभने यसले शुरुमा काटमारको पेशा त्यागेपनि पछि आएर धन आर्जनको नाउँमा पुनः सोही पेशाको निरन्तरता दिएको पाईन्छ । उसले धर्मको नाउँमा रचिने ढोङ्गप्रति पनि असन्तोष प्रकट गरेको छ । म पात्र चाही स्थिर पात्रको रुपमा देखा परेको छ । आबद्धताको आधारमा गलफाम र म पात्र दुवै बद्ध पात्र हुन् किनभने यी मध्ये कुनै एकलाई कथावाट हटायो भने कथा अस्तित्व विहिन हुन जान्छन् । तर, अन्य पात्रलाई हटाउदा कथामा खासै भिन्नता नआउने भएकाले यी दुई मुख्यपात्र हुन् ।

## ३. दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलद्वा लेखिएको आत्मज्ञान कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ किनभने यस कथामा केन्द्रीय पात्र गलफामका संबेगात्मक स्गिसतको चित्रण गरिएको छ । गुलफामले लाखौ खशी, पाठा रेटेको कुरा, अरबमा हुदा एउटी ऊटनीको बच्चा काँट्दा उसले अनुभव गरेको कुरा, उसले गरेको पेशा परित्यागको निर्णय। पापमुनिका लागि हज गर्न चाहेको तर त्यसका लागि एक लाख चाहिले भएकाले बैचारिक धरातल नै परिवर्तन हुनु आदि कारणले गुलफामको मनमा उत्पन्न भएको संवेगात्मकस्थितिको चित्रण कथाकारले गरेका छन् । यस कथामा दृष्टिबिन्दु पात्रलाई गुलफामलाई गुलफाम मिया दाजु जस्ता नामले संबोधन गरिएको हुनाले त्यही आन्तरिक दृष्टिविन्दुलाई कथाकारले उल्लेख गरेका पाईन्छन् ।

## ४. सारवस्तु

आत्मज्ञान कथामा धर्मको नाममा देखिएको विकृति र विसंगतिहरुको राम्रोसंग चित्रण गरिएको छ । यस कथामा कथाकारले आजको मानिसले धर्मलाई मूल्य तिरेर सजिलै संग पाउन सकिने सामान्य वस्तु वा चिजवीजमा रुपान्तरण गरेका छन् र संसारमा शक्ति र सम्पन्नता पूज्यवस्तु भएका छन् भने कुरा देखाउन खोजेका छन् ।

## ५. रुपविन्यास

प्रस्तुत आत्मज्ञान कथा एक सामाजिक कथा हो । यस कथामा भाषशैलीको चमकत्कार देखाएर अभिव्यक्तिलाई श्रृङ्गार्नेकाम कतै देखाएको छैन । पात्रको बौद्धिक स्तर अनुरुप बोलीचालीका पद र पदावली प्रयोग भएको पाईन्छ । सरल र सहजअभिव्यक्ति भएकाले कथा सुबोध रहेको छ । त्यसैले यस कथालाई संबृत्त रुपविन्यास भएको कथा मानिन्छ ।

यस कथामा स्याला, चोक्टा, चिचिलो, कसाही, मियाँ, धरम, पाठो, नरक जस्ता गाउँघरमा बोलिने भाषा तथा शब्दको प्रयोग भएका छन् ।

ङिच्च, फतफत, टुलुटुलु, धप्प, जुरुक्क, म्याँ, म्याँ, खचाखच, जस्ता अनुकरणात्मक शब्दहरुका साथै नि, रे, त, अरे जस्ता निपातहरु पनि प्रयोग भएका छन् ।

फतफत, टुलुटुलु, म्याँम्याँ, टुक्राटुक्रा, मक्कामदिना, जयजय, खसीपाठा जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् ।

संवाद प्रयोग प्रसस्त मात्रामा भएको छ । त्यसैले वाक्यहरु छोटा छोटा छन् । सरल वाक्यको बाहुल्यता भए पनि संयुक्त तथा मिश्र वाक्यको पनि प्रयोग भएको पाईन्छ । कथाको अनुच्छेदयोजना उचित किसिमले गरिएको छ र कथा वस्तु अनुसार नै शिर्षक भएकोले सुहाउदो रहेको छ ।

### ४.४.१४ मौसम

### १. कथावस्तु

राजेन्द्रप्रसालद विमलद्वारा लेखिएको मौसम कथा सामाजिक यथार्थवादी कथा हो । यो कथा रैखिक ढाचामा लेखिएको छ । आस्ता र सकसेका बीचको आदर्श प्रेमलाई कथाको मुख्य विषयवस्तु बनाईको छ ।

आस्था र सक्से बाल्यकाल देखि नै अत्यन्तै मिल्ने साथी हुन्छन् । उसका बुबा स्वास्थ्यकर्मी हुन्छन् । उनी गाउँ गाउँ घुम्दै पोलियो थोपा खुवाउने काम गर्दछन् । तर उसको हेलचक्रयाईका कारणले आस्था पोलियोका शिकार बन्छे । सकसे सम्पन्न परिवारमा जन्मेको हुन्छन् । उनका बाबु हङ्कङ्गमा लाहुरे हुन्छन् । उनी वर्ष वर्ष दिनमा दशै मान्न घर आउँछन् । आस्था र सकसेको घर अत्यन्तै नजदिक हुन्छ । त्यसैले उनी सधै जस्तो संगै खेल्छन् । ठूला भएपछि उनीहरुलाई एउटै विद्यालयमा भर्ना पनि गरिन्छन् । सकसेको साथ पाएर आस्थालाई कसैले पनि हेप्न पाउदैनन् । कहिले काही आस्था ठेस लागेर खस्ता उनलाई सकसेले नै सहारा दिएर उठाउे काम गर्दछन् । उनीहरुको पढाई निरन्तर रुपमा चलिरहन्छ । दुवै प्रथम श्रेणीमा एस एल सी पास पनि गर्छन् । क्याम्पस पढ्नको लाि शहर जानु पर्ने बाध्यता आउँछन् । सकसे शहर जान सक्थ्यो, आस्थाको लागि यो असम्भव नै हुन्छ । तर त्यसै वर्ष नै गाउँमा आई. एस्सी पास गर्छन् । एक दिन आस्था मौका छोपेर सकसेलाई विवाहको प्रस्ताव राख्छे । तर सकसे आस्थाको कुराले क्रुद्ध बन्छ र उसका गालामा थप्पड हान्छ । सकसे एउटा लङ्गडी केटीसंग आफ्नो विवाह हुनै नसक्ने भनेर मुखभरि थुकेर हिड्छ । आस्था सकसेले आफू प्रति देखाएको व्यवहार तथा घृणाको कारणले निक्कै दुखि हुन्छे र निक्कै बेरसम्म राईरहन्छे । यसलाई मौसम पनि उदास जस्तो लाग्छ । आई एस्सी पास गरेर सकसे मेडिकलको कोचिङ्गका लागि काठमाण्डौ जान्छ भने आस्था गाउँमा नै खुलेर नर्सिङ्गको तालिम गर्न थाल्छे । आस्थाले सकसेले गरेको व्यवहार वेला वेलामा सम्झीन्थी र आफ्ना गाला सुमसुम्यान पुग्थी । आस्थामा विस्तारै आत्मबलको विकास हुन्छ र एकदिन सकसे भन्द्या ठूलो मान्छे भएर देखाउने संकल्प गर्छे । उसका आँखामा डाक्टर बन्ने सपना सल्बलाउन थाल्छ । यसले काठमाण्डौको वीरअस्पताला नर्सको जागि पनि पाउछे र त्यसै

वर्ष उनले छात्रबृत्तिमा एम बी बी एस पढ्ने मौका पनि पाउछे । दशै विदामा घर आउँदा आस्थाले एउटा नराम्रो समाचार सुन्छे । सकसेको बाबु लडाईमा मारिएको र बम विष्फोटमा परेर सकसेले एउटा खुट्टा गुमाएको खबरले उ मर्माहत हुन्छे । आस्थाले आफूलाई थाम्न सकिन र कुद्दै सकसेलाई भेट्न जान्छे । दुवै मिलेर धेरै वेरसम्म रुन्छन् । फेरि एक्कासि एक अर्कालाई हेरेर मरिमरि हाँस्छन् । हाँसो रोकिएपछि सकसे आस्थासंग माफी माग्छ । उनीहरु एक अर्कालाई अंकमाल गरेर धेरै बेरसम्म राईरहन्छन् र दुवैले एक अर्कालाई सहारा दिएर डाक्टर बन्ने संकल्प गर्छन् । केही समयपछि दुवै जना एम बी बी एस उत्तीर्ण गर्छन् र त्यै दिन वैवाहिक बन्धनमा बाँधिन्छन् । यसरी आस्था र सकसे बीचको वाल्यकालदेखिको प्रेम बीचमा खण्डित भए पाि पछि आएर संगठित हुन्छ र कथाको अन्त्य पनि सुखद रुपमा नै हुन्छ ।

## २. पात्र

मौसम कथामा अस्था सकसे,भेषप्रसाद, बाबु आस्थाकी आमा, सकसेकी आमा, डाक्टर, केटाहरु आदि पात्रहरुको उपस्थिति छ । तर कथाको शुरु देखि अन्त्यसम्म आस्था र सकसे मात्र देखा परेका छन् । त्यसैले यी दुवै पात्र मुख्यपात्र हुन् । आस्था र सकसेका आमाहरु कथाका सहायक पात्र हुन् भने भेषप्रसाद सकसेका बाबु, डाक्टर, केटाहरु आदी गौण पात्र हुन् । स्वभावको आधारमा आस्था, आस्थाकी आम र सकसेकी आमा अनुकूल पात्रको रुपमा देखिएका छन् भने सकसेलाई प्रतिकूल पात्र मान्न सकिन्छ । यसले आस्थाको पवित्र प्रेमलाई उपेक्षा गरेर कुट्ने र उसको मुखमा थुकेर अभद्र व्यवहार गरेको छ । प्रबृत्तिको आधारमा सकसे गतिशिल पात्र हो किनकि उसलेशुरुमा आस्थाको प्रेमलाई अस्वीकार गर्दै उसलाई अपमान गरेपनि पछि माफी मागेको छ । आस्था चांहि स्थिर पात्र हुन् किनभने उनी शुरुदेखि नै सकसेलाई माया गरिहन्छे । आस्था तथा सकसेका आमा स्थिर पात्रको रुपमा देखा परेका छन् । आबद्धताको आधारमा आस्था र सकसे बद्ध पात्र हुन् भने अन्य मुक्त पात्र हुन् ।

## ३. दृष्टिबिन्दु

मौसम कथामा बाह्य सर्वदर्शी विन्दुको प्रयोग गरिएको छ किनभने यस कथामा कथाकारले आस्था र सकसेको संवेगात्मक स्थितिलाई देखाएका छन् । यस कुराको पुष्टिका लागि यी दवै पात्रको संवेगात्मक स्थितिलाई कथामा खोजेर हेर्नुपर्ने हुन्छ ।

आस्था सकसेसंग विवाहको प्रस्ताव राख्नु, सकसेले गालामा हिर्काउनु, लङ्गडी भन्दै अपमान गर्नु, अनुहारमा थुकिदिनु आदी कारणले आस्थाको मस्तिष्कमा उत्पन्न भएकोपिडा, जलन हिनताबोध जस्ता संबेगहरुलाई कथाकारले चित्रण गरेका छन् । बेलाबेलामा सकसेको अपमान सम्झी सम्झी रुनाले आस्थाको संबेगात्मक स्थिसित अझ प्रगाढ भएको पाईन्छ ।

कथाकारले यस कथामा सकसेको संवेगात्मक स्थितिको चित्ररण पनि गरेका छन् । जव आस्थाले सकसेसित विवाहको प्रस्ताव राख्छे, ऊ अकमकाउँछ । आस्थाले हाम्रो विवाह नि, कहिले हुन्छ भन्या भनेर भन्दा सकसे रिसले आगो हुन्छ र यसको गालामा थप्पड हान्छ । सकसे काठमाण्डौवाट गाउँ आउदा गाउँ आउँदा आस्थाका आमाबुबासंग भेट्न नजानु, आस्थालाई पनि वास्ता नगर्नु, पछि आस्था सित माफि माग्नु,आस्था सित के तिमी मलाई अझै माया गर्छौ भनेर प्रश्न गर्नु आदि कुराहरुले सकसेभित्र उत्पन्न भएका संवेगहरुलाई कथाकारले चित्रण गरेका छन् ।

यसरी कथाकार विमलले आस्था र सकसे दुवैको मनस्थितिमा उत्पन्न भएको संवेगहरुलाई प्रस्तुतगरेका छन् । त्यसैले मौसम बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा लेखिएको कथा हो ।

## ४. सारवस्तु

मौसम कथामा कथाको सारवस्तु, विचार वाक्यका रुपमा प्रत्यक्ष रुपमा व्यक्त भएको पाईन्छ । प्रस्तुत कथाको सारवस्तु स्वयं कथाकार विमलले कथाकै कै एक पात्र आस्थाको मुखवाटव्यक्त गराएका छन् । मायाले, धन, मान, पद जात केही देख्दैन भन्ने शास्वत कुरालाई नै यस कथामा सारवस्तुको रुपमा औल्याएका छन् ।

## ५. रुपविन्यास

प्रस्तु मौसम कथा यथार्थवादी शैलीमा लेखिएको सामाजिक कथा भएको हुनाले यसमा संबृत्त रुपविन्यसको प्रयोग भएको पाईन्छ । विमलले यस कथामा बोलचालको वा चलनचल्तिको भाषाको प्रयोग गरेका छन् । कथ्यभाषको प्रयोग गर्ने क्रममा गोबर, पिउसो, मठ, अलि, तिरिमिरि झ्याई, जस्ता शब्दहरुलाई सन्दर्भ मिलाएर राखिएको छ । भाषाशैलीको चमत्कार अभिव्यक्तिलाई ज्यादै आलंकारिक बनाउने काम यस कथामा कही पनि भएको छैन । टुकटुक, थरथर, खुसुक्क, थुक्क, खंग्रङ्ग, च्वाक्क, मुसुमुसु जस्ता अनुकरणात्मक शब्दहरुको साथै घरघर, गाउँगाउँ, वर्षवर्ष, आमाबाबु, मरिमरि, जस्ता द्वित्व शब्दहरुको प्रयोगले यस कथामा भाषिक स्वभाविकता प्रकट हुन पुगेको छ । वाक्यगठनका दृष्टिले यस कथामा सामान्य र सरल वाक्यको प्रयोग भएको पाईए पनि संयुक्त र मिश्रित वाक्यका सरल रुपहरु पूयुक्त देखिन्छ । ठाउँ ठाउँमा संवादको प्रयोग भएको छ र अनुच्छेद योजनाको उचित संयोजन यस कथामा पाईन्छ ।

## ४.४.१५ लाँकुरी फेरि फुल्नेछ

### १. कथावस्थु

लनकुरी फेरि फुल्नेछ एक सामाजिक कथा हो । यो कथा रैखिक ढाचामा लेखिएको भएपनि कौडेले आफ्नो विगतलाई पनि स्मरण गरेको छ । यस कथामा विपन्नता पिल्सिएका नेपाली ग्रामिण जनताले माओवादी समस्याका कारण अझै पिडित बन्नु परेको यथार्थलाई उतार्ने काम भएको छ ।

कौडा एक निम्नवर्गिय पात्र हो । उसका परिवारमा आमा, बाबु, बहिनी ( चेउकी ) र आफू समेत गरेर चार सदस्य छन् । गरिवीसंग जति संघर्ष गर्नुपरेपनि उनीहरुको सानो र सुन्दर परिवार खुसीसाथ चलिरहेको हुन्छ । अझ कौडेको वाल्यकाल वहिनी चेउलीसित लुकामारी गरि खेल्दै रमाईलोसंग वितेको हुन्छ । माओवादीद्वारा सञ्चालित विभिन्न प्रकारका आतंककारी क्रियाकलापवाट मानिसहरुको अमन चयन भङ्गहुन पुगेका छ । एक परिवार एक मान्छेको नारा दिएर युवायुवतिहरुलाई लगी जनयुद्धमा होमेको कुराले कौडेको आङ्ग सिरिङ्ग

हुन्छ । माओवादीको अपहरणमा परिएला कि डरले उनका बहिनी चेउली घरपरिवार छाडेरनारायण गढको एउटा होटलमा गएर भाडा वर्तन माझ्ने काम गर्दछिन् । पछि चेउँलीले धेरै दु:ख पाउँछे र ऊ मरिसकी वा जिवितै छ भन्ने कुरा उसका परिवारले थाहासमेत पाउँदैनन् । कौडे पनि निर्वासित जीवन विताउन बाँध्य भएको छ । उसले बनारसमा बाँच्नका लागि अनेकन प्रकारका दु:ख गर्नुपरेको छ । त्याहा उसले कहिलेकाही भोक्कै वस्नुपर्छ, कहिले मागेर खान्छ, कहिले कुनै मठमा गै खान्छ । कतिपय ठाउँमा उसलाई काम गर्न गलाउँछन् तर पैसा नदिईकन लखेट्छन् । कौडे धेरै दिन पछि आफ्ना घर फर्किन्छ । वर्षातको समय हुन्छ र र आँधिवेहरी पनि जोडतोडले चलिरहेको हुन्छ । कौडेलाई आफ्ना बृद्ध आमा बुबाको साह्रै माया लागेर आउँछ । ऊआमा बाबु सुतेको ठाउँमा जान खोज्छ तर उनीहरुको व्यवहारिक कुरा सुनेर आफ्नै कोठामा आई सुत्छ । वर्षा र आधिवेहरी कम भएपछि बाबोुआम कौडेको कोठामा पुग्छन् । त्याँहा उनीहरु चेउँलीको स्मरण गरेर सबै जना राईरहन्छन् । हुरीको बेग खप्न नसकेर घर अगाडीको लाकुरीको रुखका हाँगाहरु लाटिएर भुईमा थुप्रिएका हुन्छन् । त्यस थुप्रो तर्फ संकेत गर्दै कौडे बोल्छ बा यो मुलुकमा लाकुरीका हाङ्ग थुप्रिय झै लाशको थुप्रो मात्र कहिलेसम्म रहनेछ , लठी टेकेर उभिएका बुढा यो प्रशन सुनेर काम्छन् फेरि अनुभवले पाकेको स्वरमा बोल्छन् - बाबु हामी लाकुरीको रुख होईनौ ।....यसको सरसर मरमर बोली कसैले बुझ्दैन, हाम्रो पाखुरीमा, हाम्रो गिट्टीमा, हाम्रो मुटुमा तागत छ, हाम्रो विध्वंश रोक्न सक्छौं । बुबाका आशावादी कुराको कोडेका मनभित्र नयाँ नयाँ संकल्प जन्मन्छ । उसले घर छोडेरकतै नजाने संकल्प गर्छ । यसरी कथा टुङ्गिन्छन् ।

## २. पात्र

लाकुरी फेरि फुल्नेछ कथामा कौडे, चेउँकी,बुबा, आमा, ढाक्रेहरु, शिवुदमाई, सन्ते, माओवादीहरु, सेना, गुरुङ्ग दाई, मारवादी आदि पात्रहरुको उपस्थिति छ । कौडे कथाको शुरुदेखि अन्त्यसम्म देखा परेका छन् । कोडे कथाको मूल पात्र हो । उसको क्रियाकलापलाई उत्कर्षमा ल्याउन सघाउने आमा, बुवा, चेउली सहायक पात्र हुन् । ढाक्रेहरु, शिवु, सन्ते, माओवादीहरु, सेना, गुरुङ्ग दाई, मारवादी आदिको सामान्य उपस्थिति भएकाले यीनिहरु

सहायक पात्र हुन् । स्वभावको आधारमा कौडे, आमा, बाबु र चेउँली अनुकूल पात्र हुन् । प्रबृत्तिको आधारमा कौडे र चेउँली गतिशील पात्र हुन् भने आमा र बाबु स्थिर पात्रको रुपमा देखा परेका छन् । आबद्धताको आधारमा कौडे, चेउँली, आमा, बाबु बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

### ३. दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलद्वारा लिखित लाकुरी फेरि फुल्नेछ कथामा कथा वाचकको रुपमा सर्वत्र कौडे रहेको र उसैको संवेगात्मक स्थितिवाट कथा अगाडी बढेको हुनाले बाह्य सिमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

कौडेले आफ्नो बाल्यकाल र बहिनी चेउँलीलाई सम्झनु, माओवादीका डरलाग्दा क्रियाकलापहरु सुन्नु, माओवादीद्वारा अपहरित हुने डरले चेउँली घर छोड्न बाँध्य हुनु, कौडे आफैले पनि बनारस गएर अनेकन प्रकारको दुःख जस्ता घटनाहरुले कौडेमा उत्पन्न भएका विभिन्न प्रकारका भावसंवेगहरुलाई कथाकारले प्रकाश पारेका छन् ।

धेरै समयपछि घर फर्केको कौडे चेउँलीलाई सम्झेर रोएको र आमाबुबा पनि उनीसंगै कारुणिक अवस्था सृजना गरेरकथाकारले दृष्टिविन्दुलाई अझ तीब्र बनाएको छ ।

### ४. सारवस्तु

माओवादी समस्या नेपाली समाजमा जटिल समस्याको रुपमा रहेको छ । यसले गरिवीमा पिल्सिएका जनताहरुको सबै खुशिहरु लुटेको छ र उनीहरु डर र त्रासका बीच बाँच्न विवस छन् ।

### ५. रुपबिन्यास

लाँकुरी फेरि फुल्नेछ एक सामाजिक तथा राजनीतिक कथा हो । संबृत्त रुपविन्यासलाई अपनाएर लेखिएको यस कथामा सरल रसोझो अभिव्यक्ति छ । पात्रहरुको बौद्धिक र सामाजिक स्तर अनुरुपको भाषा प्रयोग भएकाले कथा रोचक बनेको छ ।

कथ्य भाषको प्रयोग गर्ने क्रममा ढाकर, नेटो, बर्खा, खर्क, बेसी, जिम्वाल, कटेरो, कुलो, गावो, ईजेत, ज्यान शब्दहरुलाई सन्दर्भ मिलाएर राखिएको छ । सरसर, सर्र, मरमर, ग्वाँग्वाँ, चरक्क, ख्वाकख्वाक, गड्याङ्गगुडुङ्ग, सुक्कसुक्क, हुक्कहुक्क, जस्ता अनुकरणात्मक शब्दहरुको साथै रे, त, अरे, कि जस्ता निपात शब्दहरु पनि यथास्थानमा प्रयोग भएका छन् ।

ख्वाक-ख्वाक, फकाईफुल्याई, आमा-छोरी, अलिअलि, वारम्वार, भाँडाकुँडा, बुढाबुढी जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् ।

वाक्यगठनका दृष्टिले सामान्यतया सरल वाक्यकै प्रयोग बढी भएपनि संयुक्त तथा मिश्र वाक्यहरु पनि सरल वाक्यकै रुपमा प्रयोग भएका छन् । ठाउँ ठाउँमा संवाद पनि प्रयोग भएको पाईनछ र अनुच्छेद योजना उचित किसिमले गरिएको छ ।

## ४.४.१६. राति राति महुवा फुल्छ

### १. कथावस्तु

राति राति महुवा फुल्छ एक सामाजिक कथा हो । यसमा रैखिक किसिमको कथानक ढाचा छ । तर म पात्रले कथाको बीचतीर आफ्नो अतितलाई पनि सम्झेको छ ।

म पात्र र मितिनी दुवै निम्नवर्गीय पात्र हुन् । यी दुवैका बीचमा गहिरो मित्रता छ । कमजोर आर्थिक अवस्थाका कारणले यिनीहरुको घरमा महिनौसम्म महुवाको फूलले छाक टार्छन् । त्यसैले नरसिंह फूलवारीमा महुवाको फूल टिप्न जानु यिनीहरुको दैनिकी भएको छ । नरसिंह बाबु नाम गरेका एक जना जमिन्दारको फूलवारी भएकाले गाउँलेहरुले नरसिंह फूलवारी नामाकरण गरेका छन् । त्यस फूलवारीमा बाँस, सिसौ, साल, महुवा, जामुन लिची, बडहर, तुत, बयर, आँप आदिका रुखहरु हुन्छन् । नरसिंह फूलवारीमा महुवाको फूल टिप्दा, आँपको मौसममा झरेको आँप टिप्दा होस् वा विभिन्न खालेवाल क्रिडाहरुमा म पात्र र मितीनि संगै हुन्छन् । म पात्रले आफू पाँच वर्षको हुदा बल्ल आफ्ना बुबालाई चिन्छ तर उसलाई बुबाको अर्थ थाहा हुदैन । उसको घर एउटा गरिव गाउँमा छ जहाँ अधिकांश मानिसहरुको घरमा दुवै छाक चुलो बन्दैन । उनीहरु महिनौसम्म महुवाको फूलले छाक

टार्छन् । कहिले त महुवाको फूल सुकाएरमुठो पारि जोगाएर राख्छन् र भोक लागेका वेलामा लालाबालासहित खान्छन् । गाउँको सम्पूर्ण खेत माथि केही सिमित मान्छेको अधिकार हुन्छ जसले गर्दा भूमिहिनहरुको जीवन निक्कै कष्टमय वितेको हुन्छ । एक दिन म पात्र र मितिनीसंगै महुवाको फूल टिप्न घरवाट निस्कन्छन् । वाटामा खटरा खत्वेको खेतमा हरिया हरिया खेसारीको साग हल्लिरहेको देखेपनि उनीहरु लोभिन्छन् । दुवै जना सल्लाह गरेर खेसारीको साग भएको खेतमा पस्छन् । खेसारी मुखमा कोच्याउदै गाउँवस्तु झै चुरुमचुरुम खानथाल्छन् ।

खेसारीको साग टन्न भएर अघाउँ खाईसकेपछि एक अर्कालाई कुतकुती लगाएर पेट मिचिमिचि हाँस्न थाल्छन् । त्यसैबेला म पात्रको आँखा लट्ठी टेकेर खोक्दै उनीहरुतीर आउन लागेको खटरामाथि पर्छ । खटराले परैवाट उनीहरु माथि लठ्ठी प्रहार गर्छ । लठ्ठी उनीहरुको कुर्कुच्चमा बज्रिन्छ तर उनीहरु त्याँहावाट भाग्न सफल हुन्छन् । हतारमा भाग्दा म पात्रको ढकी र मितिनीको चप्पल छुट्छन् । घरमा कुटाई खाईन्छ भन्ने डरले उनीहरु हिउँ जस्तो चिसा बन्छन् । उनीहरु अरु दिन भन्दा निक्कै बेरपछि घर पुग्छन् । उनीहरु पुग्नु अगावै खटराले साग चोरी खाएको गुनाशो आमासम्म पुर्याईसकेको हुनाले कितिनीको आमा रिसले आगोभएर ढोकैमा उभिरहेको हुन्छिन् । नजिक पुग्न साथ उनी मितिनीको जगल्टो समाई घिसार्न थाल्छन् । उनी अनेकतरहका गाली गर्दै अङ्गअङ्गमा घाउँ हुने गरि कुट्छिन् । म पात्रले पनि घर पुगेपछि ढकी र चप्पल हराएकोमा कुटाई खान्छ । त्यस रात म पात्रले एउटा अनौठो सपना देख्छ । आकाशवाट महुवाको फूलको वर्षा भैरहेको हुन्छे । जताततै फूलका असंख्य पर्वतहरु देखापर्छन् । मितिनीको आमा खुशीले नाचीरहेको हुन्छे । म पात्र र मितिनी एक अर्कालाई अंगालो हालेको अवस्थामा महुवाकोफूलको पहाडले किचिदै हुन्छन् । यसरी कथाको समाप्ति हुन्छ ।

## २. पात्र

राति राति महुवा फुल्छ कथामा म पात्र, मितिनी, नरसिंह बाबु, लङ्गडो, ठिटाठिट्टी र केटाकेटीहरु, अजोधिमण्डल, आमा, बुबा, खटरा, मितिनीका आमा आदी पात्रहरुको उपस्थिति छ । कथाको शुरु देखि अन्त्यसम्म म पात्र र मिथिनी मात्र देखापरेका छन् ।

त्यसैले यी दुवै मुख्य पात्र हुन् । मितिनीकी आमा सहायक पात्रकी रुपमा देखा परेकी छ भने नरसिंह बाबु, लङ्गडो, अजोधि मण्डल, आमा, बाबु, खटरा, आदि गौण पात्र हुन् । स्वभावको आधारमा म पात्र र मितिनी अनुकूल पात्र हुन् भने मितिनीको आमालाई प्रतिकूल पात्रको रुपमा लिन सकिन्छ । उसले मितिनीलाई सामान्य कारणले निर्ममतरिकाले कुट्ने र गाली गर्ने कार्य गरेकी छिन् । प्रबृत्तिको आधारमा म पात्र, मितिनी, मितीनीकी आमा सवै स्थिर पात्र हुन् भने अरु सवै मुक्त पात्र हुन् ।

### ३. दृष्टिविन्दु

राति राति महुवा फुल्छ भने कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा म पात्रको संबेगात्मक स्थितिलाई देखाएका छन् । य कुराको पुष्टिका लागि म पात्रको मनभित्र डुवेर हेर्नु पर्ने हुन्छ ।

म पात्र र मितिनी सधै महुवाको फुल टिप्न जान्छन् । महुवाकै फुलको भरमा महुवा फुलुन्जेल गुजारा गर्ने गरिव परिवार अनेक हुन्छन् । ती मध्ये म पात्र र मितिनीको परिवार पनि हुन्छ । एक दिन म पात्रले मितिनीलाई रातिराति पनि महुवा टिप्न जान आग्रह गर्नु, उनीहरु नरसिंह बाबुको परालको टौवामा लुकेर बेहुला बेहुली खेल खेल्नु, म पात्रले कैयौ दिनसम्म भात खान नपाउनु, महुवाको फूल टिप्न जाँदा वाटामा खेसारीको साग खान भुलिनु, खटराले लठी हानेर लखेट्नु आदि घटनाहरुले म पात्रका मनमा उत्पन्न बालसुलभ प्रेम, डर, त्रास, पीडा, पश्चाताप जस्ता भावावेगहरुलाई कथाकारले प्रष्टपारेका छन् । घरमा पुगेर मितिनीलाई उनकी आमाले गाली गर्दै जथाभावी कुटपीट गर्दा म पात्रको संवेगात्मक स्थिति अझ शसक्त भएको छ । यसरी कथामा घटेका हरेकघटनाहरुको अनुभव कर्ता म पात्र भएकाले यो आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा लेखिएको कथा हो ।

### ४. सारवस्तु

नेपाली समाजमा अझै पनि सामन्ति प्रथा कायम छ, सम्पूर्ण जग्गा जमिन मुठ्ठी भर मान्छेको कब्जामा रहेका कारणले गरिव तथा विपन्न वर्गका मानिसहरुको जीवन दुःखान्त बनेको छ भने कुरा देखाउनु यस कथाको सारवस्तु बनेको छ ।

**५. रुपविन्यास**

प्रस्तुत राति राति महुवा फुल्छ एक सामाजिक कथा हो । यसमा भाषा शैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई सिगार्न काम कतै पनि भएको छैन । पात्रहरुको स्तर अनुरुप बोली चालीका पद र पदावलीको प्रयोग भएको पाईन्छ । सरल रसहज अभिव्यक्ति भएकाले कथा सुवोध छ । त्यसैले यस कथालाई संबृत्त रुपविन्यास भएको कथा मानिन्छ ।

जुल्फी, ठिटा, टाँड, टौवा, दलान, जस्ता गाउँघरमा प्रचलित, कथ्य भाषमा प्रयोग गरिने शब्दहरुलाई संन्दर्भ मिलाएर राखिएको छ ।

कुहुकुहु, ग्वारग्वार्ती, खींखीं, मच्याकमच्याक जस्ता अनुकरणात्मक शब्दहरुको साथै नि, त, न, र, कि जस्ता निपातहरु यथास्थान प्रयोग भएका पाईन्छ ।

चुरुमचुरुम, चोरीचोरी, डण्डीवियो, बिडीचुरोट, गाईवस्तु, रुखैरुख जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् । ठाउँ ठाउँमा संवादको प्रयोग भएको छ । त्यसैले वाक्यहरु छोटाछोटा छन् । सरल वाक्यकै प्रयोग बढी भए पनि मिश्र, संयुक्त वाक्यहरुको पनि सिमित प्रयोग पाईन्छ । कथावस्तु अनुसार शीर्षक पनि सार्थक देखिन्छ ।

**४.४.१७ विरालो र विश्वयुद्ध**

**१. कथावस्तु**

विराले र विश्वयुद्ध एक राजनैतिक विषय वस्तुमा आधारित कथा हो । यो कथा रैखिक ढाचामा लेखिएको छ । यसमा एउटा विरालाको कारणवाट उठेको झगडा कसरी विश्वयुद्धसम्म पुग्न सक्छ भन्ने कुरा देखाएको छ ।

मेहदी मिया र सोनपुरवालीले सन्ताको रहर मेटाउनका लागि एण्टा विरालो पालेको हुन्छन् । त्यस बिरालाको नाउँ उनीहरुले सुगनी राखेका छन् र त्यसलाई अत्यन्तै माया पनि गर्दछन् । एक दिन त्यो विरालो खेल्दा खेल्दै हबल्दार अर्जुन सिंहको आगनमा पुग्छ । हवल्दारले आफ्नो वेलायती अलसिसियन कुकुरलाई मेहदीको विरालोलाई मार्नका लागि आदेश दिन्छ । कुकुरले

एक्कै छिनमा नै आफ्नो मालिकको आदेश पुरा गर्छ । आफूले छोरा छोरी जस्तै माया गरेर पालेको विरालोलाई विना कसुर हवल्दारले मार्न लगाएकोमा दुःखि हुदै मेहदीले आफ्नो गुनाशो पोख्छ । तर हवल्दार र उसको श्रीमति उस प्रति उपहासपूर्ण हाँसो हाँस्छन् । मेहदीलाई झन्झन् रिस उठ्छ र गर्जिन्छ मालिक गरिव मागि यसरी नहाँस्नुहोस्, हजुरको नातीको घाँटी यसरी नै निमोटिदिन्छ भने हजुरको मन कसरी दुःख्छ, त्यसैगरि मेरो मन दुखेको छ । मेहदीको कुरा सुनेर हबल्दार क्रुद्ध हुन्छ र उनलाई घिसारीघिसारी कुट्न थाल्छ । एक्कै छिनमा धेरै मानिस जम्मा हुन्छन् । उनीहरु मेहदी प्रति सहानुभूति प्रकट गर्दछ र हबल्दारको विरोध गर्दछ । हवल्दार र उनका छोराले मिलेर मेहदीलाई निर्ममतापूर्वक कुटिरहदा भिडका मानिसहरु आक्रोशित बन्छन् र उनीहरुमाथि जाईलाग्छन् । पुलिस आएर मेहदीलाई समातेर लग्छ, यता मानिसहरुको भिडले हवल्दारको घरमा तोडफोड गर्छन् । भीडलाई नियन्त्रणमा लिनका लागि पुलिसले अश्रुग्यास छोड्छन् तर भीड तितरवितर हुदैन । भिडमा नारा उर्लिन्छ ।

ईनकलाव जिन्दावाद ।

पुलिस प्रशासन मुर्दावाद ।

ललित दलित एक हौ ।

फरवार्ड साला मुर्दावाद ।

नारा सुनेर ब्राह्मण, कायस्थ, राजपुत र भूमिहार जातिका मानिसहरु एक एक गरी बाहिर निस्कन्छन् । राति फरवार्ड वर्गको र ब्याकबार्डको छुट्टा छुट्टै वैठक बस्छ । फरवार्डको वैठकले ब्याकवार्डको घरमा आगो लगाईदिनुपर्छ भन्ने निर्णय गर्छ ब्याकवार्डको वैठकले फरवार्डलाई लखेटी लखेटी मार्नु पर्दछ भन्ने निर्णय गर्छ । अर्को दिन देखि वस्तिमा रगतको खोला वग्छ । यो वर्ग युद्ध विस्तारै देशभरि नै फैलिन्छ । यो व्याकवार्ड तथा फरवाडको झगडाले केही दिन पछि हिन्दु र मुसलमानको झगडा, मधेश र पहाडको झगडाको रुप लिन्छ । देशभरि नै अशान्ति मच्चिन्छ । जातिय द्वन्द्व बढदै जादा नेपाल, भारत र पाकिस्तान सहितका देशहरुमा रहेको मैत्रिपूर्ण सम्बन्धमा कटुता उत्पन्न गराउँछन् । सीमा क्षेत्रमा युद्ध

र धरपकडको कार्यहरु तीब्र रुपमा चल्छन् । नेपाल, भारत र पाकिस्तानका मंन्दिरहरुमा गाईको बली दिन्छ भने मस्जिदहरुमा सुगुर काट्ने काम देखिन थाल्छन् । जताततै जातिय दङ्गा फैलिन थाल्छन् । असंख्य मान्छेहरु मर्छन् । यसै बीच एशियामा मानव अधिकार, अशान्तिको गिर्दो अवस्था देखेर अमेरिकाले नेपालमा शान्तिसुरक्षाको पुर्न स्थापना तथा मानव अधिकारको रक्षाका लागि सैनिक शिविर राख्ने निर्णय गर्छन् । अमेरिकाको उक्त निर्णयको थुप्रै देशहरुले विरोध पनि गर्दछन् । सिङ्गो संसार दुई खेमामा विभक्त हुन्छ अमेरिकाको समर्थन तथा विरोध गर्नका लागि । अमेरिकले तृतीय विश्वयुद्धको भोषणा पनि गर्छन् । संसारको आकाश वमवर्षक विमानको गर्जनले धुजा धुजा भएभ्कै लाग्छ । मानिस र पशुपक्षिका कुहिदा लाशको दुर्गन्धले संसार नर्कमा परिणत हुन्छ । यसरी एउटा विरालो निहुमा मेहदी मिया र हवल्दारवाट शुरु भएको भ्कगडाले जातिय, वर्गिय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुप धारण गर्छ र अन्त्यमा विश्वयुद्धलाई निम्त्याउँछ ।

२. पात्र

विरालो र विश्वयुद्ध कथामा मेहदी मिया, हवल्दार, देवर, अफताव, नुरे, सोनपुरबाली, हवल्दारनी, छोरो गाउलेहरु, पुलिस, लगायतका सुगनी विरालो र अलसिसियन कुकुर जस्ता मानवेत्तर पात्रहरुको पनि उपस्थिति रहेको छ । मेहदी मिया कथाको शुरु देखि अन्त्यसम्म देखा परेको छ । त्यसैले मेहदी मिया कथाको मुख्य पात्र हो । सुगनी विरालो पनि मुख्य पात्र नै हो किनभने बिरालाकै केन्द्रीयतामा कथा अगाडी बढेको छ । हवल्दार, अलसिसियन कुकुर सहायक पत्र हुन् । यिनीहरु मेहदी मिया र सुगनी बिरालो का सहायक पात्रको रुपमा देखिएका छन् । देवर, अफताव, नुरे सोनपुरवाली, हवल्दारनी छोरो पुलिस, र गाउँलेहरुको सामान्य उपस्थिति मात्र छ । त्यसैले यीनिहरु गौण पत्र हुन् । स्वभावको आधारमा मेहदी मिया अनुकूल पत्र हो किनभने उ सकारात्मक भूमिकामा देखापरेको छ । हवल्दारलाई प्रतिकूल पात्रको रुपमा लिन सकिन्छ किनकि उसले शक्ति र सम्पन्ताको आधारमा मेहदी मिया माथि थिचोमिचो गरेको छ । प्रबृत्तिको आधारमा मेहदी मिया गतिशील पात्र हो । मेहदी मियाको कुराले उसमा आएको छटपटी आदिले यो कुराको पुष्टि गर्छ । आबद्धताको आधारमा मेहदी मिया, हबल्दार, विरालो बद्ध पात्र हुन् किनभने यीमध्ये कुनै एकलाई

कथावाट हटायो भने कथा अस्तित्व विहिन बन्छ । तर कथाको अँन्य पात्रहरुलाई हटाउदा पनि फरक नपर्ने भएकाले यीनिहरु मुक्त पात्र हुन् ।

**३. दृष्टिबिन्दु**

बिरालो र विश्वयुद्ध कथामा वाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ किनभने यस कथामा मेहदी मिया र हवल्दारको दृष्टिविन्दुलाई प्रयोग गरिएको छ । यस कुराको पुष्टिका लागि मेहदी मिया र हवल्दारको संवेगात्मकस्थितिलाई कथामा खोजेको हेर्नुपर्ने हुन्छ ।

मेहदी मियाले छोरो समान माया गरेर पालेको विरालो हवल्दारको आङ्गनमा जादा मारिनु, मेहदीले आफ्नो विरालो मारिदा हवल्दर संग गुनाशो गर्नु, हवल्दार र हवल्दारनी मेहदी प्रति उपहासपूर्ण हाँसो हास्नु, उनीहरुको व्यवहारले मेहदी मियाको चित्त दुख्नु आदी घटनाले मेहदीमा उत्पन्न भएका पिडा, जलन, क्रोध जस्ता संवेदनाहरुलाई कथाकारले चित्रण गरेका छन् ।

यस कथामा कथाकारले हवल्दारको संवेगात्मक स्थितिको चित्रण पनि गरेका छन् । मेहदीप्रति उपहाँसपूर्ण हाँसो हास्नु, मेहदीको गरिवमागि यसरी नहास्नुहोस् मालिक । हजूरको नातीको घाटी यसरी निमोटिदिन्छ भने हजूरको मन कस्तरी दुग्छ, त्यसै गरि मेरो मन पनि दुःखेको छ । भनाईप्रति क्रुद्ध हुनु, मेहदीलाई घिसारी ध्रिसारी कुट्नु जस्ता घटनाहरुले हबल्दारमा उत्पन्न भएको संबेगहरुलाई पनि कथाकारले चित्रण गरेका छन् ।

**४. सारवस्तु**

आगाको सानो झिलकाले सिङ्गो गाउँलाई नै सखाप पारेझै सामान्य कारणले झगडाको विशाल रुप लिन सक्दछ भन्ने कुरा शन्देश दिने काम नै यस कथाको सार वस्तु हो । प्रस्तुत कथामा मेही मियाको विरालो हवल्दारको आङ्गनमा जादा मारिएपछि शुरु भएको झगडा बढदै जादा राष्ट्रिय हुदै विश्वयुद्धकै रुप लिएको छ । यसले कथाको सार वस्तुलाई पुष्टि गरेको छ ।

५. रुपविन्यास

प्रस्तुत विरालो र विश्वयुद्ध कथा राजनीतिक विषय वस्तु भएको र संबृत्त रुपविन्यासलाई अपनाएर लेखिएको कथाको हो । कथा लामो भए पनि कथा सरल र सोझो अभिव्यक्ति छ । पात्रको बौद्धिक स्तर अनुसारको भाष प्रयोग भएको छ ।

४.४.१८ कुकुर

१) कथावस्तु

'कुकुर' एक सामाजिक कथा हो । यस कथामा मुख्य पात्र बुढियाको कारुणिक अवस्थाको चित्रण गर्दै समाजमा देखिने अमानवीय प्रवृत्तिलाई उतार्ने काम भएको छ । यो कथा रैखिक ढाँचामा लेखिएको भए पनि बीचतिर बुढियाले बिगतलाई पनि सम्झिएकी छ ।

बुढियाको लोग्ने मरेपछि आफ्नै घरमा पराईजस्ती भएकी छ । ससुराकै पालामा बनेको तीनकोठे खरको छाप्रो तीन भाइ छोराहरुले छुट्टिँदा एक-एकवटा कोठा बाँडेपछि बुढियाले बाह्रै महिना बाहिर दलानमा सुत्नुपर्ने हुन्छ । बिरामी पर्दा उसको स्याहारसुसार गर्ने कोहिपनि छैन । छोराहरु परदेश गएको र घरमा बुहारीहरु मात्र भएकाले उसलाई खानपिनमा पनि बेवास्ता गरिन्छ । दिउँसोको बाह्र बजेसम्म पनि खाना खान नपाएपछि ऊ बुहारीहरुलाई एक मुठी भातका लागि पुकारा गर्छे तर कसैले सुन्दैनन् । त्यसैबेला पल्ला घरको लाटो दमाइले एक थाल भात ल्याएर बुढियाको बटुकामा हालिदिन्छ । बुढिया खुशी हुँदै खाना खाने सुर गर्छे । ऊ नजिकै बसेको कुकुरले पनि बटुकामा मुख गाड्छ । यी कुराहरु जेठी बुहारीले देख्छे र कराउँदै नजिक आएर लाटो र बुढियालाई गाली गर्छे र ऊ बुढियाको हातमा रहेको बटुको पनि लात्तीले हानेर घोप्ट्याइदिन्छे । त्यसैबेला अरु बुहारीहरु पनि आउँछन् र सबैजना मिलेर बुढियालाई गाली गर्ने र जगल्ट्याउने कार्य गर्छन् । बुहारीहरु गइसकेपछि ऊ आफ्नो अतितलाई स्मरण गर्छे र निकै बेरसम्म रोइरहन्छे । केही दिनपछि बुढिया बिरामी पर्छे । उसका तीनवटै छोराहरु घर आउँछन् र आमाको दयनीय अवस्था देखेर सबैजना रुन्छन् ।

आमाका आँखाबाट पनि बलिन्द्र आँसुका धारा बग्छन् । छोराहरुसितको सीमित कुराकानी पश्चात बुढियाको मृत्यु हुन्छ । लासनेर बसेर कुराकानी गरिरहेका छोरा-बुहारीहरु बुढियाको मृत्युको कारण ऊ आफै भएको निष्कर्ष निकाल्छन् । पर उभिएको भुस्याहा कुकुर बुढियातिर हेर्दै बिरहलाग्दो स्वरमा कराउँछ । यसरी कथाको अन्त्य हुन्छ ।

२) **पात्र**

' कुकुर' कथामा बुढिया, कुकुर, श्रीकृष्ण बाजे, बुहारीहरु, छोराहरु, नातिनातिना, लाटो आदि पात्रहरु छन् । यस कथामा सुरुदेखि अन्त्यसम्म बुढियाको उपस्थिति रहेको छ र उसकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । त्यसैले बुढिया मुख्य पात्र हो । कुकुर, लाटो र बुहारीहरुलाई सहायक पात्र मान्न सकिन्छ किनभने यिनीहरुले मुख्य पात्रको क्रियाकलापलाई उत्कर्षमा ल्याउन सघाएका छन् । छोराहरु, श्रीकृष्ण बाजे, नातिनातिना आदि पात्रहरुको सामान्य उपस्थिति मात्र भएकाले तिनीहरु गौण पात्र हुन् । स्वभावका आधारमा बुढिया, कुकुर र लाटो अनुकूल पात्र हुन् किनभने यी पात्रहरुमा कुनै पनि दोष पाइन्न । बुहारीहरुले बुढियालाई समयमा खान नदिने, बिरामी हुँदा उपचार नगर्ने, कुटपिट र गाली गर्ने आदि गरेकाले तिनीहरु प्रतिकूल पात्र हुन् । प्रवृत्तिका आधारमा बुढिया स्थिर पात्र हो भने बुहारीहरु गतिशील पात्रका रुपमा देखा परेका छन् । आबद्धताका आधारमा बुढिया, लाटो र बुहारीहरु बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

३) **दृष्टिविन्दु**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'कुकुर' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथाको दृष्टिकेन्द्रीय पात्र बुढिया हो । बुढियाकै संवेगात्मक स्थितिबाट कथा अगाडि बढेको हुनाले नै यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । बुढियालाई पेट दुख्नु, भोक लागेर छट्पटाउनु, लाटाले ल्याइदिएको भात जेठी बुहारीले लात्तिले हानेर घोप्ट्याइदिनु, सबै बुहारीहरु मिलेर बुढियालाई कुटपिट र गाली गर्नु आदि घटनाहरुले बुढियामा उत्पन्न भएका पीडा, दर्द, निराशा, पश्चाताप जस्ता भावसंबेगहरुलाई कथाकारले प्रकाश पारेका छन् । मर्ने बेलामा छोराहरु आइपुग्नु, आमाको अवस्था देखेर जेठो

छोरो भुईमा लडिबुडी गर्दै रुनु आदि क्रियाकलापले बुढियाको संबेगात्मक स्थिति अझ प्रगाढ भएको पाइन्छ ।

यसरी कुकुर कथामा बुढियाका संबेगात्मक स्थितिहरुको चित्रण गरिएको र उसकै केन्द्रीयतामा कथा अगाडि बढेको हुँदा यो कथा बाह्य सीमित दृष्टिविन्दुमा लेखिएको कथा हो ।

**४) सारवस्तु**

बर्तमान स्वार्थी समाजका मानिसहरुमा हराउँदै गएको मानवीय संवेदका कारण पूर्व पुस्ताका बृद्धबृद्धाहरु आफ्नै परिवारमा घृणित र अपहेलित बन्दै छन् भन्ने कुरा देखाउनु नै यस कथाको मुख्य सारबस्तु हो । यस कथाकी मुख्य पात्र (बुढिया) ले आफ्नै घरमा उपेक्षित बन्नु परेको छ । बुढेसकालमा खानपिन र स्वास्थ्यमा अझ राम्रो हेरविचार गरिनु पर्नेमा उनलाई घरका कुनै सदस्यले वास्ता गरेका छैनन् । उनलाई एउटा लाटोले दिएको खानेकुरा पनि खान नदिई बुहारीहरुले जथाभावी गाली गर्दै लछारपछार गरेका छन् । यसप्रकार यी कार्यहरुबाट आजका मान्छेभित्र रहेको जडताको पुष्टि हुन्छ ।

**५) रुपविन्यास**

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको 'कुकुर' यथार्थबादी शैलीमा लेखिएको सामाजिक कथा भएको हुनाले यसमा संवृत्त रुपविन्यासको प्रयोग भएको पाइन्छ । यस कथामा कथाकारले बोलचालको वा चलनचल्तीको सामान्य भाषाको प्रयोग गरेका छन् । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई आलङ्कारिक बनाउने काम यस कथामा कहीँ पनि भएको छैन । कथ्यभाषाको प्रयोग गर्ने क्रममा कथाकारद्वारा बुढिया, झुपडी, मऱ्यो, थलिया, मुर्दा, मोरो, जातिभ्रष्ट, बटुका, जस्ता शब्दहरुलाई सन्दर्भ मिलाएर राखिएको छ । कथामा भाषिक स्वभाविकता ल्याउन हुँक्कहुँक्क, बाँयबायँ, क्वाँक्वाँ, छयाल्लव्याल्ल, फनक्क, बाँ बाँ, भ्वाकभ्वाक, चरक्क, टुलुटुलु जस्ता अनुकरणात्मक शब्दहरुका साथै कि, त, पो, नि जस्ता निपात शब्दहरुको प्रयोग भएको पाइन्छ । टुलुटुलु, अलिअलि, छिटोछिटो, चुभुरचुभुर,

टिपीटिपी जस्ता द्वित्व शब्दहरुको पनि प्रयोग भएको पाइन्छ । वाक्यगठनका दृष्टिले सामान्यतः सरल वाक्यहरुकै प्रयोग भएको पाइएतापनि संयुक्त र मिश्र वाक्यहरु पनि सरल रुपबाट नै प्रयोग भएका छन् । ठाउँ-ठाउँमा संवादको प्रयोग भएको पाइन्छ । अनुच्छेद योजनाको उचित संयोजन यस कथामा भएको छ । समग्रमा यस कथाको रुपविन्यास रोचक एवं आकर्षक देखिन्छ ।

### ४.४.१९ रागबिद्ध

#### १) कथावस्तु

'रागबिद्ध' एक यौनमनोविज्ञानमा आधारित कथा हो । यस कथामा मुख्य पात्र महेशले आफ्नो विगतलाई स्मरण गरेको छ । त्यसैले यस कथामा पूर्वदीप्ति ढाँचा अपनाइएको छ ।

महेश बिरामी भएर अस्पताल भर्ना गरिएकी सीतालाई झ्यालबाट हेर्न खोज्दा लडेर आफू पनि अस्पतालमा भर्ना भएको छ । उसका आफन्तहरु छैनन् । त्यसैले भेट्न कोही पनि आएको छैन । उसलाई आफ्नो जन्मथलो राम्दीघाट र बाल्यकालका रोमाञ्चक घटनाहरुको याद आउँछ । महेश र सीताको प्रथम भेट मनपुवाको जङ्गलमा गाईबस्तु चराउँदा भएको हुन्छ । गाईवस्तु चराउन जाँदाको नियमित भेटघाट प्रेममा परिणत हुन्छ तर उनीहरुमध्ये कसैले पनि आफ्नो प्रेम प्रकट गर्न सक्दैनन् । महेशले आफूलाई सीता मनपरेको कुरा आमासँग भन्छ । आमाकै सहयोगबाट उसको सीतासँग विवाह हुन्छ । उसको विवाह भएको केही समय नबित्दै आमा पोइल जान्छिन् । उसको बुबाचाहिँ पाल्पामा नरप्रताप शमशेरको आठपहरिया हुन्छ र नरप्रतापकै हुकुमले एउटी डेफोडिल भन्ने दरबारकी भान्से केटीसित विवाह गरेर बस्छ । पछि बुबाले महेशलाई पनि पाल्पा बोलाउँछ । सीताचाहिं राम्दीघाटमै बस्छे । पाल्पा दरबारको वातावरणमा रुमल्लिएर उसले आफ्नी विवाहिता श्रीमतीसँग एक दिन पनि भेट्न पाउँदैन । उसको यादमा ऊ रातभरि रुन्छ । अझ मोग्लान पसेपछि त उसको र सीताको बर्षौंबर्षका लागि बिछोड हुन्छ । मोग्लानमा भौतारिदाभौंतारिदै ऊ सेनामा भर्ती हुनपुग्छ । महेशको आकर्षक व्यक्तित्व देखेर धेरै केटीहरु झुम्मिन्छन् । उसले तिनीहरुसँग जतिसुकै मोजमस्ती गरे पनि राम्दीघाटमा आफूलाई पर्खेर बसेकी श्रीमतीलाई

बिर्सन सक्दैन । यसै क्रममा दोस्रो विश्वयुद्ध सुरु हुन्छ । त्यस युद्धमा ऊसँगै काम गर्ने प्रितम भन्ने साथीको दुःखद मृत्यु हुन्छ । उसका हरेक गोजीबाट उसले श्रीमतीलाई लेखेका प्रेमपत्रहरु र फोटाहरु फेला पर्छन् । ती प्रेमपत्र र फोटाहरु देखेर महेश धेरै दिनसम्म रुन्छ र आफ्नी श्रीमतीलाई सम्झिरहन्छ । विश्वयुद्ध समाप्त भएपछि विभिन्न देशहरु घुम्दै ऊ दिल्ली फर्किएको छ । दिल्लीमा उसको चन्द्रप्रभा राई नाउँ गरेकी केटीसित माया बस्छ र छिटै उनीहरु वैवाहिक सूत्रमा बाँधिन्छन् । भारतीय सेनामा कप्तान भएर सेवाबाट अवकाश प्राप्त गरेपछि ऊ डा.के.आई. सिंहको मुक्तिसेनामा सामेल हुन नेपाल आउँछ । चन्द्रप्रभा पनि उसकै साथ हुन्छे । चन्द्रप्रभाकै रुचिअनुसार उनीहरु जनकपुरको ब्रह्मपुरीमा घर बनाएर बसोबास गर्न थाल्छन् । उसले आफ्नो सहयोगी पात्र नारायणहरिलाई बोलाएर पन्ध्र हजार रुपियाँ दिई रजौलवरिपरिको कुनै ठाउँमा जग्गा लिएर सीताका लागि बसोबासको बन्दोवस्त मिलाउन भन्छ । एकदिन नारायणहरिको सहयोगमा महेश र उसकी विवाहिता पत्नी सीताको भेट हुन्छ । उनीहरु कुद्दै गएर एकअर्कालाई अङ्कमाल गर्छन् र धेरै बेरसम्म रोइरहन्छन् । त्यसैबेला सीताका दुई छोरा लव र कुश जाँडले मात्तिएर आइपुग्छन् । उनीहरु महेशलाई जथाभावी गाली गर्न थाल्छन् । ऊ परिस्थिति गम्भीर देखेर त्यहाँबाट सुटुक्क निस्कन्छ । लव र कुशले बाबुबाट अंश प्राप्त गर्नका लागि मुद्दा हाल्छन् । तर चन्द्रप्रभा सर्वोच्च अदालतका आफ्ना भिनाजुको सहयोगले उनीहरुले आर्जन गरेको सम्पूर्ण सम्पत्ति माइतबाट पाएको पेवा भनेर साबित गराउन सफल हुन्छे । त्यसपछि चन्द्रप्रभा उसलाई छाडी आफ्नो सम्पत्ति र छोरीहरु लिई काठमाडौं बस्न थाल्छे । महेश एक्लो हुन्छ र त्यो एक्लोपन उसका लागि अत्यासलाग्दो बन्छ । एक दिन नारायणहरिले उसलाई दुःखान्तक कथा सुनाउँछ । सीतालाई उसका जड्याहा छोराहरुले घरको दोस्रो तल्लाबाट खसालिदिएको र टाउकामा चोट लागेर अस्पताल भर्ना भएको समाचारले महेश अत्यन्तै दुःखी बन्छ । ऊ आफूलाई थाम्न नसकी आधीरातमै अस्पताल पुग्छ र झ्यालबाट चियाउँदै सीतालाई हेर्न खोज्दा लडेर घाइते बन्छ । अन्त्यमा महेशले सीता अस्पतालबाट फर्किएपछि आफ्नो बाँकी जीवन उसैसित बिताउने निर्णय गरेको छ र कथा टुङ्गिएको छ ।

## २) पात्र

'रागबिद्ध' कथामा सीता, डा. महेश शर्मा, चिण्डे, म पात्र, आमा, बुबा, नरप्रतापशमशेर, सुसारेहरु, डेफोडिल, राइटर बाजे, राघवशमशेर, रफिक, रणवीर, नारायणहरि, प्रितम, चन्द्रप्रभा, लव, कुश आदि पात्रहरुको उपस्थिति छ । यस कथाको सुरुदेखि अन्त्यसम्म रहेको महेश नै मुख्य पात्र हो । त्यस्तै उसको क्रियाकलापलाई उत्कर्षमा पुऱ्याउन सघाउने सीता र नारायणहरी सहायक पात्र हुन् । म पात्र, चिन्डे, आमा, बुबा, नरप्रतापशमशेर, सुसारेहरु, डेफोडिल, राइटर बाजे, राघवशमशेर, रफिक, रणवीर, प्रितम, चन्द्रप्रभा, लव, कुश आदि पात्रहरुको सामान्य उपस्थिति मात्र भएकाले तिनीहरु गौण पात्र हुन् । स्वभावका आधारमा महेश प्रतिकुल पात्र हो किनभने उसले आफ्नी विवाहित श्रीमती हुँदाहुँदै अरु केटीहरुसित अवैध यौन सम्बन्ध राखेको छ । सीता र नारायणहरि अनुकूल पात्र हुन् किनभने उनीहरुमा कुनै प्रकारको दोष पाइँदैन । प्रवृतिका आधारमा महेश गतिशील पात्र हो भने सीता र नारायणहरी स्थिर पात्र हुन् । आबद्धताका आधारमा महेश, सीता र नारायणहरि बद्ध पात्र हुन् भने अरु सबै मुक्त पात्र हुन् ।

## ३) दृष्टिविन्दु

राजेन्द्रप्रसाद विमलले 'रागबिद्ध' कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरेका छन् । यस कथामा म पात्रद्वारा केन्द्रीय पात्र महेशको जीवनका उतारचढाउ र मानसिक अवस्थाको उद्घाटन गरिएको हुनाले यहाँ आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । जन्मथलो र बाल्यकालको स्मरण, सीतासँगको प्रेम र विवाह, सीतासँगको लामो बिछोड, आमा पोइल जानु र बुबाले पनि अर्को बिहे गर्नु, जागिरको खोजीमा मोग्लान पस्नु र त्यहाँ अनेक प्रकारका सङ्घर्ष गर्नु, सीताको यादले सताइरहनु आदि घटनाहरुले महेशमा उत्पन्न भएका निराशा, पश्चाताप, पीडा, जलन जस्ता भावसंवेगहरुलाई कथाकारले प्रष्ट पारेका छन् । महेशका यिनै संवेगहरुकै केन्द्रीयतामा कथाले निरन्तरता पाएको हुनाले यस कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४) सारबस्तु

प्रेम अमर हुन्छ, अस्थिर जीवनका अनन्त जटिलताहरुका माझ पनि यो जिवित रहन्छ भन्ने कुरालाई देखाउनु नै यस कथाको मुख्य सारबस्तु हो ।

प्रस्तुत कथामा महेश सीतासँग सुरुमा प्रेम र पछि विवाह गरेको छ । परिस्थितिवश उनीहरुले दाम्पत्य जीवनको सुखभोग गर्न पाएका छैनन् । महेश धेरै बर्षसम्म सीतासँग बिछोडिएर बसेको छ । उसका जीवनमा थुप्रै उतारचढावहरु आउँछन् तर ऊ भित्र सीताप्रतिको प्रेममा कुनै कमी आएको छैन । जीवनको हरेक क्षणमा उसलाई सीताको यादले सताएको छ । कथाको अन्त्यमा उनीहरुको सुखद मिलन भएको छ । यसरी प्रेमको अमरतालाई देखाउनु नै प्रस्तुत कथाको मुख्य उद्देश्य देखिन्छ ।

### ५) रुपविन्यास

राजेन्द्रप्रसाद विमलद्वारा लेखिएको रागविद्ध एक मनोबैज्ञानिक कथा हो । यस कथामा संवृत्त रुपविन्यासको प्रयोग गरिएको छ । यस कथाको रुपविन्यासलाई केलाउँदा निम्न विशेषताहरु प्राप्त गर्न सकिन्छ ।

गाउँघरमा प्रचलित कथ्य भाषाको प्रयोग गर्ने क्रममा खुर्पा, राँको, भीर, बोक्सी, गोठ, सोत्तर, कटेरो, चौतारो, पोइ जस्ता शब्दहरुलाई सन्दर्भ मिलाएर राखिएको छ ।

हुरहुरी, टुक्रुक्क, टुप्लुक्क, खिस्रिक्क, खुसखुस, भुतुक्क, धुरुधुरु जस्ता अनुकरणात्मक शब्दहरुका साथै नि, पो, त, क्यार जस्ता निपातहरु प्रयोग भएका छन् । यसले भाषामा स्वभाविकता ल्याएको छ ।

ठाउँ ठाउँमा रातिराति, टुक्राटुक्रा, मरीमरी, मिचीमिची, बाबुआमा जस्ता द्वित्व शब्दहरु पनि प्रयोग भएका छन् ।

वाक्यगठनका दृष्टिले सरल वाक्यहरुकै आधिक्य छ । कतैकतै मिश्र र संयुक्त वाक्य पनि सरल रुपमा नै प्रयोग भएका छन् । यसका साथै अनुच्छेदयोजना पनि सफल रहेको छ ।

# पाचौ परिच्छेद

## उपसंहार र निष्कर्ष

राजेन्द्र विमलको जन्म वि. सं २००१ चैत्र १३ मा धनुषा जिल्लाको डेवडिहा गाउँ विकास समितिमा भएको हो । यीनका पीताका नाउँ कुशेश्वरलाभ कर्ण तथा आमको नाउँ शुशिला देवी हो । जेठा सन्तान भएकाले विमलले परिवारको गहिरो स्नेह पाएकाले वाल्यकाल तथा किशोरा अवस्था सामान्य रुपमा नै वितेको देखिन्छ । गाउँवाट जनकपुर बसाई सरेपछि वि सं. २०१२ साल देखि सरस्वतस माध्यमि विद्यालयवाट उनको औपचारिक अध्ययन प्रारम्भ भएको हो । आफ्नै मामावाट धेरै पढेर अशल मान्छे बन्ने प्रेरणा पाएका विमलले सरस्वति माविवाट २०१९ प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । रामस्वरुप रामसागर बहुमुखि क्याम्पसवाट प्रविणता प्रमाणपत्र तह तथा स्नातक तह उत्तीर्ण गरेका थिए । त्रिभूवन विश्वविद्यालयवाट हिन्दी तथा नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । उनले मैथिलीविषयमा दरभंगावाट मानार्थ विद्यावारिधिका उपाधि पाएका छन् । यसै गरि हिन्दु विश्व विद्यालय बनारसवाट भाषाशास्त्रमा विद्यावारिधि उत्तीर्ण गरेका छन् । वि सं. २०३१ साल देखि २०६६ प्राध्यापन पेशामा संलग्न रहेर काम गरेका छन् । उनको प्राध्यापन पेशा अवधि निक्कै सफल मानिन्छ ।

जागीरे जीवन संगै साहित्यको साधनामा निरन्तर रुपमा नै कलम चलाएका छन् । उनले आख्यान, गीत, गजल, कविता, निबन्ध, अनुवाद जस्ता विधामा कलम चलाएका छन् । साहित्यका अतिरिक्त खोज तथा अनुसन्धानमा पनि विमल रिन्तर लागेका देखिन्छ । प्राध्यापन, साहित्य, समाजसेवा, संस्कृतिक उन्नयनजस्ता क्षेत्रमा क्रियाशील भएका कारणले अनेकन राष्ट्रिय तथा स्थानीय स्तरको पुरस्कारहरुवाट पनि सम्मानित भैसकेका छन् । उनले राष्ट्रिय प्रतिभा पुरस्कार २०५२, गोपाल प्रसाद रिमाल पुरस्कार २०६१, जगदम्बा श्री पुरस्कार, कला श्री पुरस्कार, विद्यापति पुरस्कार पाईसकेका छन् ।

राजेन्द्रप्रसाद विमल सार्वजनिक साहित्य यात्रा (२०१५) वाट थालिएको हो । उनले पाँच दशक लामो साहित्यिक यात्रा गरि सकेका छन् । साहित्य लेखनको क्रममा आख्यान, गीत,

गजल, कविता, निवन्ध, अनुवाद, नाटक, काव्य, महाकाव्य, अनुवाद तथा समालोचनाको क्षेत्रकम पनि कलम चलाएपनि उनको मूल विधा नै आख्यन रहेको छ । नेपाली र मैथिलीमा गरि आधा दर्जन कथा संग्रह प्रकाशित भैसकेका छन् । नेपाली भाषामा उनका आधा दर्जनको संख्यामा उपन्यास प्रकाहित भएको र केही प्रकाशनको क्रममा रहेको छ । यसका साथै उनका फूटकर लेख रचनाहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित रहेका छन् । आफ्नो साहित्यिक यात्रा कथा विधावाट शुरु गरेका विमलले कथाको क्षेत्रमा दिएको योगदान निक्कै महत्वपूर्ण रहेको छ । उनले आफ्ना कथाहरुमा आफूले भोगेको तथा समाजमा देखेको विकृति, विसंगति तथा यथार्थ कुराहरुलाई आधार बनाएका छन् । विमलले सामाजिक यथार्थलाई नै प्रमुख विषय बनाउने गरेका छन् ।

कथा लेख्ने क्रममा विमलले सामाजिक विकृति विसंगतिका साथै समाज तथा राष्ट्रले भोगेका विसंगति लगायतको समस्याहरुलाई कथामार्फत चित्रण गर्ने गरेका छन् । उनको कथामा आर्थिक विपन्नताका कारणले नेपालीहरु विदेशिनु पर्ने बाध्यता, चेलीबेटी बेचविखन,राजनीतिक विकृति, धार्किकदुराचार, अन्याय अत्याचार, शोषण सहितको यथार्थ कुरा चित्रण भएको पाईन्छ । कथामा प्रयुक्त कथावस्तु कल्पनार आदर्शमा आधारित नभएर यथार्थमा आधारित भएकाले विश्वसनीय र स्वभाविक छन् । राजेन्द्र विमलको कथामा पाईने विशेषतामा यौनको प्रयोग पनि रहेको छ । उनका कथामा यौनको चित्रण भए पनि उनी फ्रायडवादी कथाकार होईन । यौनको विश्लेषण गर्ने उनको आफ्नै क्षमता रहेको छ । उनका यौनप्रधान कथामा प्रायः कामुक, चरित्रहिन, पुरुषहरु नै प्रमुख पात्र बनाएका छन् । माओवादी नयाँ नेपाली कोकशात्र, संस्कार, भूत, आधा जलेको तस्विर आदि कथाहरुका दिगविजयबहादुर, अमित, दुर्गमसिंह, भीमसिंह, बाबा आदी उक्त प्रबृत्तिका पात्र हुन् । संस्कार कथामा वैवाहिक जीवनमा नारीहरुले चरित्रहिन पुरुषवाट भोग्नु परेका दुःख र पिडाहरुलाई पनि यथार्थ रुपमा प्रस्तुत गरिएको छ ।

राजेन्द्रप्रसाद विमल कथावस्तु र परिवेशअनुसार पात्र चयन गर्न सक्ने कथाकार हुन् । कथामा समाजका उच्च वर्ग र निम्न वर्गको बीचमा भएको सन्तुलन देखाउनका लागि ती

वर्गकै पात्रको चयन गरेका छन् । उनका कथाहरुमा नारी पात्र पुरुषवाट शोष्ति देखिन्छ । पूरष प्रधान नेपाली समाजको यथार्थ र वास्तविक स्थितिको रुपमा यस पक्षको चित्रण गरेका हुन् । विमलका उच्च पात्रहरु विलासी जीवन विताएका छन् भने निम्न वर्गका पात्रहरु कष्टपूर्ण पात्रको रुपमा जीवन व्यतित गरेका देखिन्छ । विमलका पाहरुमा वाह्य द्वन्द्व शसक्त भए पनि आन्तरिक द्वन्द्व कमजोर देखिन्छ । वाह्य द्वन्द्वका कारणले उनका कथामा वर्गगत शोषण, आर्थिक अभाव, युद्ध, हत्या, र अशान्ति रहेको देखिन्छ । उनका कथा कालिदास, माओवादी, एउटा बल्दो भविष्य, भूत, विरालो र विश्वपयुद्ध आदि कथामा अन्यायमा थिचिएका पात्रहरु पात्रहरु अन्याय विरुद्ध संघर्ष गर्न तम्सन्छन् र विजय हासिल गर्न सदैनन् । अन्यथा अधिकांश कथाका पात्रहरु शिथिल देखिन्छ । समाजका तल्लो वर्गका पात्रको दिनचर्या प्रति उनको सहानुभूति छ । तर तल्ला वर्गको पात्रको विजय र माथिल्ला वर्गको पात्रको पराजय कही पनि देखाएका छैनन् । उनका कथामा ग्रामिण र शहरीया दुवै परिवेशका पाहरु रहेका छन् । ग्रामिण परिवेशका पात्रहरु सोझा, अनपढ, र सरल छन् भने शहरीया परिवेशका पात्रहरु धुर्त र आदम्बरी देखिन्छन् । विमलले विविध पाहरु उभ्याउने क्रममा आदर्श पात्रहरु पनि उभ्याएका छन् । आदर्श पात्रको प्रस्तुति समाज तथा परिस्थिति अनुकूल भएको पाईन्छ । उनका कथाहरुमा सवै उमेर समूहका पुरुष तथा महिला पात्रहरु रहेका छन् । कथामा भएका पात्रहरु समय सापेक्ष र मानवीय नै छन् । केही कथा कुकुर र विरालो जस्ता मानवेत्तर पात्रको पनि प्रयोग भएको पाईन्छ ।

राजेन्द्र विमलका कथामा प्रयुक्त अधिकांश पात्रहरु बाह्य दृष्टिकन्द्रीत छन् र केही पात्रहरु मात्र आन्तरिक दृष्टिकेन्द्रीत रहेका छन् । विमलका कथाहरुमा वार्तालापको आधिक्य पाईन्छ । उनी पात्रहरुको स्तर र परिवेशअनुसार वार्तालाप गराउँछन् । कथामा प्रयुक्त संवादले पात्रहरुको चरित्रको संकेत गरेको देखिन्छ । उनका कथामा प्रयुक्त संक्षिप्त र सरल संवादले कथालाई गतिशीलता, क्रियाशीलताका साथै विषयलाई संबेदनशील तुल्याएका छन् ।

राजेन्द्र विमल मूलतः नेपाली परिवेश मै कथा लेख्ने कथाकार हुन् । उनको केही कथामा विदेशी परिवेशको पनि प्रयोग भएको पाईन्छ । उनी कथाको कथावस्तु र चरित्र अनुकूल परिवेश उपस्थित गराउन सफल रहेकाले उनका कथाहरु स्वभाविक लाग्दछ ।

विमलका कथाको भाषा सरल, सहज र बोधगम्य रहेको छ । उनका कथाहरु सरल, यथार्थ र वर्णनप्रधान छन् । भाषाशैलीको चमत्कार देखाएर अभिव्यतिलाई आलंकारिक बनाउने काम उनका कथामा कही पनि भएको छैन । प्रतिकात्म र विम्बात्मक भाषशैली प्रयोग गर्ने काम पनि उनका कथामा कही प्रयोग भएको पाईदैन । परिवेश तथा पात्रको स्तर अनुसार नै भाषको प्रयोग भएको पाईन्छ । उनको कथामा हिन्दी, मैथिली, उर्दु, अग्रेजी आन्तुक शब्दको प्रयोग तथा संवादलाई विषेश महत्व दिएको पाईन्छ ।

नेपाली साहित्यका फाटमा २०१५ साल देखि औपचारिक रुपमा प्रवेश गरेका राजेन्द्रप्रसाद विमल समसामयिक युगका कथाकार हुन् । विभिन्न मोड र प्रबृत्तिका साथ अगाडी बढिरहेका कथा विधालाई थप उर्जा प्रदान गर्न उनले दिएको योगदान महत्वपूर्ण देखिन्छ । उनी सामाजिक तथा यौनजन्य विषयलाई प्रायः वर्गीय, ग्रामिण, र शहरीया पात्रहरुको माध्यमवाट रिस, राग, ईर्श्या, अन्याय, शोषण, कामशक्ति राजनीतिक विकृति, धार्मिक दुराचार, आर्थिक विपन्नता, चेलीबेटी बेचविखन जस्ता यथार्थलाई प्रस्तुति गर्ने कथाकार हुन् । मूलतः स्वदेशी र अंशतः विदेशी परिवेश र प्रायः दुःख, पिडा, निराशा, पश्चातापको वातावरणमा वाह्य र आन्तरिक दृष्टिविन्दुको प्रयोग गरि लेखिएका विमलका कथाहरुको भाषा सरल, सहज, सरल र स्वाभाविक छ । सामाजिक विकृति विसंगतिलाई यथार्थ रुपमा प्रस्तुत गर्ने विमल मूलतः सामाजिक यथार्थवादी र अंशतः यौनवादी कथाकार हुन् । उनका केही कथामा स्वैरकल्पनाको पनि प्रयोग पाईन्छ ।

राजेन्द्रप्रसनद विमलको योगदान नेपाली साहित्यको कविता, निबन्ध, उपन्यास, काव्य, खण्डकाव्य, नाटक आदी क्षेत्रमा पनि देखिन्छ । विभिन्न पत्रपत्रिकाहरुमा छरिएर रहेका उनका निबन्ध, कविता आदी रचनाहरु विमलले आफ्नो साहित्यिक यात्राको पूर्वाध तथा

उत्तरार्द्ध चरणमा लेखेको पाईन्छ । उनका निबन्धहरुले बौद्धिक र चिन्तनशील विषयवस्तु ग्रहण गरेका छन् । मूलतः राष्ट्रिय परिवेशलाई समेट्दै लेखिएका उनका निबन्धहरु जीवन भोगाईको प्रस्तुति गर्न सक्क्षम देखिन्छ । उनका अन्य रचनाहरु पनि कथा र निबन्धमा प्रस्तुत भएको दृष्टिकोणको प्रभाव पाईन्छ ।

विमलले खोज तथा अनुसन्धानका क्षेत्रमा दिएको योगदान पनि उल्लेखनीय रहेको छ । उनको मिथिला क्षेत्रको लेकसंस्कृतिका बारेमा लेखिएको केही अनुसन्धानात्मक कृति प्रकाशित छ । प्रस्तुत कृतिमा उनले प्राचीन मिथिलाको ईतिहास र समृद्ध कला-संस्कृतिको गहिरो अध्यन गरि त्यसलाई वस्तुगत रुपमा पाठकसमक्ष प्रस्तुत गरेका छन् । उनको यस कार्यले मिथिको ईतिहास तथा संस्कृति र कलापरम्पराका बारेमा जान्न चाहने पाठकहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । अन्य पुस्तकले पनि यस्तै छाप छोड्मा सफल भएका छन् ।

### ५.१ सम्भाव्य शोधशीर्षकहरु

राजेन्द्रप्रसनद विमलका बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थीहरुले निम्नलिखित शीर्षकहरुमा शोधकार्य गर्न सक्ने छन् :

१. राजेन्द्र विमलको कथाकारिता ।

२. राजेन्द्र विमलका कथामा व्यंग्यचेत ।

३. राजेन्द्र विमलको उपन्यासकारिता ।

४. राजेन्द्र विमलका नाटककारिता ।

५. राजेन्द्र विमलका खण्डकाव्य

६. राजेन्द्र विमलका महाकाव्य आदी ।

## सन्दर्भग्रन्थ सूची

(क) सन्दर्भपुस्तक सूची


१. अधिकारी, हेमाङ्गराज, भट्टराईबद्री विमल (२०६१) प्रयोगात्मक नेपाली शब्दकोष, काठमाण्डौ विद्यार्थी प्रकाशान

२. खनाल यदुनाथ ( २०४९ ) समालोचनाको सिद्धान्त, पाँ. सं , कातमाण्डौ साझा प्रकाशान

३. दहाल रामप्रसाद ( २०५४ ) सिङ्गो नेपाली भाषा, साहित्य ईतिहास र साहित्यकारहरुको परिचय, काठमाण्डौ विद्यार्थी पुस्तक

४. प्रधान, कृष्णचन्द्र (सम्पा) (२०५२) साझा समालोचना, चौ. स. काठमाण्डौ साझा प्रकाशान

५. बराल ऋषिराज र घिमिरे कृष्णप्रसाद ( २०६१ ) नेपाली कथा भाग ३, ते.स. काठमाण्डौ साझा प्रकाशन,

६. भट्टराई, घटराज (२०५१) नेपाली साहित्यकार कोश, नेपाल रिसर्च एशोसियट ।

७. लुईटेल, खगेन्द्रप्रसाद (२०५३), शोधविधि दो. सं. काठमाण्डौः साझा प्रकाशन ।

८. विमल, राजेन्द्रप्रसाद ( २०२५) रोएको जून, जनकपुर अम्बिका प्रेस ।

९. विमल (२०२५ खहरेको तीर्खा, जनकपुर अम्बिका प्रेस ।

१०. विमल ( २०३६ ) वौआक पोथी, जनकपुर जानकी पुस्तक भण्डार,

११. विमल ( २०६० ) फिस्टी रानी, काठमाण्डौ, हिमाल बुक्स ।

१२. विमल ( २०६१ ) ई हमरे कथा थिक, जनकपुर, आकृति ।

१३. विमल ( २०६२ ) राजेन्द्र विमलका उन्नाईस कताहरु, काठमाण्डौ बगर फाउण्डेशन ।

१४ विमल ( २०६२ ) मिथिलाको ईतिहास, संस्कृति, र कला परम्परा, काठमाण्डौ हिमाल बुक्स ।

१५. विमल - मिथिला गौरव नेपाल संस्कृ विश्वविद्यालय

१६. विमल -जलाद जलाधार क्षेत्रको ईतिहास केयर नेपाल ।

**(ख) शोधपत्रसूची**

१. खतिवडा विश्वराज ( २०४९ ) मोहनराज शर्माको कथाकारिता - नेपाली केन्द्रीय विभाग कीर्तिपुर

२. घिमिरे, तीर्थराज ( २०४९ ) दैवराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि वि वि कीर्तिपुर

३. पोखरेल, कृष्णप्रसाद ( २०४९ ) मनु ब्रजाकी जीवनी। व्यक्तित्व र कृतित्व, नेपाली केन्द्रीय विभाग कीर्तिपुर

**(ग) सन्दर्भपत्रिकासूची**

१. मधुपर्क गोरखापत्र संस्थान

२. बगर, फाउयडेशन नेपाल ( वर्ष २३, पूर्णाक ७३, २०६२, भदौ ) ।

३. मधुपर्क, गोखापत्र संस्थान, काठमाण्डौ ( वर्ष ४५, अंक १, २०७० जेठ ) ।